लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

Naya Bimarsha Weekly

वर्ष १४, अंक ३०, २०७७ फागुन १४ गते शुक्रबार (Feb. 26, 2021) मूल्य रु. १०।- मू.अ.क.नं.३०४९७३८१५ website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

## दाङमा कांग्रेस प्रवेशी बढे

दाङ/ दाङको एउटै वडाबाट दुई सय बढी मानिस नेपाली कांग्रेसमा प्रवेश राप्ती गाउँपालिकाको वडा नं. ९ रुपाकोटमा दुई सय १० जनाले



गर्दा सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी सो वडामा रित्तो अवस्थामा पुगेको छ । नेकपालाई 'बाइबाइ' गर्दै अबको दिन

(बाँकी अन्तिम पृष्ठमा)

# अब के होला ?

## ☐ ओलीको आफ्नै दाऊ ☐ कांग्रेसको काँधमा जिम्मेवारी

**कौशल कुमार भट्टराई**

भक्तपुर/ प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले गरेको संसद विघटनलाई सर्वोच्च अदालतले असंवैधानिक भनी प्रतिनिधिसभालाई पुनर्स्थापित गरिदिएपछि नेपालमा नयाँ अनौपचारिक रुपमा एकै स्थानमा बस्नै नसक्ने अवस्था रहेका कारण पनि सर्वत्र चासो जागेको हो ।

अदालतको संवैधानिक इजालासले अबको १३ दिनभित्र प्रतिनिधिसभा बैठक बोलाउनू भनी मंगलबार अर्थात फागुन ११ गते आदेश दिइसकेको छ । यो समूहले ओलीको नेतृत्वलाई कुनै पनि हालतमा नस्वीकार्ने भन्दै आएको यो स्थितिमा नयाँ सरकार गठनको कुराले बढी महत्व पाएको छ । त्यसैले पनि आगामी दिनमा कुन कुन दलले कसरी सरकार बनाउलान् भन्ने विषयको अंकगणितलाई अहिले चासोका साथ हेर्न



राजनीतिक घटनाक्रम शुरु भएको छ । सर्वत्र अब के होला र कसरी समाधानमा पुग्ला भन्ने कुरामा चासो जाग्न थालेको छ । खासगरी सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टीमा औपचारिक रुपमा विभाजन आउन नपाएको तर अवस्थामा प्रतिनिधिसभाको बैठक बस्ने तथा त्यससँगै नयाँ सरकार गठन हुने अवस्था आउने भनी सर्वत्र चर्चा चल्न थालेको छ । खासगरी ओलीको त्यो कदमलाई प्रतिगामी कदमको रुपमा व्याख्या गर्दै आएका ओलीइतरको थालिएको छ ।

सत्तारुढ दल विभाजित अवस्थामा रहेको तथा अहिले नै उनीहरु एकीकृत भैहाल्ने अवस्था नदेखिएको स्थितिमा सत्तारुढ दल विभाजित बनेर नयाँ सरकारको मार्ग खोल्ने अवस्थालाई समाचार स्रोतले बढी महत्व दिएको छ । ओली समूहले पनि एकतालाई भन्दा पनि आफ्नो छुट्टै अस्तित्वलाई स्थापित गर्ने प्रयास जारी राख्ने हालको स्थितिमा नेकपाका नेताहरु एउटै कित्तामा आउने संभावना हालसम्म एकदमै झिनो अवस्थामा रहेको कुरालाई विश्लेषण गर्दै अधिवक्ता दिलबहादुर खत्री भन्छन्, 'प्रतिनिधिसभा विघटन हुनुपूर्वदेखि नै नेकपाका नेताहरुको अभिव्यक्ति हेर्दा एउटै दलका हुन् भन्ने स्थिति नै नरहेको थियो भने प्रतिनिधिसभा विघटनपछि भने त उनीहरु एकअर्काका विरुद्ध यसरी प्रस्तुत भए कि त्यसले उनीहरु एउटै कित्तामा आउने अवस्थै छैन । उनीहरुमा नैतिकता रत्तिभर पनि छ भने उनीहरुले यो बेला अन्य दलहरुको नेतृत्व स्वीकारी आफूहरु सरकारका सहयोगी बनी बस्नु वेश हुने देखिन्छ ।'

प्रधानमन्त्री ओलीले अहिले राजीनामा देलान् वा उनले विश्वासको मत लिने प्रयास गर्लान् वा उनलाई

(बाँकी अन्तिम पृष्ठमा)

## जसपामा होडबाजी शुरु

ललितपुर/ तत्कालीन राष्ट्रिय जनता पार्टी नेपाल र समाजवादी पार्टीका बीच करिब एक वर्ष अगाडि एकीकरण भई गठन भएको जनता समाजवादी ठाकुर र तात्कालीन समाजवादका अध्यक्ष उपेन्द्र यादवका बीचमा होडबाजी भैरहेको तथा त्यसका लागि अन्य नेता कार्यकर्ताहरु क्रियाशील रहेको




पार्टीलाई आफ्नो कब्जामा कसरी पार्ने भनी दुवै पक्षका नेताहरुका बीचमा होडबाजी शुरु भएको छ ।

तात्कालीन राजपाका अध्यक्ष महन्थ बताइएको छ ।

तात्कालीन राजपाका अध्यक्ष मण्डलका सदस्य महेन्द्रप्रसाद यादवले

(बाँकी अन्तिम पृष्ठमा)

## वामदेवलाई चीनले खटाएको आरोप

भक्तपुर/ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई विभाजनबाट रोक्न सक्रिय रहँदै आएको चीनले प्रतिनिधिसभा भेटेर नयाँ सरकारबारे छलफल गर्दै नेपाली कांग्रेससँग मिलेर सरकार नबनाउन दाहाललाई दबाब दिएको



पुनर्स्थापित भएसँगै तटस्थ बसेका वामदेव गौतमलाई खटाएको चर्चा चल्न थालेको छ । सोही क्रममा गौतमले बिहीबार बिहान पुष्पकमल दाहाललाई समाचार स्रोतले बताएको छ ।

गौतमले ओलीलाई अपमान महसुस नहुने गरी प्रधानमन्त्रीबाट विदा गर्न

(बाँकी अन्तिम पृष्ठमा)

## कांग्रेस महाधिवेशनमा हिन्दू राष्ट्रको कुरा

कास्की/ नेपाली कांग्रेसको आसन्न १४औं महाधिवेशनमा हिन्दूराष्ट्र पुन:स्थापनाको कुरा प्रस्तावकै रुपमा उठ्ने बताइएको छ । पोखरामा आयोजित एक कार्यक्रममा कांग्रेसका नेताहरुले यस विषयलाई प्रमुखतामात्र दिएनन् कि यो प्रस्ताव पारित हुने कुरा पनि नेताहरुले बताएका छन् ।

पोखरामा आयोजित 'हिन्दूराष्ट्र पुन:स्थापनामा नेपाली कांग्रेसको भूमिका' विषयक अन्तरक्रियामा नेताहरुले देशलाई जोगाउन र कांग्रेसले आफूलाई राष्ट्रवादी दल हो भन्ने सिद्ध गर्नका लागि कांग्रेसले आफूलाई स्पष्ट रुपमा उभ्याउनुपर्ने बताएका छन् । उनीहरुले कांग्रेस स्पष्ट रुपमा हिन्दूराष्ट्रको पुन:स्थापनाको पक्षमा उभिनुपर्नेमा जोड दिएका छन् ।

कांग्रेसका केन्द्रीय सदस्य शंकर



भण्डारीले कांग्रेसले सनातन धर्म, संस्कारलाई बेवास्ता गर्न नमिल्ने तथा जनताको मागलाई बुझेर कांग्रेसले हिन्दूराष्ट्रको विपक्षमा आफूलाई उभ्याउनुपर्ने आजको आवश्यकता रहेको बताए ।

यसैगरी सोही कार्यक्रममा अर्का नेता देवेन्द्रराज कंडेलले सनातन हिन्दूराष्ट्रलाई रातारात अपहरण गरिएको आरोप लगाए । धर्म, संस्कार र संस्कृति जोगाउने हो भने राष्ट्रमा कुनै संकट नआउने धारणा उनले राखेका थिए । जनभावना कदर गर्नु कांग्रेसको आवश्यकता रहेको स्पष्ट पार्दै कडेलले

(बाँकी अन्तिम पृष्ठमा)

## बारले गऱ्यो स्वागत

काठमाडौं/ सर्वोच्च अदालत बार एशोसियसनले प्रतिनिधिसभा पुनर्स्थापना गर्ने सर्वोच्च अदालतको फैसलाको स्वागत गरेको छ । यो फैसलाले न्यायालयको संवैधानिक सर्वोच्चतालाई स्थापित गरेको भनी बारले विज्ञप्ती जारी गरेको छ ।

बारले विज्ञप्तिमा यो आदेशले मुलुकको वर्तमान संवैधानिक संकटलाई समयमै निकास दिएको उल्लेख छ । विज्ञप्तिमा, 'संसद् पुनर्स्थापना गर्ने सर्वोच्च अदालतको आदेशले विधिको शासन, संविधानवाद र संवैधानिक सर्वोच्चता कायम गर्दै न्यायलय सक्षम, स्वतन्त्र, निर्भिक र निष्पक्ष रहेको तथ्य स्थापित भएको छ ।' भनिएको छ । सो बारले पनि यस मुद्दामा अदालतको सहयोगीको रुपमा 'एमिकस क्युरी' पठाएको थियो ।

## दाहाल-नेपाल समूहका सांसदलाई निर्देशन

भक्तपुर/ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को दाहाल-नेपाल समूहले आफ्ना सांसदहरुलाई निर्देशन दिएको छ । काठमाडौं उपत्यका बाहिर रहेका सांसदहरुदलाई तत्काले काठमाडौं आउन तथा काठमाडौं उपत्यकामा रहेका सांसदहरुदलाई जानकारी बिना उपत्यका बाहिर नजान निर्देशन दिएको हो ।

नेकपाको संसदीय दलको कार्यालयमा बसेको संसदीय दलको बैठकमा २४ गते भित्र प्रतिनिधिसभाको बैठक बस्नुपर्ने भएकाले लामो कार्यक्रम बनाएर बाहिर नजान तथा जानै परे जानकारी गराएर मात्र जान निर्देशन दिएको उक्त समूहले जनाएको छ ।

यसरी बसेको बैठकमा प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले राजीनामा दिनुपर्ने र अन्य दलहरुसंग सहकार्य गरेर जाने विषयमा छलफल भएको थियो । बैठकले प्रतिनिधिसभा विघटनको विरुद्धमा आन्दोलनका क्रममा साथ दिने सबै पक्षलाई र सर्वोच्च अदालतले गरेको फैसला प्रति धन्यवाद ज्ञापन गरेको प्रमुख सचेतक देवप्रसाद गुरुङले जानकारी गराएका छन् ।

## जलहरी नराख्न अन्तरिम आदेश

काठमाडौं/ पशुपतिनाथ मन्दिरमा जलहरी राख्ने कार्य राष्ट्रपति विद्यादेवी भण्डारीले गरेर फर्किंदाको अवस्थामा सर्वोच्च अदालतले त्यसरी नराख्न सरकारका नाममा अन्तरकालीन अन्तरिम आदेश जारी गरेको छ । बागमती प्रदेशसभा सांसद नरोत्तम वैद्य र अधिवक्ता नितीका ढुंगानाले दायर गरेको छुट्टाछुट्टै रिटमाथि सुनुवाई गर्दै न्यायाधीश पुरुषोत्तम भण्डारीको एकल इजलासले जलहरी लगाउने कार्य नगर्नु भनी अन्तरकालीन अन्तरिम आदेश जारी गरेपछि राखिसकिएको जलहरीको अवस्था के होला भनी प्रश्न उठ्न थालेको छ ।

यस विषयमा अन्तरिम आदेश दिने या नदिने विषयमा छलफल गर्न दुवै रिट निवेदक र सरकार दुवै पक्षलाई आगामी फागुन १७ गते छलफलमा बोलाइएको अवस्थामा उक्त मितिसम्म जलहरी राख्न नमिल्ने अवस्था कानूनत: देखिन्छ । जलहरी राख्नुको लिखित कारण सरकारसँग माग गरेको अवस्थामा त्यसलाई सरकारी पक्षले के कसरी पुष्टी गर्न सक्छ त्यसमा भर पर्ने हुन्छ । पशुपतिनाथमा रहेको चाँदीको जलहरी जीर्ण भएकोले त्यही चाँदीको जलहरीलाई सुनको आवरणले ढाकिएको हो । संस्कृतिविद्हरुले भने

(बाँकी अन्तिम पृष्ठमा)

## दैला चहार्दै दाहाल-नेपाल

भक्तपुर/ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को पुष्पकमल दाहाल र माधवकुमार नेपाल समूह अहिले अन्य दलहरुको दैलो चहार्दै हिंड्न थालेका छन् । प्रतिनिधिसभा पुनर्स्थापित भएपछि प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली र उनको समूहलाई सत्ताच्यूत गर्ने मनसाय राखेका दाहाल र नेपालले पहिलो चरणमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई भेटी नयाँ समीकरण बनाउन आग्रह गरेका छन् । सो छलफलमा देउवाले पनि आफूले आफ्नो दलमा छलफल गरेर मात्र निर्णयमा पुग्ने बताएपछि उनीहरु हिजो विहीबार जनता समाजवादी पार्टी (जसपा) सँग सत्ता साझेदारीको विषयमा छलफलमा जुटेका हुन् । जसपाका अध्यक्ष महन्थ ठाकुर, वरिष्ठ नेता राजेन्द्र महतो र नेता राजेन्द्र श्रेष्ठ छलफलमा बसेका थिए । उनीहरुले पनि छलफललाई सकारात्मक रुपमा लिंदै

(बाँकी अन्तिम पृष्ठमा)

## पूर्वसांसदको निधनले कांग्रेस मर्माहत

चितवन/ नेपाली कांग्रेसका पूर्वसांसद एकनाथ रानाभाटको निधन भएको छ । ६६ वर्षीय रानाभाटको चितवनको देवघाटमा मङ्गलवार अन्त्येष्टि गरिएको छ । उनको उपचारका क्रममा सोमबार निधन भएको थियो ।

चितवनको रत्ननगर नगरपालिका-१४ पिठुवा निवासी उनको उच्च रक्तचापका कारण मष्तिष्काघात भएको थियो । गत माघ २६ गते चितवन मेडिकल कलेज भर्ना भएका उनको सोही अस्पतालमा उपचारका क्रममा उनको निधन भएको हो । उनको निधनप्रति कांग्रेसले दु:ख मनाउ गर्दै शोक सन्देश जारी गरेको छ । उनको अन्त्येष्टिमा काँग्रेसका महामन्त्री शशांक कोइराला, पूर्वउपप्रधान एवं गृहमन्त्री कृष्णप्रसाद सिटौलालगायतका काँग्रेसका नेता तथा कार्यकर्ता त्यहाँ पुगेका थिए । यसैगरी नेपाल कम्युनिष्ट पार्टी, राप्रपालगायतका दलका जिल्लाका विभिन्न नेताहरुले पनि उनको पार्थीव शरीरमा श्रद्धाञ्जलि अर्पण गरेका थिए । रानाभाट २०५६ सालको आमनिर्वाचनमा चितवन क्षेत्र नं. २ बाट प्रतिनिधिसभामा निर्वाचित भएका थिए । वि.सं. २००९ साल कात्तिक २८ गते स्याङ्जाको भाट खोलामा उनको जन्म भएको पारिवारिक स्रोतले जानकारी दिएको छ ।

उनले काँग्रेस चितवनको सचिव,

(बाँकी अन्तिम पृष्ठमा)

## राजीनामाको हल्लामा महान्यायाधीवक्ता

काठमाडौं/ महान्यायाधिवक्ता अग्निप्रसाद खरेल राजीनामाको हल्लामा परेका छन् । उनले राजीनामा गरेको हल्ला चलेको अवस्थामा उनले पदबाट राजीनामा नदिएको प्रष्ट पारेका छन् ।

मंगलबार विहानै केही संचार माध्यमहरुमा राजीनामाको हल्ला आएको भन्दै उनले आफूले राजीनामा नदिएको र दिनुपर्ने अवस्थासमेत नरहेको भन्दै हल्लाको पछि नलाग्न भनेका हुन् । प्रधानमन्त्रीको कानूनी सल्लाहकार समेत मानिने महान्यायाधिवक्ताको पदमा आसीन भएर उनले प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले गरेको प्रतिनिधिसभा विघटनको

(बाँकी अन्तिम पृष्ठमा)

## प्रतिगमनको पराजय

सर्वोच्च अदालतले प्रतिनिधि सभा ब्युँताएर नेपालको लोकतन्त्रलाई सबल बनाएको छ । गएको पुस ५ गते प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको प्रतिनिधि सभा विघटनलाई फागुन ११ गते सर्वोच्च अदालतले असंवैधानिक ठहर गरेसँगै नेपालमा विधिको शासन थप सशक्त भएको छ र संवैधानिक सर्वोच्चताबाट अब देश अघि बढ्छ भन्नेमा सर्वोच्चले सबैलाई विश्वास दिलाएको छ । नेपालमा २०४६ सालको जनआन्दोलनबाट प्रजातन्त्र स्थापना भएपश्चात पनि बारम्बार लोकतन्त्रविरुद्ध प्रतिगमनकारी कदमहरू चालिँदै आएको थियो । कतिपय प्रतिगामी कदम सच्याउन जनता नै सडकमा आउनु परेको थियो भने धेरैपल्ट सर्वोच्च अदालतले सर्वसाधारण जनताको मौलिक हक, अधिकार र विधिको शासनलाई स्थापित गराउन सहयोग गरेको इतिहास ताजै छ ।

तत्कालीन राजा ज्ञानेन्द्र शाहले देशको सार्वभौमसत्ता नै कब्जा गरेको



**प्रसङ्गवश**

प्रतीक प्रधान

अवस्थामा समेत नेपालको सर्वोच्च अदालतले जनताको अधिकार बहालीका लागि विभिन्न ऐतिहासिक निर्णय लिएको थियो । राजाले बनाएको भक्तबहादुर कोइरालाको शाही आयोगलाई असंवैधानिक घोषणा गरेर २०६२ सालमा सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश मिनबहादुर रायमाझीले लोकतन्त्र प्राप्तिको बाटोमा एक सशक्त कदम चालेका थिए । त्यस पश्चात फेरि सर्वोच्चले एफएम रेडियो र टेलिभिजनमा समाचार प्रसारण गर्न गराउन आदेश जारी गरेर जनताको अभिव्यक्तिको स्वतन्त्रता र सूचनाको हक स्थापित गरेको थियो । वर्तमान प्रधान न्यायाधीश चोलेन्द्र शमशेर राणाका केही पुराना निर्णय विवादास्पद भएको कारणले उनले कस्तो फैसला गर्छन् भन्नेमा धेरैलाई एक प्रकारको

(बाँकी अन्तिम पृष्ठमा)

# किन दबाइयो मातृसत्तालाई ?

आधुनिक मानवको सुरूवातदेखि लामो समयसम्म मातृसत्तात्मक समाज प्रचलनमा थियो ।'प्रकृति' को उपासना गर्ने परम्परा दक्षिण एसियामा निकै प्राचीन हो । खासगरी आदिवासी समुदायमा अलि बढी थियो । द्रविडजातिमा पनि देवी उपासना प्रचलित थियो । मातृशक्ति पूजा गर्ने अवधारणा विश्वका अन्य सभ्यतामा पनि प्राचीनकालदेखि नै थियो । बेबिलोन, यूनान र रोमन सभ्यतामा देवी पूजा गरिने कुरा विद्वानहरू बताउँछन् । यो पनि रोचक तथ्य छ, जब यूनानीले रोमनलाई पराजित गरे, तब उनीहरूकी देवी, एफ्रोडाइट रोमनहरूकी देवी 'भीनस (शुक्र ग्रह)' बनिन् । भारतीय उपमहाद्वीपबारे विद्वानहरूको मान्यता छ- सिन्धुघाटीको सभ्यताका नागरिकहरू जुन मातृका वा शक्तिको उपासना गर्थे, ती मातृका वा शक्ति वैदिक सभ्यतामा काली वा देवीका आरम्भिक रूप बन्न गयो । र जुन देवताको पूजा गर्थे, ती देवता आगामी वैदिक सभ्यतामा पशुपति र रुद्र कहलाइए ।

माता वा शक्तिको यो स्वरूप प्रकृतिको स्वरूप थियो, प्रकृतिनजिक थियो । उत्खननबाट प्राप्त हडप्पन सभ्यताको एक मूर्तिमा देवीको गर्भबाट एउटा रूख उत्पन्न भएको देखाइएको छ । त्यतिबेला अरू देवीहरूको पनि पूजा गरिन्थ्यो । पितृसत्ता स्थापना हुनुअगाडि मातृसत्तात्मक समाजको संरचना कस्तो थियो, कस्ता-कस्ता सम्बन्ध स्थापित थिए भनेर यकिन गर्न निकै गाह्रो छ । किनकी त्यतिबेलाका अधिकांश सामाजिक, सांस्कृतिक आयाम लोप भइसके र लिखित रूपमा केही उपलब्ध छैन । बचेखुचेका कथा पनि पितृसत्तालाई बढावा गर्ने गरी पुराणमा भिन्नै किसिमले प्रस्तुत गरिसकिएको छ । जस्तो, लिंग-पुराणमा कालीलाई शिवकी पत्नीका रूपमा देखाइएको छ । केही मातृशक्तिबारेमा बुझ्न हामी कालीदेखि गौरीसम्मको यात्रा बुझ्ने प्रयास गरौं । देवीका चित्रलाई नियालेर र जान्ने कोसिस गरौं मातृसत्ताको उतार र पितृसत्ताको चढाव । पौराणिक कथाभन्दा पनि देवीहरूले लगाएका पोशाक, चिह्न, वाहन, हतियार, मुद्रा आदिका आधारमा ।

**काली**

काली महिला जातिको प्रतीक, शिव पुरुष जातिको । काली प्रकृतिको प्रतीक र शिव संस्कृतिको । कालीको कपाल ( चेतना, सोच, विचारको प्रतीक) सधैं खुला हुन्छ । कालीले आफ्नो कपाल बाँध्दिन थिइन् । यो संकेत हो, नारी जातिको विचार, सोच, कल्पना प्रकृतिजस्तै स्वतन्त्र छ । पुरुषले बनाउन खोजेको संस्कार, परम्परामा बाँधिनु छैन नारीलाई । कालीको हातमा रहेको पुरुषको छिनालिएको टाउकोले संकेत गर्छ, अहंकार छिनालिएको छ । शिवको शरीरका धेरै अंगमा सर्प बेरिएको हुन्छ । सर्पले इर्ष्या संकेत गर्छ । इर्ष्याले भरिएको शिवमाथि काली उभिएकी छिन्, इर्ष्यालाई जितेकी छिन् । आँखा ठूला-ठूला छन् । आँखाले बुद्धि संकेत गर्छ । अर्थात् 'बुद्धि'ले राम्रोसँग देखेकी छिन् । कालीलाई क्रोधित देखाइएको छ, यसको अर्थ साहस, उत्साह, प्रयास हो । लामो जिब्रो निकालिएको छ । जिब्रोले चाख्ने काम गर्छ (त्यसैले पाली भाषामा आँखालाई 'चक्खो' र संस्कृत भाषामा 'चक्षु' भनिन्छ) । कालीको लामो जिब्रोले चाखेर अर्थात् अनुभवद्वारा जान्ने भन्ने संकेत गर्छ ।

उनले रक्तबिजलाई हन्त गरेकी छिन् । रगतले आश्रव (चित्त दूषित गर्ने तत्व) संकेत गर्छ । आश्रवको बिज भनेको तृष्णाको हो । जब-जब तृष्णाले 'भूमि' पाउँछ, रक्तबिजको फेरि-फेरि जन्म हुन्छ । अर्थात् प्राणीको सांसारिक दुःखचक्रमा जन्म भइरहन्छ । रगतलाई भूमिमा झर्न नदिनु भनेको तृष्णालाई कर्म-संस्कार बन्न नदिनु हो । कर्म-संस्कारको अन्त भएपछि जन्म-मृत्युको चक्र र दुःखबाट मुक्त र मोक्ष-निर्वाणको साक्षात्कार हुनु हो । कालीको वाहन सिंह हो । गाई, गोरु, भैंसी, कुकर, हात्ती, घोडा आदि जनावरलाई मानिसले पाल्तु बनाउन सक्छन्, बनाएका छन् । तर सिंह पाल्तु बन्दैन । कालीको वाहन सिंहले पनि काली 'पितृसत्ताको पाल्तु' बन्दिनन् भन्ने संकेत गरेको छ । सिंहले निडरता र स्वाभिमान पनि संकेत गर्छ । कालीमा कुनै भय छैन र पूर्ण स्वाभिमान छिन् । काली कपडा लगाउँदिनन् । कपडा लगाउनुको अर्थ प्रकृतिलाई छाडेर संस्कृति अँगाल्नु हो । काली प्रकृति हुन्, पितृसत्ताद्वारा संस्कारित हुन इन्कार गर्छिन् । मोक्ष-निर्वाणका लागि उच्चतम ध्यान-साधनाको मार्ग हुन् काली । जसरी पितृसत्ताका आदर्श शिव, जिसस्, मोहम्मद, राम, अल्लाह आदि हुन्, काली मातृसत्ताको आदर्श पात्र हुन् । त्यसैले त'राक्षस' रक्तबिजलाई पराजित गर्न नसक्ने तीनै देवहरू, ब्रह्मा, विष्णु र शंकर'रक्तबिजलाई नास गरिदेऊ कालीमाता' भन्न उनको प्रार्थना गर्छन् । कालान्तरमा पितृसत्ताले 'प्रकृति (महिला)' माथि नियन्त्रण गरी'संस्कृति' स्थापना गर्ने चरम इच्छा कार्यान्वयन गर्न सुरू गर्छ । कालीलाई उग्र, असभ्य, अभद्र भन्न थाल्छ । सभ्य र भद्र बनाउन कोशिस गर्छ र निर्माण गर्छ भद्रकाली ।

**भद्रकाली**

वाहन अझै पनि सिंह नै हुन्छ । तर कालीलाई लुगा-गहना लगाइएको हुन्छ । संस्कारित गर्ने क्रम सुरू भएको छ महिलाको, कालीलाई भद्रकाली बनाइएको हुन्छ । उनको कपाल भने अझै खुलै छ । अर्थात् महिलाको चेतना, विचार र सोच स्वतन्त्र नै छ यहाँसम्म ।

**अर्धनारेश्वर**

अब पुरुषले हामी पनि महिला बराबर छौं भन्न थाल्छ । शिव र शक्तिको अर्धनारेश्वर रूप सामने ल्याउँछ अर्थात् पुरुषले महिलाको बराबरी गर्छ । यहाँसम्म आउँदा काली केही हदसम्म गोरी भइसकेकी छिन् । कपाल मिलाउने र सिँगारपटार गर्ने भइसकेका छन् महिलाहरू । पुरुषको साथ जोडी भएर बस्न थालिसकेका छन् ।

**सती**

सती देवीको समयमा आइपुग्दासम्म महिलाको रूप निकै फेरिइसकेको छ । सती शिवसँग, बुबा दक्ष प्रजापतिको इच्छाविपरीत विवाह गर्छिन् । तर पति शिवको अपमान भयो भनेर आत्महत्या गर्छिन् । सतीको वाहन वृषभ (गोरु) देखाइएको छ, गोरु पाल्तु हुन्छ । यसको अर्थ महिला पूर्ण घरेलूकरण गरिसकिएका थिए । सतीको वस्त्र र गहना पनि भद्रकालीको भन्दा निकै धेरै छन् । महिलाहरू संस्कारित भइसकेका छन् । पतिको मूल्य र महत्व पत्नीको भन्दा धेरै स्थापित भइसकेको छ । महिला पतिका लागि 'ज्यान दिन' तयार भइसकेका छन् ।

**पार्वती**

सतीले पार्वतीका रूपमा अर्को जन्म लिन्छिन् । पार्वती शिवलाई प्राप्त गर्न तपस्या नै गर्छिन् । हजारौं वर्ष तपस्या गरेपछि मात्र शिवलाई पतिका रूपमा पाउँछिन् । उनीहरूका सन्तान पनि हुन्छन् । पार्वतीको वाहन वृषभ नै हुन्छ । उनका पोशाक र गहना सतीकाभन्दा अझै विलासी भएका छन् । महिला पूर्ण गृहिणी भइसकेका छन् । पति पाउन तपस्या गर्ने र पतिको भक्तिनी बनिसकेका छन् । घरेलु र पारिवारिक, संस्कारी र पाल्तु बनाइएका छन् महिलाहरू ।

**गौरी**

पार्वतीकै परिष्कृत रूप गौरी बनाइएको छ पुराणमा । महिला कालीबाट पूर्ण गौरी भइसकेका हुन्छन् । अब वस्त्र र गहनाको वैभव (सम्पत्ती) पनि कम मात्र उपलब्ध छ महिलालाई । पुरुषको पूर्ण भक्ति गर्ने र पूर्ण दासत्व स्वीकार गरिसकेका छन् महिलाले ।

**हरिहर**

अब विष्णु र शिव मिलेका छन् । महिलाको अस्तित्व गणना हुन पनि छाडिएको छ । भस्मासुरलाई मार्न विष्णुले मोहिनी रूप धारण गर्छन् । मोहिनीमा शिव पनि मोहित हुन्छन् । समागमबाट पुत्र जन्मिन्छ, जसलाई हरिहर-पुत्र भनिन्छ । विष्णु र शिवको जुगलबन्दीको रूप हो 'हरिहर' । रक्तबिज, महिषासुर, शुम्भ-निशुम्भ जस्ता असुरलाई मार्न नसकेर कालीको आराधना गर्ने शिव, विष्णु, ब्रह्मा (अर्थात पुरुष समाज) लाई अब महिलाको आवश्यकता छैन । विष्णुले नै नारीजातिको बचेखुचेको भूमिका पनि खेलिदिएका छन् । अब हेरौं उपलब्ध वेद, उपनिषद, पुराण, सूत्र लगायत ग्रन्थबाट अनुमान लगाउन सकिने मातृसत्ताको उतार र पितृसत्ताको चडाव-

**ऋग्वैदिक-काल (ईपू ४००० देखि ३०००)**

यो समयमा परिवारको कुनै पनि आर्थिक, सामाजिक एवं धार्मिक कार्य नारी बिना सम्पन्न हुन सक्दैनथ्यो । नारी बिना पुरुष अपूर्ण मानिन्थ्यो । जबसम्म पुरुषले विवाह सम्पन्न गरेर पत्नी प्राप्त गर्दैनथ्यो तबसम्म याज्ञिक अनुष्ठान सम्पन्न गर्ने अधिकार राख्दैनथ्यो । स्त्रीलाई पुरुषको 'अर्धाङ्गिनी' भनिन्थ्यो (सायद अर्धनारेश्वरको समय) । यज्ञदेखि आश्रम व्यवस्था, शिक्षा, गृहस्थ, वानप्रस्थ र सन्यासको आधार पनि नारी नै मानिन्थ्यो । पञ्च-महायज्ञ, श्राद्ध, बलि, हविष्य आदिको आधार पनि नारी नै थिए । नारीलाई 'श्री' र 'लक्ष्मी' भनिएको छ जो घरमा सुख र समृद्धि सिर्जना गर्थे । ऋग्वेदमा नारी पुरुषभन्दा कम वा पुरुषको नियन्त्रणमा भएको कुनै उल्लेख छैन । ऋग्वेदकालमा


भिक्षु कश्यप

नारीले 'पर्दा' गर्नुपर्ने भन्ने पनि उल्लेख छैन, स्वतन्त्र बाहिर जान सक्थे । यहाँसम्म, पुरुषलाई नारीको बराबरी देखाइएको छ । यो समयसम्ममा पुरुष पनि नारीसँगै यज्ञ, सभा, समिति र गोष्ठीमा सम्मिलित हुन्थे ।

ऋग्वेदकालमा नारी स्वतन्त्रपूर्वक शिक्षा ग्रहण गर्न सक्थे । सभा-गोष्ठीमा महिला ऋग्वेदका ऋचा वाचन गर्थे । ऋग्वेदमा कतिपय विदुषी नारीले ऋचाको प्रणयन गरे भनेर उल्लेख छ । ऋग्वेदमा योगदान गर्ने करिब २० महिलाको नाम उल्लेख छः रोमाशा, अपाला, उर्वषी, विश्वधारा, सिकिता, निबाबरी, घोषा, लोपामुदा आदि । ऋग्वेदकालमा छोरासरह छोरीको पनि विध्यारम्भ गर्नु पहिला उपनयन संस्कार गरिन्थ्यो । छोरी पनि ब्रह्मचर्य पालन गर्दै वेद अध्ययन गर्थे । सध्योवधू र ब्रह्मवादिनी गरी दुई प्रकारका छात्रा हुन्थे । विवाह अघिसम्म मात्र वेद-मन्त्र पढ्ने महिला सध्योवधू भनिन्थे भने बिहे नगरी सम्पूर्ण जीवन वेद शिक्षामा लगाउनेलाई ब्रह्मवादिनी भनिन्थ्यो । ऋषि कुशध्वजकी छोरी वेदवती ब्रह्मवादिनी थिइन् । त्यस युगमा सहशिक्षा प्रचलन थियो ।

बाल्मिकी आश्रममा आत्रेयी र लव-कुशले साथ-साथ अध्ययन गरेका थिए । अनेक स्त्रीहरू शिक्षिका बनेर अध्यापन गराउँथे, उनीहरूलाई उपाध्याया भनिन्थ्यो । यस कालसम्म पनि पुरुष एक्लैले कुनै धर्म-अनुष्ठान गर्न सम्भव मानिँदैनथ्यो । त्यसैले गृहस्थ जीवनको सुरूआत विवाहपछि मात्र सुरू हुन्थ्यो । त्यसैले पत्नीलाई 'धर्मपत्नी' वा 'सहधर्मिणी' भनिन्थ्यो । ऋग्वेदकालमा सम्पत्तिको हक कहीँकहीं बराबर भने पनि छोरा नभए मात्र छोरी उत्तराधिकारी हुने कुरा सुरू भइसकेको थियो । ऋग्वेदसहित चारै वेदमा कुनै नारी साम्राज्ञी वा राष्ट्र प्रमुख भएको उल्लेख छैन । राजनैतिक अधिकार नारीले ऋग्वेद सुरू हुँदाहुँदै गुमाइसकेका थिए ।

**उत्तरवैदिक काल (ईपू १५०० देखि १०००)**

अथर्ववेदमा छोरी जन्म भए खिन्नता प्रकट गरेको पाइन्छ । एतरेय ब्राह्मणले छोरीलाई'कृपण' शब्द प्रयोग गरेका छन् । यसकालमा छोरीको जन्ममा प्रसन्नता नदेखाए पनि उसको पालन-पोषण र शिक्षामा उपेक्षा गरिँदैनथ्यो । नारीलाई अझै पनि सामाजिक व्यवस्थाको आदरणीय अंग मानिन्थ्यो । पितृसत्ताको विकास र विस्तारसँगै 'प्रकृति'का साथै 'पुरुष' को पनि उपासना गर्ने प्रचलन सुरू भयो । देवीका साथै 'देव'हरूका मूर्ति पनि पूजा हुन थाले । पितृसत्ता दह्रोसँग स्थापित भएसँगै 'देव'हरू प्रमुख हुन थाले र 'देवी'हरूलाई यी देवताका 'पत्नी-देवी' का रूपमा राखेर कथाहरू रचिन थालियो ।

**रामायण–महाभारत काल (ईपू ८०० देखि ६००)**

महाभारतको आदिपर्वमा एउटा कथा छ । कथाअनुसार एकदिन राजा पाण्डु शिकार खेल्न जान्छन् । जंगलमा टाढाबाट एक हरिण देख्छन् । धनु-वाण चलाउँछन् । तर त्यो हरिण एक ऋषि रहेछन् जो आफ्नी पत्नीसँग मैथुनरत थिए । ऋषि मर्दै गर्दा पाण्डुलाई श्राप दिन्छन्- तिमी पनि मजस्तै गरी मैथुनरत हुँदा मर्नेछौ । यो श्रापको भयले पाण्डु आफ्नो राज्य आफ्नो भाइ धृतराष्ट्रलाई सुम्पिएर पत्नीद्वय कुन्ती र माद्रीलाई साथ लिई जंगल प्रस्थान गर्छन् । संन्यासी जीवन बाँच्न थाल्छन् । पाण्डु आफ्ना कुनै सन्तान भएनन् भनेर सधैं दुःखी हुन्छन् । उनी कुन्तीलाई कुनै ऋषिसँग समागम गरेर सन्तान उत्पन्न गर्न उचित हुन्छ भनेर सम्झाउन थाल्छन् । कुन्ती परपुरुषसँग समागम चाहँदिनन् ।

तब पाण्डुले यो कथा सुनाउँछन्- प्राचीनकालमा स्त्रीहरू स्वतन्त्र थिए । उनीहरू जोससँग चाहे समागम गर्न सक्थे । ऋतुकालमा मात्र पत्नी केवल पतिसँग समागम गर्थे । यही धर्म थियो, जो नारीहरूको पक्षमा थियो र सबै समाज यसको पालना गर्थ्यो । तर यो नियम बदलिएको छ । गौतम ऋषिका वंशज र उद्दालक-आरुणिका पुत्र श्वेतकेतुको कथा मूलतः उपनिषदहरूमा पाइन्छ । उनी एक तत्वज्ञानी आचार्य थिए । पाञ्चाल देशका निवासी श्वेतकेतुको उपस्थिति रामायणकालका राजा जनकको सभामा पनि थियो । अद्वैत वेदान्तको महावाक्य 'तत्वमसि' को वाचन उनका पिताले गरेका थिए । ऋषि अष्टावक्रको भाञ्जा श्वेतकेतुको विवाह देवल ऋषिकी छोरी सुवर्चलासँग भएको थियो ।

एकपटक श्वेतकेतु आफ्ना मातापितासँगै बसिरहेका थिए । तब एक परिव्राजक आयो र श्वेतकेतुकी आमाको हात समातेर भन्यो, 'हिँड जाम् ।' आफ्नी आमालाई यसरी गएको देखेर श्वेतकेतु निकै क्रोधित भए र सोधे, 'वास्तवमा मेरो पिता को हो ?' उसका पिताले उसलाई सम्झाए, 'नियमअनुसार स्त्रीहरू स्वतन्त्र छन् । उनीहरूले चाहेकासँग समागम गर्न सक्छन् ।' पछि यिनै श्वेतकेतुले 'स्त्रीहरू पतिप्रति बफादार हुनुपर्छ । परपुरुषसँग समागम गर्नु भनेको भ्रुणहत्या जत्तिकै पाप हुनेछ' भन्ने नियम बनाए । रामायणको रचनाकालसम्म पनि नारीबिना यज्ञ हुन सक्दैनथ्यो । रामले अश्वमेघ यज्ञ गर्दा, सीता नहुँदा, सीताको स्वर्ण प्रतिमा राख्नुपरेको थियो । रामायणमा सिता रामको पछिपछि वनवास जान्छिन् र महाभारतमा द्रौपदी पनि पाण्डवका साथ वनवास जान्छिन् । यसले नारीले हमेशा पुरुषको साथ दिनुपर्छ भन्ने परम्परा स्थापित गरेको छ । समाजले कुरा काट्यो भनेर गर्भवती सीतालाई राज्य त्याग्न लगाइन्छ । उता द्रौपदीलाई वस्तु वा सम्पत्तिजस्तो व्यवहार गर्दै जुवामा थापिन्छ र राजसभामै चिरहरण गरिन्छ ।

रामायणमा सती शब्द प्रयोग भएको छ तर पतिको मृत्युमा नारी सती जानुपर्ने अनिवार्यता थिएन । राजा दशरथको मृत्युमा कोही रानी सती गएका थिएनन् । (आदिवासी) समुदायका राजा बालीको मृत्युपछि उनकी पत्नी ताराले देवर सुग्रिवसँग विवाह गरिन् । असूर जातका रावण मरेपछि मन्दोदरीले पनि देवर विभिषणसँग विवाह गरिन् । तर रावणका छोरा मेघनाथ मरेपछि पत्नी सुलोचना सती गइन् । माहाभारतमा पनि पाण्डु मररेपछि कान्छी रानी माद्री सती गइन् । त्यस्तै श्रीकृष्णका पिता वसुदेवको चितामा उनका चारै रानी, देवकी, भद्रा, रोहिणी र मन्दिरा सती गएका थिए । त्यस्तै श्रीकृष्णको मृत्युको समाचार पाएपछि उनकी आठ रानीमध्ये पाँच, रुक्मिणी, गान्धारी, सह्या, हेमावती तथा जाम्बवतीले श्रीकृष्णको शवबिनै चितारोहण गरेका थिए । (यो सायद सती देवीको समयको कुरा हो) । यसरी कालीबाट भद्रकाली अनि सतीदेवी हुँदै यस अवस्थासम्म आइपुग्दा नारीजाति स्वयं आफ्नो यौनिकता, नैतिकता मात्र होइन, अस्तित्व पनि पतिसँग अभिन्न मानेर हेर्न थालिसकेका हुन्छन् । पति मरेपछि जीवनको मूल्य केही नरहने मान्यता महिलाहरूमा हुर्किन थालिसकेको हुन्छ ।

**सूत्र र स्मृतिकाल (ईपू ६०० देखि २००)**

गृहसूत्र र स्मृतिहरू रचनाकालमा नारीलाई कुनै न कुनै पुरुषको आश्रयमा रहनु अनिवार्य मानिएको छ । छोरीलाई पिताको, पत्नीलाई पतिको र विधवा मातालाई छोराको संरक्षणमा रहनुपर्ने अनिवार्य व्यवस्था गरिएको छ । स्त्रीसँग भोजन गर्नेवाला पुरुषलाई गर्हित (अपवित्र, निन्दनीय) आचरण गर्ने भनेर हेय दृष्टिले हेरिन्छ । अप्रतिवादिनी (प्रतिवाद नगर्ने, चुपचाप सुन्ने) महिलाको प्रशंसा गरिएको छ । (यो सायद पार्वतीको समयको कुरा हो ।) मनुस्मृतिमा कन्याको आचार्य नै उनका पति, विवाह नै उपनयन र पति सेवा नै आश्रम र गृहस्थ सेवा नै उसको दैनिक धर्मकार्य भनेर महिलाको शिक्षा, धर्म, अर्थ, काम र मोक्ष सबै हरण गरिएको छ । मनुस्मृतिमा अति काली, कैलो वर्णवाली, पाण्डुवर्णी, नित्य रोगिनी, कैलो आँखावाली, अपवित्र, दुष्ट स्वभाववाली, कटुभाषिणी, जुँगा आएकी, पुरुषसमान आकार भएकी (ठूलो ज्यान भएकी), गोलो आँखा भएकी, तिघ्रामा रौं भएकी, हाँस्दा गालामा डिम्पल आउने, दाँत उछिट्टिएकी महिलालाई विवाह गर्नबाट वर्जित गरिएको छ ।

सूत्रकालमा छोरा नभए पनि छोरीलाई उत्तराधिकारी स्वीकार गरिएको छैन । पुत्र नभए सम्पत्ति धार्मिक कार्यमा लगाउनु तर पुत्रीलाई उत्तराधिकार नदिनू भनेर आपस्तंव ऋषिले व्यवस्था गरे ।

**पितृसत्ताको कानुन–विधान काल: करिब २५००–२००० वर्ष पहिला**

मातृसत्ताको सर्वोच्च चेतना (मातृशक्ति काली) लाई सफलतापूर्वक नियन्त्रण गरेर भद्रकाली हुँदै पार्वती बनाइसकेपछि ( आधुनिक जमानामा कानुन-विधान बनाएर राज्यलाई नियन्त्रण गरेजस्तै), पितृसत्तालाई संस्थागत 'धर्म शास्त्र', 'मनुस्मृति' लगायत 'कानुन-विधान' बनाएर लागू गरिएको छ । (सायद गौरीको समयको कुरा) । प्रमाणस्वरूप महिलाहरूको सम्बन्धमा, मनुस्मृतिमा लेखिएका केही विधानका भावानुवाद यस्तो छ-

*स्वभाव एष नारीणां नराणामिहदूषणम, अतोर्थान्न प्रमाद्यन्ति, प्रमदासु विपश्चितः*

*अविद्वामसमलं लोके, विद्वामसमापि वा पुनः, प्रमदा ह्युतपथं नेतुं काम क्रोध वाशानुगम*

*मात्रस्वस्त्रदुहित्रा वा न विविक्तसनो भवेत्, बलवान इन्द्रीय ग्रामो विध्दांसमपि कर्षति !*

अर्थात्, पुरुषहरूलाई आफ्नो जालमा फसाउनु स्त्रीहरूको स्वभाव नै हो । त्यसकारण बुद्धिमान पुरुष स्त्रीका साथ हुँदा चौकन्ना रहन्छन् । किनकि पुरुषवर्गको 'काम-क्रोधको वशमा (छिट्टै) फस्ने स्वाभाविक दुर्बलता' लाई भड्काएर स्त्रीहरू मूर्खलाई मात्र होइन, विद्वान पुरुषलाई समेत विचलित गर्न सक्छन् । पुरुषले आफ्नै माता, बहिनी र छोरीसँग पनि एकान्तमा साथै रहनु हुँदैन । किनकी इन्द्रीयहरूको आकर्षण निकै तीव्र हुन्छ र विद्वान पनि यसबाट बच्न सक्दैन ।

अर्को विधानको भावानुवाद यस्तो छ-

'स्त्रीहरू न पुरुषको रूपलाई विचार गर्छन्, न उसको आयुलाई परवाह गर्छन् । सुरूप होस् वा कुरूप, जस्तो सुकै पुरुष मिले पनि उसको साथ भोगरत हुन्छन् । सदा पुरुष-संगमको इच्छा राख्नेवाली, चञ्चल चित्त तथा स्वभावैले निष्ठुर हुनुका कारण जति प्रयत्न गरेर राखे पनि स्त्रीहरू पतिप्रति निष्ठावान् हुँदैनन् । यो दूर्गुण स्त्रीमा सृष्टिको आदिकालदेखि नै छ । अतः पुरुषले कठोर यत्नले (स्त्रीको) रक्षा गर्नुपर्छ । सृष्टिकर्ताले नारीको रचना गर्ने समयमै उसमा आफ्नो विछौना, आसन, आभूषणप्रति मोह तथा काम, क्रोध, बेइमानी, द्वेषभाव र चरित्रहीनता जस्ता दूर्गुण कोची कोची भरिदिएका छन् ।'

मनुस्मृतिमा यसरी महिलाको'चेतना र चरित्र' प्रष्ट पारेर समाजमा महिलाको स्थान, इज्जत र दर्जा देखाइएको छ । यो स्थितिमा आइसक्दा मातृसत्ता राजनैतिक र सामाजिक रूपमा मृत भइसकेको छ । मनुस्मृतिकै मार्फत्'परिवारभित्र पनि महिलालाई कसरी नियन्त्रण गर्ने' भन्ने थप विधान लेखिएका छन् । यसले महिलाको स्वतन्त्रता पूर्ण रूपमा बन्देज गरिएको छ । भावानुवाद गरिएको विधान- 'पुरुषहरूले आफ्नो घरका सबै महिलालाई चौबीसै घन्टा नियन्त्रणमा राख्नुपर्छ र विषयासक्त स्त्रीलाई त विशेष रूपमा वसमा राख्नुपर्छ । बाल्यकालमा स्त्रीको रक्षा पिताले गर्छन्, यौवनकालमा पतिले र वृद्धावस्थामा पुत्रले । स्त्री कहिले पनि स्वतन्त्रताको अधिकारिणी होइन । स्त्रीहरूको चालढालमा अलिकति पनि विकार आयो भने त्यसको निराकरण गर्नुपर्छ । किनकी परवाह नगरी स्वतन्त्र छोड्दा स्त्री दुवै कुल (पति र पिता) का लागि दुखदायी सिद्ध हुन सक्छन्! सबै वर्ण (जात) का पुरुषले यसलाई अपनो परम धर्म सम्झिनुपर्छ । दुर्बलभन्दा दुर्बल पतिले पनि आफ्नी स्त्रीको प्रयत्नपूर्वक रक्षा गर्नुपर्छ ।'

अर्को वाक्यांशको भावानुवाद- 'पतिले त्यागे पनि वा कुनै अर्को पुरुषको हातमा बेचे पनि कुनै स्त्री कुनै अर्को पुरुषको पत्नी भनिने छैन । उसको विवाहित पतिको उमाथि आजन्म अधिकार बनिरहन्छ ।' कानुन-विधान बनाएरै महिलाको सम्पत्तिको र शिक्षाको अधिकार पनि खोसिएको छ ।

*अमन्त्रिका तू कार्येयं स्त्रीणां भावृदशेषतः, संस्कारार्थ शरीरस्य यथाकालं यथा क्रमम् ।*

अर्थात्, निर्धारित कालक्रमअनुसार स्त्रीहरूको जुन-जुन संस्कार-कर्म गरिन्छ, त्यसमा वेद-मन्त्र पाठ नगरियोस् ।

हिन्दु संस्कृतिमा यज्ञकर्म नै आत्मा मानिएको छ । तर पितृसत्ताले स्त्रीहरूलाई धर्म-कार्यबाट पनि बञ्चित गरेको छ ।

*न वै कन्या न युवतिर्नाल्प विद्धो बा बालिशः, होता स्यादग्निहोत्रस्य नर्तोनासंस्कृतस्तथा!*

*नरके हि पतन्त्येते जुह्वतः स च यस्य तत, तस्माद्वैता न कुशलो होता स्याद्वेदपरागः*

अर्थात्, कन्या, युवती, अनपढ, रोगी र संस्काररहित व्यक्तिलाई यज्ञको'होता' ( होम हाल्ने पूजारी) नबनाउनू । अन्यथा 'होता' र 'यजमान' दुवै नरकगामी हुनेछन् ।

अर्को वाक्यांशको भावानुवाद- 'जुन यज्ञमा श्रोत्रीय (राम्रो वेद जानेको) आचार्य छैन, जसमा समस्त गाउँले अध्वर्यु (यज्ञ गर्नेवाला) छन् र जसमा स्त्री र नपुंसक उपस्थित छन्, यस्तो यज्ञलाई अश्लील मानिने छ । ब्राह्मणले यस्तो यज्ञमा भोजन नगर्नू ।' अब स्त्रीका लागि मनुस्मृति विधानले निर्धारित गरेको 'जीवन-आदर्श' को भावानुवाद हेरौं-

'स्त्रीका पिता वा पिताको सहमतिमा उसका दाइभाइले जो पुरुषसँग उसको विवाह गराइदिन्छन्, जीवनपर्यन्त ती स्त्री ती पुरुषको सेवामा रत रहोस् र पतिको मृत्युपछि पनि पतिको मर्यादा उल्लंघन कहिल्यै नगरोस् । स्त्रीको पति दूःशील, कामी तथा कुनै पनि गुण नभएको भए पनि एक साध्वी (शुशील) स्त्रीले पतिलाई सधैं देवतासमान सेवा र पूजा गर्नुपर्छ । स्त्रीले आफ्नो पतिसाथ नभइकन कुनै पनि यज्ञ, व्रत वा उपवास गर्नु हुँदैन । किनकी उनीहरूलाई आफ्नो पतिको सेवाबाट मात्र स्वर्ग प्राप्त हुन्छ ।' मातृसत्ता यहाँसम्म आइपुग्दा आफ्नो स्वाभिमान सम्पूर्ण खोसिएर पितृसत्ताको दास भइसकेको छ ।

**पौराणिक काल (ईसं ३०० देखि १२००)**

यस्तो सामाजिक प्रणालीलाई थप बलियो बनाउन पितृसत्ताले 'चार ऋणको सिद्धान्त' लागू गर्‍योः देवऋण, ऋषिऋण, राजऋण र पितृऋण । यी चार ऋण नतिरेसम्म 'मुक्ति' पाइन्न भन्ने धारणा व्यापक बनाइयो । देवऋणका लागि यज्ञ-अनुष्ठान, पूजा-व्रतको चलन सुरू गराइयो (पुरोहित-पण्डितलाई फाइदा) । ऋषिऋण तिर्न ऋषि, योगी, संन्यासीलाई दान दिनू, उनीहरूसँग शिक्षा, धर्म सिक्नू भनियो ( जोगी-गुरुहरूलाई फाइदा) । राजऋण तिर्न राजाको कर तिर्नू, सेनामा भर्ति हुनू भनियो (राजालाई फाइदा) । पितृ ऋण तिर्न विवाह गरी पुत्र नै जन्माउनुपर्ने मान्यता स्थापित गरियो (वर्तमानका सबै पुरुषलाई फाइदा र भविष्यमा पनि पुरुषलाई मात्र फाइदा) । पुत्रले मात्र श्राद्ध गर्न पाउने नियम बनाइयो । तर, पितृसत्ताले, जन्म दिने आमाको, समाजमा सेवा गर्ने समुदायको, खेती किसानी गरेर अन्न उब्जाउने किसानको वा समग्र प्रकृति (हावा, आगो, पानी, माटो, वन जंगल) को ऋणको कुरा गर्नु आवश्यक ठानेन ।

**पितृसत्ताको मुख्य आधार : विवाह**

वैदिककालदेखि सूत्रकालसम्म आठ प्रकारका विवाह प्रणाली प्रचलनमा थिए ।

१. **ब्रहम विवाह :** दुवै पक्षका परिवारको सहमतिबाट समान वर्गका सुयोग्य वरसँग कन्याको विवाह निश्चित गर्नु ।

२. **दैव विवाह :** कुनै सेवा धार्मिक कार्य वा उद्देश्य हेतु वा मूल्यका रूपमा आफ्नी कन्यालाई कुनै विशेष वरसँग विवाह गरिदिनु ।

३. **आर्ष विवाह :** कन्या-पक्षलाई कन्याको मूल्य दिएर (सामान्यतः गौदान गरेर) विवाह गर्नु ।

४. **प्रजापत्य विवाह :** कन्याको सहमतिबिना उसको विवाह अभिजात्य वर्ग (धनवान् र प्रतिष्ठित) को वरसँग विवाह गरिदिनु ।

५. **गन्धर्व विवाह :** कन्या र वर दुवैले एकअर्कालाई मन पराएर हुने प्रेम विवाह ।

६. **असुर विवाह :** कन्यालाई खरिदारी गरेर (पैसा दिएर) गरिने विवाह ।

७. **राक्षस विवाह :** कन्याको सहमतिबिना अपहरण गरेर जबरजस्ती गरिने विवाह ।

(बाँकी ६ पृष्ठमा)

प्रधान–सम्पादक/प्रकाशक : कौशलकुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९७५१०३१६३२),
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं
फोन: ०१–४२६७०६४
इमेल :nayabimarsha@gmail.com,
मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

## सम्पादकीय

# अदालतको फैसलाले संविधानको रक्षा

प्रधानमन्त्री खड्गप्रसाद ओलीले संविधान मिचेर गरेको प्रतिनिधिभा विघटन गर्ने कार्यलाई सर्वोच्च अदालतले अमान्य तुल्याइदिएको छ। गत पुस ५ गते प्रधानमन्त्री ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले गरेको प्रतिनिधिसभा विघटनलाई सर्वोच्च अदालतले फागुन ११ गते अमान्य घोषित गर्दै विघटित प्रतिनिधिसभालाई पुनर्स्थापित गर्ने फैसलामात्र गरेको छैन कि १३ दिनभित्रै प्रतिनिधिसभाको बैठक बोलाउन परमादेश जारी गरेको छ। प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर ज.ब.रा., न्यायाधीशहरु विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा, सपना प्रधान मल्ल र तेजबहादुर के.सी.को संवैधानिक इजलासले विघटन स्लाई असंवैधानिक भएको फैसला सुनाएपछि नेपालको राजनीति नयाँ मोडमा आइपुगेको छ।

अदालतको आदेशमा 'प्रतिनिधिसभाको विघटनको लागि नेपालको संविधानले निर्दिष्ट गरेका निश्चित पूर्वावस्थाहरुको अभावमा तथा संविधानको आधारभूत मर्म, मूल्य र मान्यता प्रतिकुल सम्माननीय प्रधानमन्त्रीले संविधानको धारा ७६ को उपधारा (१) र (७) धारा ८५ तथा संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यास बमोजिम भनी संघीय संसदको वर्तमान प्रतिनिधिसभा विघटनका लागि सम्माननीय राष्ट्रपतिसमक्ष गर्नुभएको मिति २०७७/९/५ को सिफारिस तथा सो बमोजिम सम्माननीय राष्ट्रपतिबाट सोही मितिमा भएको प्रतिनिधिसभा विघटनको निर्णय, विज्ञप्ति समेतका तत्सम्बन्धी सम्पूर्ण कामकारबाहीहरु असंवैधानिक भएकाले प्रारम्भदेखि नै कानूनी प्रभाव शून्य रहने गरी उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ' भनिएपछि अहिले आएर अदालत तथा न्यायमूर्तिहरुलाई धन्यवाद दिने कार्य भैरहेको छ। अदालतको यो आदेशले मध्यावधि चुनाव स्वतः खारेज भएको छ। ओलीको सिफारिसमा राष्ट्रपति भण्डारीले गत पुस ५ गते संसद विघटन गरी वैशाख १७ र २७ गते निर्वाचन घोषणा गरेकी थिइन्। त्यसविरुद्ध १३ वटा रिट सर्वोच्चमा दर्ता भएका थिए।

सर्वोच्च अदालतको यो फैसलाले गर्दा अहिले मुलुकमा नयाँ मोडको अवस्था आएको छ। पाँच वर्षका लागि निर्वाचन गरिएपछि उक्त समयसम्म विकल्प रहेसम्म प्रतिनिधिसभा विघटन गर्न नपाइने कुरालाई यो फैसलाले स्थापित गर्ने अवस्था देखिन्छ। कुनै महत्वपूर्ण पदमा आसीन व्यक्तिले आफ्नो स्वार्थका लागि मुलुकलाई घाटा पुऱ्याउने गरी गर्ने कुनै पनि खालका निर्णय वा सनकलाई समयमै रोकिनु उचित हुन्छ भन्ने कुरा यो आदेशले स्थापित गर्ने अवस्था आएको छ। प्रधानमन्त्री वा राष्ट्रपति संविधानभन्दा माथि हुन सक्दैनन, जनता नै सर्वोपरी हुन् भन्ने कुरालाई अदालतको यो फैसलाले स्थापित गर्ने देखिएको छ। यो फैसला ऐतिहासिक देखिन्छ किनकि यसैको आधारमा भोलिका दिनमा पनि अनावश्यक निर्वाचनको भारमा नेपाली जनताले पर्नुपर्ने खतरालाई यसले टारिदिने अवस्था देखिन्छ। यो आदेशका कारण विकल्प रहेसम्म प्रतिनिधिसभालाई जिवितै राखिनुपर्छ भन्ने मान्यतालाई स्थापित गर्न सहज हुने देखिन्छ। यसबीचमा अदालतका न्यायाधीशहरुका बारेमा विभिन्न किसिमका आशंकाहरु पनि नआएका होइनन्। त्यसबीचमा उब्जिएका आशंकाहरुलाई पनि यो आदेशले पन्छाइदिएको छ। संविधानवादलाई स्थापित गर्नका लागि न्यायमूर्तिहरुको विद्वता प्रशंसनीय देखिन्छ। यो कार्यले संविधानको रक्षा गर्ने कार्य पनि भएको छ।

# अनैतिकलाई नैतिकताको मतलब हुँदोरहेनछ

**वामदेव गौतम, नेता–नेकपा**



नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का उपाध्यक्ष वामदेव गौतमले प्रधानमन्त्री केपी शर्मा ओलीलाई आत्मआलोचना गर्दै राजीनामा दिन सुझाव दिएका छन्। प्रधानमन्त्रीको हैसियतले गरिएको निर्णय अदालतले अवैधानिक ठहर गर्दै उल्ट्याएपछि नैतिकताको आधारमा पनि राजीनामा दिएर सरकारबाट अलग हुनुपर्ने बताए। नेता गौतमले पार्टी एकता र राष्ट्रिय राजनीतिमा देखिएको गाँठो फुकाउने पहल पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपालले लिनुपर्ने पनि बताएका छन्।

**० प्रतिनिधि सभा विघटनलाई बदर गर्ने सर्वोच्च अदालतको फैसलालाई कसरी लिनुभएको छ ?**

सर्वोच्च अदालतको संवैधानिक इजलासले गरेको यो निर्णयले नेपालको संविधानको संरक्षण गरेको छ। यो निर्णयले नेपाली जनताको सार्वभौम अधिकारलाई पुनस्थापित गरेको छ। र, यसले स्वेच्छाचारी तरिकाले मनपरी जे मनलाग्यो त्यही गर्दै हिँड्न पाइँदैन भनेर अनुशासन बोध पनि गराएको छ। त्यसैले यो निर्णय नेपालको संविधान बमोजिम, नेपालको संविधानको मर्म र भावना बमोजिम र हामीले निर्माण गरेको संविधानको अक्षरसँग पनि सम्बन्धित बनाएर निर्णय भएको छ। प्रतिनिधि सभा भङ्ग गर्ने काम असंवैधानिक हो र यससित सम्बन्धित भएर सरकारले जति पनि काम गरेको छ त्यो सबै असंवैधानिक हुन भनेको हुनाले प्रतिनिधि सभा मात्रै पुनःस्थापित होइन अरु धेरै कामहरु पनि असंवैधानिक भएको हुनाले खारेज हुन्छन्।

**० मन्त्रिपरिषद्‌ले गरेको एउटा निर्णयले राष्ट्रिय राजनीति, पार्टीभित्रको राजनीति सबै खलबलिएको थियो। अब कोर्स कताबाट सुरू गर्नुपर्छ र कसले पहलकदमी लिनुपर्छ, कसको के भूमिका हुनुपर्छ ? तपाईले उठाउँदै आउनुभएको पार्टी एकताको कुरा अब कुन शिराबाट सुरू हुन्छ ?**

पार्टी एकताको निम्ति सुरु गर्नुपर्ने दुईवटा अध्यक्षले हो। दुवै अध्यक्षले पार्टी एकीकरण गर्ने विषय उठाउनु भएन। पार्टी त विभाजन भइसक्यो अब मिल्न सक्दैन भन्ने प्रचण्डको भनाई आयो र पार्टी फुटाएको हामीले होइन फुटाएको केपी ओलीले हो भनेर भन्नुभएको छ। ल स्पार्टी फुटाउने काम प्रचण्ड माधवहरुले हो भनेर यतातिर भनेको छ अनि साइड बाई साइड पार्टी फुटाउने वामदेव हो भनेर दुवैले आ-आफ्नो तरिकाले भन्नुभएको छ। जसले जे काम गर्नुभएको छ त्यसको जिम्मा नलिने चलन छ। राम्रो भएमात्रै आफुले जिम्मा लिने नराम्रो भयो भने त्यसको अरुलाई लगाउने, आफैं गरेका काममा पक्षपोषण गर्न सकिएन भने उहाँको कामलाई सहयोग गर्नेहरुलाई अगाडि सार्ने र उनीहरुले गर्दाखेरी नै यो सबै भएको भनेर भन्ने चलन छ। एउटा हुँदाखाँदाको पार्टी नेपाली जनताले विश्वास गरेको त्यस्तो पार्टीलाई फुटाएर उहाँहरु हिँड्नु भएको छ। यो पुनःस्थापनाले यो बीचमा भएका क्रियाकलापलाई पनि पुनःस्थापित गर्नुपर्छ। यद्यपी सर्वोच्च अदालतले गरेको निर्णय हाम्रो पार्टी भित्र लागु हुँदैन। पार्टीभित्र पार्टीको विधान लागु हुन्छ। त्यसैले पार्टीका नेताहरुले त्यो गर्नुभएन भने हामी पार्टी एकता राष्ट्रिय अभियानमा सामेल भएकाहरुले एकता गर्नको निम्ति पहलकदमी गर्छौं र यो निरन्तर अगाडि बढ्छ।

**० हिजो जसले निर्णय गरेको थियो त्यो निर्णय अवैधानिक गरिसकेको छ भनिसकेको अवस्थामा प्रधानमन्त्री र प्रधानमन्त्रीलाई असंवैधानिक छ भनी हिजो पनि राजीनामा गर्नुपर्छ भन्ने अर्को पक्षबीचको अब कसको स्टेप पहिलो हुनुपर्छ ?**

जसले मैले जितेको छु भनेर भन्नुभएको छ उहाँबाट सुरु हुनुपर्ने हो। हिजो प्रचण्डले विभिन्न मिडियामा बोल्नुभएको प्रतिक्रिया मैले सुनें। उहाँले चाल्नुभएको कदम सही सावित भएको छ केपी ओलीले चाल्नुभएको कदम गलत सावित भएको छ र त्यो असंवैधानिक छ भनेर भन्ने छ। यस्तो अवस्थामा फेरि पुनः पार्टी एकीकरणको निम्ति प्रचण्डले भूमिका खेल्नुपर्ने हो। उहाँले भन्नुपर्ने हो। पराजित भएकोले भनेर त अरुले मान्दैनन्। त्यसैले जसले आफूलाई म विजयी भएँ भनेर भन्छ उसले भन्ने हो। तर प्रचण्डले त्यस्तो भन्नुभएको मैले पाइन। पार्टी एकता हुन्छ पार्टी एकता गर्नुपर्छ अब सबै साथीहरु एकजुट हुनुहुन्छ म उहाँहरुलाई आह्वान व्हान गर्छु एकता हुनको निम्ति भनेर भन्नु भन्दा अब सबै मैले बनाएको पार्टीमा आउनुहोस भनेर भन्नुहुन्छ। त्यो भएर जिम्मेवारी कसैले पनि लिनुभएन। लिनुपर्ने जिम्मेवारी यसपटक प्रचण्डले हो। माधव नेपालले हो। पार्टी फुटिसक्यो त्यो फुटेको पार्टी गइसक्यो अब हामीसँग भएको पार्टीमा आउनुपर्छ भन्ने उहाँहरुको अभिव्यक्ति पाइयो। त्यो अभिव्यक्ति उहाँहरुको निम्ति त सही होला तर मलाई राम्रो लागेन।

**० अब तपाई के गर्नुहुन्छ ?**

मैले औपचारिक र अनौपचारिक रुपमा एकताको निम्ति प्रयत्न गर्ने हो। पहिला म दुईवटा अध्यक्षलाई नै गएर भन्छु महासचिवलाई भन्छु पार्टी एकताको निम्ति पहल गर्नुहोस् भनेर। केपी ओलीले असंवैधानिक काम गर्नुभयो तर असंवैधानिक काम गरेपछि सर्वोच्च अदालतले त्यसलाई सुधार गरिसक्यो। उहाँको कदम असंवैधानिक छ भनिसकेपछि उहाँले पार्टीमा फर्केर आएर आत्मआलोचना गर्नुपर्छ। मैले यस्तो गरें त्यसको सजाय सर्वोच्च अदालतको संवैधानिक इजलासले दिइसकेको छ अब म आत्मआलोचना गर्दै एकीकृत पार्टीमा आउँछु र अरुहरु पनि हामी एकीकृत पार्टीलाई अगाडि बढाउनको निम्ति लागौं भनेर उहाँले भन्नुपर्ने हो। उहाँले त्यो भनेको अहिले सम्म मैले सुनेको छैन। त्यसो भएर हामीहरुले नै सबै काम गर्नुपर्ने भयो। अरु एकताको पक्षमा रहेका साथिहरु जति हुनुहुन्छ अब हामी एकतावद्ध हुन्छौं र नेतृत्वलाई हामीले एकतामा आउनको निम्ति एकतावद्ध हुनको निम्ति एउटा ठूलो दबाब सिर्जना गर्ने हो त्यो गर्छौं।

**० सर्वोच्च अदालतको हिजोको निर्णयबाट सरकार प्रमुख र राष्ट्रपतिमाथि नैतिकताको प्रश्न उठछ कि उठदैन ?**

नैतिकताको प्रश्न नीति मान्नेहरुलाई उठदो रहेछ। जसले नैतिकता मान्दै मान्दैन उसको निम्ति नैतिकताको प्रश्न पनि उठदो रहेनछ। तर म के ठान्छु भने लामो समय कम्युनिष्ट आन्दोलनमा लागेकाहरुले यो नैतिकता बुझ्नुहुन्छ। त्यो भएर प्रधानमन्त्री ओलीले चाल्नु भएको कदम असंवैधानिक भइसकेपछि उहाँले गर्नुभएको काम गलत भइसकेपछि आफूलाई सच्याउनको निम्ति राजीनामा तुरुन्तै गर्नुपर्छ। हिजै राजीनामा गर्नुपर्थ्यो। सर्वोच्च अदालतको निर्णय बाहिर आउने बित्तिकै राजीनामा गर्नुपर्थ्यो अहिलेसम्म पनि उहाँले राजीनामा गर्नुभएको छैन। म फेरिपनि यही सूचना केन्द्रबाट भन्न चाहन्छु उहाँले तुरुन्तै राजीनामा गर्नुहोस। राजीनामा गरेर पार्टी एकताको आह्वान गर्नुहोस्। मैले गल्ती गरेको थिएँ म आफूलाई सच्याउन चाहन्छु त्यसैबापत मैले राजीनामा गरिसकेको छु र अब नयाँ किसिमले एकतावद्ध भएर अगाडि बढौं भनेर उहाँले भन्नुपर्छ।

बाह्रखरीबाट

# अन्धविश्वास नासामा पनि जीवितै छ

तपाईं जतिसुकै नास्तिक भए पनि शुभ अशुभको विचार तपाईंमा नआउने हो र ? तपाईंको जाति, धर्म, समुदाय, छरछिमेक, घर- परिवार, समाज, क्षेत्र, प्रान्त, तपाईंले बसोबास गर्ने 'लोकालिटी'मा अनेको यस्ता प्रचलन र मान्यता व्याप्त हुन्छन् जसलाई तपाईं आधुनिकताको मनस्थितिले जीवनको सहज अवस्थामा अन्धविश्वास भनी प्रगतिशीलता प्रदर्शित गर्ने पाखण्ड गर्नु हुन्छ। तर, अप्ठ्यारो स्थितिमा आउनासाथ तपाईंको चरित्रमा ३६० डिग्रीकै रूपान्तरण हुन आइ बारदेखि तिथि विचार गर्दै भैंसी पूजन, रत्न धारण, शनि र मंगल निवारणलगायतका अन्य तमाम गतिविधि र टूना टोटका गर्न अग्रसर भएका अनेकौं उदहारण हाम्रै वरिपरी भेटिन्छन्। तपाईं र हामी भनेका सामान्य प्राणी ! हामीले अति विश्वास राखेका हाम्रो आधुनिकताका प्रेरणा श्रोत महान् हस्तीहरुले पनि यही किसिमको आचारविचार मनस्थिति राखेका हुन्छन्। के तपाईंलाई पत्यार लागेन ? ल त्यसो भए यो एउटा प्रसंग पढ्नुस्। टूना टोटकामा विश्वास गर्ने हामी नेपाली र भारतीयहरु मात्रै छैनौं संसारका सबै कुनामा यस्ता अनेकौं प्रकारका मान्यता अनुशरण गरिन्छ। कुरा विश्वप्रसिद्ध अमेरिकी अन्तरिक्ष एजेन्सी नासाकै गरौं। नासा यस्तै एउटा मान्यता पालन गर्छ।

नासाले कुनै पनि अन्तरिक्ष मिसन प्रक्षेपण गर्दा नियन्त्रण कक्षमा रहेका वैज्ञानिकहरूले बदाम खाने गर्छन्। नासाले यो घरेलु तरिकका १९६४ यता पालन गर्दै आइरहेको छ। नासाका वैज्ञानिकहरुको मान्यता छ बदाम खाने चलनले मिसनमा सफलता पाइन्छ। यस चलनको प्रारम्भ १९६०को दशकमा भएको थियो। २३ अगस्त १९६१ का दिन नासाले चन्द्रमाको अध्ययनका लागि रेन्जर १ नामक यान प्रक्षेपित गऱ्यो। मिसन असफल रह्यो। नासाले रेन्जर सिरीजमा एकपछि अर्को यान प्रक्षेपित गऱ्यो तर सफलता पाउन सकेन। १८ नोभेम्बर १९६१ मा रेन्जर २ पनि सफल हुन सकेन। २६ जनवरी १९६२ को रेन्जर ३ बाट पनि असफलता नै हात लाग्यो। २३ अप्रिल १९६२ को रेन्जर ४ ले पनि पूर्ववर्तीका भाँती वैज्ञानिकहरुलाई निराश नै बनायो। १८ अक्टोबर १९६२ को रेन्जर ५ ले पनि असफलताकै इतिहास दोहऱ्यायो। ३० जनवरी १९६४ को रेन्जर ६ ले पनि इतिहास बद्लिन सकेन। ६ वटा रेन्जर अभियान असफल भइसकेपछि २८ जुलाई १९६४ मा पठाइएको रेन्जर ७ ले भने झण्डै ६८ घन्टाको यात्रा गरे पछि ३१ जुलाई १९६४ का दिन चन्द्रमामा पुगेर नासालाई पहिलो पटक चन्द्रमाका फोटो पठाएको थियो। नासाको यस सफलतासँग एउटा अचम्मको प्रसंग जोडियो। ६ वटा मिसन असफल भएका सन्दर्भमा सातौं मिसनको सफलता निश्चय पनि नासाका लागि उत्साहजनक बन्यो। नासाले यस पछि रेन्जर सीरीजमा रेन्जर ८ र रेन्जर ९ पनि चन्द्रमामा पठायो। दुबै सफल रहे। नासाको 'जेट प्रपोलसन लेबोरेट्री'का वैज्ञानिकहरुले भने रेन्जर ७ को एउटा उपक्रमलाई भने यी दुबै मिसनमा फलो गरे।

रेन्जर ७ प्रक्षेपण भएको दिन नासाको 'जेट प्रपोलसन लेबोरेट्री'को एकजना व्यक्ति प्रक्षेपणका दौरान बदाम खाइरहेको थियो, मिसन सफल रह्यो।

यस सफलता पछि 'जेट प्रपोलसन लेबोरेट्री'का वैज्ञानिकले प्रक्षेपण अघि बदाम खाने परम्परा निर्वाह गरे। बदाम खाएर गरिएका दुबै मिसन सफल बने। यस पछि बदामखाने चलन स्थापित भयो। 'जेट प्रपोलसन लेबोरेट्री'का वैज्ञानिकहरुले कुनै पनि महत्वपूर्ण अभियान प्रक्षेपित वा अवतरण गर्दा बदाम खाने गर्छन्। यो नासाको अन्धविश्वास हो कि सफलताको विज्ञान यसबारे नासा कुनै अनुसन्धान गर्न चाहँदैन। बरु यसको सट्टा नासा यस अन्धविश्वास अथवा परम्पराको पालन गर्नमै रमाउँछ।

नासाकै जस्तै भारत र रूसी अन्तरिक्ष एजेन्सीका वैज्ञानिकहरुले पूजापाठ गर्नुका साथै यस्तै कुनै विचित्रको मान्यता पालन गर्छन्। परम्पराअनुसार 'रकेट लन्च'का दिन प्रोजेक्टको प्रमुखले नयाँ शर्ट पनि लाउने गर्छन्। तपाईंले पनि यदि यस्तो कुनै परम्परा पालन गर्नु हुन्छ भने यसमा केही नराम्रो होइन, नासाले त निर्धक्क साथ पालन गर्छ भने तपाईंलाई पालन गर्न के ले छेक्छ ?

# किन घट्यो बजेटको आकार ?

**नरबहादुर थापा**

रकारले चालु आर्थिक वर्ष २०७७-७८ को बजेटको अर्धवार्षिक मूल्यांकन प्रतिवेदन हालसालै सार्वजनिक गरेको छ। सरकारले यसरी बजेटको अर्धवार्षिक समीक्षा गर्नु सकारात्मक कुरा हो। पारदर्शिताको हिसाबले पनि सर्वसाधारणको जानकारीका लागि बजेट कार्यान्वयनको हालसम्मको स्थितीबारे सरकारले बताउनुलाई असल अभ्यासका रुपमा लिनुपर्छ। तर यसरी गरिएको बजेट समीक्षामा पनि सरकारले समेटेका र चुकेका दुवै कुराहरु देखिन्छन्। बजेटको अर्धवार्षिक मूल्यांकन प्रतिवेदनले केही विषयवस्तु समेटेको छ, जस्तो कि- समष्टिगत आर्थिक तथा वित्तीय स्थिति, राष्ट्रिय गौरवका आयोजनाको प्रगतिको अवस्था र वित्तीय संघीयता कार्यान्वयनको अवस्था अनि मन्त्रालयगतरक्षेत्रगत कार्यक्रमहरुको प्रगतिको अवस्था इत्यादि। र, यी पक्षमा सुधार गर्नुपर्ने अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका सुझावहरु समेत समेटेर अर्धवार्षिक समीक्षा तयार पारिएको छ। यसरी संरचना तथा बनोटका हिसाबले पनि यी विषयवस्तुबारे जानकारी गराउनु पारदर्शिताका दृष्टिले राम्रो हो।

यस्तै, कोभिडका कारणले चालु वर्षमा आर्थिक वृद्धिदरमा संकुचन आउने स्विकारोक्ति सरकारले यो बजेटको अर्धवार्षिक समीक्षामा उल्लेख गरेको छ। सात प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य बजेटले तोकेको थियो। त्यो दरको आर्थिक विस्तारको लक्ष्यको ठाउँमा वृद्धि संकुचन हुने अर्थात् घट्ने बजेट समीक्षामा लेखिएको छ। यसलाई यथार्थपरक र वस्तुस्थितिलाई आत्मसात गरेको मान्न सकिन्छ। आर्थिक वृद्धिकै परिदृष्यको सन्दर्भमा कतिपय मुलुकहरुमा त्रैमासिक कुल गार्हस्थ उत्पादन (क्वाटर्ली जीडीपी) को तथ्यांक संकलन, प्रशोधन र एकत्रित गरेर सार्वजनिक गर्ने अभ्यास छ। नेपालले पनि केही वर्षयता दातृ निकायको सहयोगमा त्रैमासिक कुल गार्हस्थ उत्पादन (जीडीपी) को तथ्यांक प्रकाशन गर्ने परिपाटी सुरु गरेको थियो। तर केन्द्रिय तथ्यांक विभागले यसलाई आवश्यकताअनुसार नियमित गरेको देखिँदैन। उक्त तथ्यांक आफूअनुकूल वर्षमा एकपल्ट निकाल्ने वा आफैंसँग राख्ने यस्तो शैलीलाई राम्रो मान्न सकिँदैन।

बजेटको अर्धवार्षिक समीक्षालाई सरकारले केन्द्रिय तथ्यांक विभागले तयार पारेको नेपालको दोस्रो त्रैमासको आर्थिक वृद्धिको तथ्यांक सार्वजनिक गर्ने अवसरका रूपमा पनि लिनुपर्थ्यो। अनौपचारिक रुपमा सुनिएअनुसार, चालु आर्थिक वर्षमा तथ्यांक विभागले तयार पारेको जीडीपीको आँकडा अनुसार नेपालको आर्थिक वृद्धि दुई प्रतिशतले ऋणात्मक (२५) हुनेछ। यदि वास्तवमै यस्तै हो भने पनि सरकारले यसलाई सार्वजनिक गर्ने साहस गर्नुपर्थ्यो। भारतमा ७.७ प्रतिशतले अर्थतन्त्रमा संकुचन आउने कुरा त्यहाँको सरकारले आत्मसात गरेर सार्वजनिक गर्दै आएको छ। कोभिड-१९ प्रभावले भारतको अर्थतन्त्र १० प्रतिशतले खुम्चने शुरुआती अनुमान थियो। तर सरकारले आर्थिक राहतका विभिन्न कार्यक्रमहरुमा तीव्रता दिएकाले पूर्वानुमानभन्दा केही राम्रो भएर ७.७ प्रतिशतले अर्थतन्त्र घट्ने भारत सरकारले आफ्नो बजेटमा नै उल्लेख गरेको छ। बजेट आउनुअघि पनि त्यहाँका सरकारी निकायले आर्थिक वृद्धिको नकारात्मक अवस्था सार्वजनिक गरेका हुन्।

यसरी राष्ट्रिय अर्थतन्त्र मापनको सूचकका रूपमा रहेको जीडीपीको त्रैमासिक तथ्यांक इमानपूर्वक प्रकाशन गर्नुपर्नेमा नेपालमा यस किसिमको अभ्यास बसालिएको छैन। यसैले सरकारले अहिले बजेट समीक्षा गर्दा अर्थतन्त्रमा 'संकुचन' आउने मात्र भन्नुभन्दा यथार्थ तथ्यांक सार्वजनिक गरिदिएको भए उचित हुन्थ्यो। सरकारका लागि पनि यो राम्रो हुन्थ्यो। किनकि यसको आधारमा त्यसपछि सरकारले विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरेर त्यो अवस्थामा सुधार वा प्रगति गर्‍यो भन्ने सन्देश पनि दिन सक्थ्यो। यस कुरामा नीति निर्माताहरु चुकेका छन्। अर्थतन्त्रको आधुनिकीकरणका लागि अन्य देशका असल अभ्यासहरु नेपालले पनि भित्र्याउँदै जानुपर्छ। कुल गार्हस्थ उत्पादनको त्रैमासिक तथ्यांक संकलन तथा प्रशोधन गरेर सार्वजनिक गर्नु पनि आधुनिक अर्थतन्त्रको परिचायक हो। हामीले आधुनिक अर्थतन्त्र बनाउने भनिरहने तर त्यसका सूचक वा परिचायकहरुमा काम नगर्दा हामी पछाडि पर्छौं।

यसकारण दातृ निकायको सहयोगमा तयार हुँदै आएको त्रैमासिक जीडीपीको तथ्यांक सरकारले आफूमा मात्र सीमित नराखेर सबै जनतालाई सुसूचित गरिदिएको भए यसले सुधारका कार्यक्रमहरुबारे जनस्तरबाट, प्राज्ञिक समूहबाट एउटा बहस ल्याउँथ्यो, जसले सरकारलाई नै लाभ पुग्न जान्थ्यो। यसकारण अर्थतन्त्रलाई आधुनिकीकरण गर्ने यसप्रकारको अवसरबाट सरकार चुक्न हुँदैनथ्यो। तथापि, बजेट समीक्षामा अर्थतन्त्र संकुचित हुने जोखिमको कुरा गर्नुलाई सरकारले कमसेकम संकेत त गर्‍यो भनेर चित्त बुझाउनुपर्छ।

यस्तै, सरकारको खर्च गर्ने क्षमता बढेन भनेर पनि बजेटको अर्धवार्षिक मूल्यांकन प्रतिवेदनले स्वीकार गरेको छ। यसमा बहस हुँदै पनि आएको छ र थप बहसको विषय पनि हो कि नेपालको तीनै तहका सरकारको खर्च गर्ने क्षमतामा किन सुधार आएन ? संघीयता लागू गरेर कार्यान्वयनमा आएको पनि तीन वर्ष भइसक्यो। तीनै तहमा सरकार गठन भएर वित्तीय संरचना पनि लगभग निर्माण भइसकेको अवस्था छ। यसैले तयारीको चरण नेपालले पार गरेकाले अब भनेको उपलब्धी हासिल गर्ने वा नतिजा दिने समय पनि हो। यसकारण अहिले तीनै तहका सरकारको खर्च गर्ने क्षमताका सुधार नआउनु भनेको पक्कै पनि राम्रो कुरा होइन। नेपालले २००८ सालदेखि बजेट निर्माण र कार्यान्वयन गर्दै आएको लामो अनुभवलाई दृष्टिगत गर्दा खर्च गर्ने क्षमता अझै सुधार नआउनु दुःखद पक्ष हो।

अहिले राष्ट्रिय गौरवका आयोजनाको संख्या २५ वटा पुगिसकेका छन्। तीमध्ये घोषणा गरिएका कतिपय आयोजना कार्यान्वयनमा आइनसकेको अवस्था पनि छ। बुढीगण्डकी र पश्चिम सेती जलविद्युत आयोजना, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल लगायतका राष्ट्रिय गौरव घोषणा गरिएका आयोजना कार्यान्वयनमा आउन सकेका छैनन्। क्षेत्रीय सन्तुलनमा एक किसिमले महत्वपूर्ण योगदान गर्न सक्ने पश्चिम सेतीलाई त एक किसिमले 'भकुण्डो' जस्तो बनाइयो। कार्यान्वयनमा आएका कतिपय 'गौरवका आयोजना' को पनि प्रगति सन्तोषजनक नभएको तथ्यलाई पनि बजेटको अर्धवार्षिक समीक्षाले आत्मसात गरेको छ। २५ वटै राष्ट्रिय गौरवका आयोजनाको कार्यप्रगति स्थिति 'म्याट्रिक्स फर्म' (कार्यतालिका) मा राखिएको छ। यसरी कार्यतालिका बनाएर चित्रण गर्नुलाई पनि राम्रो अभ्यासको रुपमा लिनुपर्छ। म आफैं सरिक भएर नेपाल राष्ट्र बैंकले पनि मौद्रिक नीति तर्जुमा र कार्यान्वयन गर्दा यो अभ्यासको थालनी गरेको थियो।

यसलाई सकारात्मक भन्न सकिए पनि आयोजनाहरु किन कार्यान्वयन हुन सकेनन्, प्रगति किन ढिला भइरहेको भन्ने पक्षमा भने बजेटको अर्धवार्षिक समीक्षा चुकेको छ। सरकारले पछिल्लो बजेटमा परेका सबै परियोजना तथा कार्यक्रमहरुको कार्यप्रगतिको अर्धवार्षिक समीक्षामा साथै बजेट ल्याउँदा समेत मौद्रिक नीतिको अनुसूचीमा राखिएकै ढाँचामा र सरल भाषामा उल्लेख गर्ने थालनी गर्नुपर्छ। १५औं योजनाले पनि एउटा छुट्टै अध्याय नै राखेर बजेटका कार्यक्रम तथा परियोजनाहरुको अनुगमन र मूल्यांकनका लागि नतिजाको ढाँचा (रिजल्ट फ्रेमवर्क)को व्यवस्था गरेको छ। यसकारण यसको सुरुआत केन्द्रिय सरकारले आफ्नो वार्षिक बजेट र बजेटको आवधिक समीक्षामा नै गरिदिंदा सातवटा प्रान्तीय सरकार र ७५३ स्थानीय सरकारले पनि कार्यान्वयन गर्नुपर्ने हुन्छ।

सरकारले ६ महिनाको अवधिमा गरेका सुधारका कार्यक्रमहरु पनि यस समीक्षाले उल्लेख गरेर जानकारी गराएको छ। उदाहरणका लागि ('आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६' अनुसार यो अर्धवार्षिक समीक्षा तयार पारिएको उल्लेख गरिएको छ, जसलाई असल अभ्यासको औपचारिकीकरण भएको वा कानुनी आधार तयार भएको हुनाले यसले निरन्तरता पाउँछ भन्ने कुराको संकेत गर्छ। यसैले सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारहरुको कार्यान्वयन हुने हामी अपेक्षा गर्न सक्छौं। ठूला आयोजनाहरुको बहुवर्षीय ठेक्काको मापदण्ड तयार भएको, व्यवसायिक निरन्तरता कर्जा प्रवाहको कार्यविधि २०७७ स्विकृत भएको, नवप्रवर्तन सुरुआती पुँजी कार्यविधि २०७७ तयार भइ कार्यान्वयनमा आएको उल्लेख गरिएको छ। ३९६ स्थानीय तहमा ५, १०, १५ शय्याका आधारभूत अस्पताल निर्माण कार्य अघि बढेको पनि बजेट समीक्षामा समेटिएको छ।

यी कुराहरुका आधारमा नागरिक तथा प्राज्ञिक समाजले सरकारको मूल्यांकन आगामी दिनमा गर्नसक्ने छन्। विभिन्न मापदण्ड तथा कार्यविधिहरु इत्यादि तयार भइसकेकाले अब चाहिँ कामले गति लिनुपर्छ, कामले गति लिन नसक्नुका कारण खोज्ने विश्लेषण गर्ने आधारहरु सरोकारवालाहरुका लागि हुनुलाई पनि राम्रो मान्न सकिन्छ। यसैगरी सरकारले 'सहलगानी सम्बन्धी कार्यविधि २०७७' ल्याएको छ। यसले तीनै तहका सरकारबीच हुने परियोजना-कार्यक्रमहरु कार्यान्वयनमा सहकार्य सहज बनाउने छ।

बजेटको अर्धवार्षिक समीक्षाले जनतालाई निराश बनाउने कुराहरु पनि उल्लेख गरेको छ। जस्तै - राष्ट्रिय गौरवका आयोजनाहरुमा ६ महिनाको प्रगति जम्मा १५ प्रतिशत मात्र रहेको सूचना त्यहाँ छ। विगत तीन-चार वर्षदेखि नै सुनिँदै आएको यही प्रकारको प्रगतिको अवस्थाले हामीलाई निराशावादी बनाउँछ।

दोस्रो, बजेटका आर्थिक लक्ष्यहरु हुन्छन्। तर आर्थिक लक्ष्य प्राप्तिमा के प्रगति भयो, सरकार खुलेर आउँदैन, चाहे त्यो वार्षिक बजेटमा होस् वा अर्धवार्षिक समीक्षामा। त्यसैले आर्थिक लक्ष्यहरुको अवस्थाको 'क्वान्टिफिकेसन' सहित आउनुपर्छ।

उदाहरणका लागि, बजेटको एउटा आर्थिक लक्ष्य भनेको उच्च आर्थिक वृद्धिदर हासिल गर्ने नै हो। यस्तै, सन् २०३० मा मध्यम आय मुलुक र सन् २०४३ मा उच्च आय (प्रतिव्यक्ति आय १२ हजार अमेरिकी डलर) भएको समुन्नत मुलुकमा रुपान्तरण हुने लक्ष्य छ हाम्रो। यस्ता माइलस्टोनहरु हासिल हुने बाटोमा हामी छौं कि छैनौं भन्ने हेर्ने भनेको आर्थिक वृद्धिदरबाट नै हो। यसैले आर्थिक वृद्धिदरको स्थिति के छ भन्ने त्रैमासिक रुपमा निरीक्षण हुन आवश्यक छ, ताकि हाम्रो समय बर्बाद नहोस् र आवश्यक ठाउँमा समयमै सुधार (करेक्सन) गर्न सकियोस्। तर अहिले जसरी त्रैमासिक जीडीपीको तथ्यांक लुकाउँदा त्यसमा सुधारका लागि पनि एक वर्ष कुर्नुपर्ने हुन्छ। अर्थतन्त्रका लागि एक वर्ष लामो समय हो। अर्को महत्वपूर्ण आर्थिक लक्ष्य रोजगारी पनि हो। बजेटमा प्रमुखताका साथ उल्लेख गरेर साढे सात लाख रोजगारी सिर्जनाका लागि थुप्रै कार्यक्रम समेटिएको छ। यत्रो ठूलो लक्ष्य 'रोजगारी' मा हाम्रो प्रगतिको अवस्था के छ भन्ने बजेटको समीक्षामा छैन। रोजगारी सिर्जनाका लागि भनेर बजेटले प्राथमिकताका साथ समेटेका कार्यक्रमहरुको मूल्यांकनमा अर्धवार्षिक समीक्षा चुक्यो।

कोभिडका कारण स्वदेश र विदेशमा रहेका नेपालीको रोजगारी जोखिमको पृष्ठभूमिमा आन्तरिक रोगजारी सिर्जना गर्ने थुप्रै कार्यक्रमहरु बजेटमा परेका थिए। ७५३ स्थानीय तहमा नै बेरोजगारहरुको सूचना संकलन गर्ने पूर्वाधारसमेत बनाइएको छ। त्यसमा १३ लाख हाराहारीले दर्ता गरेको भन्ने सूचना पनि बाहिर आइरहेको छ। यसका बाबजुद त्यति ठूलो महत्व दिएर ठूलो बजेट विनियोजन भएका ती कार्यक्रमबाट ६ महिनामा कतिजनाले रोजगारी पाए, के छ त्यसको प्रगति भन्नेमा बजेट समीक्षा मौन छ। त्यत्रो हाइफाइ गरेर ल्याइएको कार्यक्रमहरुमाथि अन्याय भयो, इमानदार समीक्षा भएन। कोभिड महामारी जोखिमको बेलामा समेत कर्णाली र सुदूरपश्चिम प्रदेशका लाखौं मानिसहरु गौरीफन्टा, बनबासा, रुपैडिया नाकाबाट लाइन लागेर रोजगारीका लागि भारत गएका छन्। रोजगारीलाई प्राथमिकतामा राखेको भनेको सरकारले बेरोजगारीका कारण यसरी जोखिम मोलेर आफ्ना लाखौं नागरिक भारत जान बाध्य भएको देखिरहेको भएपनि यसको समीक्षा कहिँ कतै नगर्नु राम्रो होइन।

कृषिलाई सबै कुराको रामवाण हो भन्ने किसिमले कोभिडको सन्दर्भमा सरकार र प्राज्ञिक समूहले पनि लियो, जसलाई रोजगारी सिर्जनासँग समेत जोडिएको छ। तर कृषिले मात्र सबै कुराको समाधान दिँदैन। अर्थशास्त्री आर्थर लुइसले एउटा सिद्धान्त प्रतिपादन गरेका छन्। जसअनुसार उनले नेपालजस्तो'अल्पविकसित देशहरुमा कृषिमा ग्रामीण क्षेत्रमा अधिक श्रमशक्ति आपूर्ति हुन्छ। यस्तो अधिक श्रमशक्तिलाई कृषिबाहेक अन्य क्षेत्रमा परिचालन गर्नुपर्छ ताकि उत्पादकत्व बढोस्' भनेका छन्। यसको आशय अल्पविकसित मुलुकहरुको कृषिमा आवश्यकताभन्दा बढी श्रमशक्ति लागेको छ भन्ने हो। अहिले नेपालको तथ्यांकलाई हेर्ने हो भने ६३ प्रतिशत जनशक्ति (रोजगारी) कृषिमा आश्रित छ भने त्यसले राष्ट्रिय अर्थतन्त्रमा २७ प्रतिशत मात्र योगदान पुर्‍याएको छ। उत्पादन क्षेत्रमा संलग्न १६ प्रतिशत रोजगारी (जनशक्ति)ले अर्थतन्त्रमा गर्ने योगदान १४ प्रतिशत छ। २१ प्रतिशत रोजगारी सेवा क्षेत्रमा छ, जसले राष्ट्रिय अर्थतन्त्रमा ५८ प्रतिशत योगदान पुर्‍याएको छ।

यो अवस्थामा औद्योगिक र सेवा क्षेत्रमा लागेका जनशक्तिलाई फेरि यी क्षेत्रभन्दा कम उत्पादकत्व भएको कृषिमा डोहोर्‍यासएर बढी रोजगारी दिन्छु भन्ने नारा लगाउनु, चिन्तन-बहस गर्नु र त्यहीअनुरूपको नीति निर्माण गर्नु मुर्खताबाहेक अरु के हुन सक्छ ? कृषि क्षेत्रमा गुन्जायसै छैन। यसका बाबजुद पछिल्लो लगभग एक वर्षयता वैदेशिक रोजगारी र आन्तरिक रोजगार बजार (शहरहरु)बाट गाउँ फर्किएका वा फर्किने श्रमशक्तिलाई कृषिमा नै रोजगारी दिन्छु भन्नु र यसका लागि व्यवस्था गर्छु भन्ने सोच अत्यन्त त्रुटिपूर्ण र आँकडा तथा तथ्यांकहरुलाई आत्मसात नगरेको विश्लेषणरहित थियो। स्वास्थ्य क्षेत्रलाई पनि बजेटमा त्यतिकै महत्व दिइएको छ। ३९६ स्थानीय तहमा आधारभूत अस्पताल निर्माणको थालनी मंसिरमै घोषणा गरिएको हो। यसकारण त्यसयता यसमा कहाँ के कति प्रगति भयो भन्ने सूचना पनि समीक्षामा उल्लेख छैन।

आधारभूत स्वास्थ्य सेवा आवश्यक छ। तर त्यसअतिरिक्त विशिष्टिकृत स्वास्थ्य सेवाका लागि आवश्यक ठाउँमा 'सेन्टर अफ एक्सिलेन्स' को पनि स्थापना गर्नुपर्ने हुन्छ। त्यसले आधारभूत स्वास्थ्य सेवालाई पूर्ण बनाउने काम गर्छ। यसले पनि बजेट समीक्षाले सम्बोधन गर्नुपर्थ्यो, जसमा यो चुकेको छ। मुलुक संघीयतामा गइसकेकाले ठाउँ ठाउँमा विशिष्टिकृत स्वास्थ्य सेवा केन्द्रहरु पनि स्थापना गरेर काठमाडौं नै आउनुपर्ने अहिलेको अवस्थाको अन्त्य गर्न आवश्यक छ। अन्यथा किन हामीलाई संघीयता चाहियो भन्ने कुरा आउँछ। सरकारले सात प्रदेश र ७५३ स्थानीय तहमा वित्तीय हस्तान्तरण पनि गर्छ। सँगसँगै सात वटा प्रान्तीय (प्रदेश) सरकारको वित्तीय स्थितिका सूचनाहरु बाहिर आइरहेका छन्। उनीहरुको बजेट कार्यान्वयनको अवस्था पनि निराशाजनक छ। कतिपयको १५ प्रतिशत हाराहारी र कतिको ६-७ प्रतिशत मात्र छ। जस्तै, कर्णाली, प्रदेश २ र सुदूरपश्चिमको बजेट कार्यान्वयन स्थिति अत्यन्त निराशाजनक छ। तर यो अहिलेको मात्र नभएर पहिलेदेखि नै यस्तै अवस्था छ। यस्ता प्रदेशहरुलाई मुलधारमा ल्याउनका लागि प्रान्तीय सरकारलाई छोडेर मात्र पुग्दैन, केन्द्रिय सरकार र यसको बजेटको दायित्व हुन्छ। तिनीहरुको क्षमता अभिवृद्धिका लागि रुपान्तरणकारी परियोजनाहरु पिछडिएका प्रान्तहरुमा केन्द्रिय सरकारले कार्यान्वयन गरेन भने प्रदेश सरकार र त्यहाँको निजी क्षेत्र तथा जनताको क्षमता बढ्न सक्दैन।

क्षेत्रीय असमानता न्यून गर्न प्रदेश सरकारले आफैं गर्न नसक्ने परियोजनाहरुको सवालमा सुरुआती चरणमा केन्द्र सरकारले चाल्नुपर्ने कदमको विश्लेषण बजेट समीक्षामा हुनुपर्थ्यो, जुन भएको देखिँदैन। यी बहसका विषयहरु हुन्। यसकारण यस्ता कुराहरु बजेटको अर्धवार्षिक समीक्षामा आउनुपर्थ्यो। किनकि यो फगत एउटा प्रतिवेदन मात्र नभएर सरकार र देशको डकुमेन्ट पनि हो। कतिपय मुलुकमा बजेट वा राष्ट्रिय डकुमेन्ट तर्जुमा या समीक्षा गर्दा यस्ता सूचनाहरु समेटिएका हुन्छन्। नेपालमा भने नीति निर्माण तहमा यस्ता सूचनाहरुको विश्लेषण भएको वा प्रवेश पाएको पाइँदैन। हाम्रा नीति निर्माण त्रुटीपूर्ण हुनुको कारण यो पनि हो। संघीय, प्रादेशिक वा स्थानीय तहको बजेट वा आर्थिक नीति बनाउँदा राष्ट्रिय अर्थतन्त्रको अवस्था चित्रण गर्ने तथ्यांकहरु नलिँदा र विश्लेषण नगर्दा हाम्रा नीति निर्माणहरु स्वतः त्रुटिपूर्ण भएर रद्दीको टोकरीमा फाल्नुपर्ने किसिमको नतिजा नदिनेखालको हुन्छ।

यही कारणले तीनै तहका सरकारले बजेट निर्माण गर्दा रोजगारीका हिसाबले कृषिलाई प्राथमिकता दिए पनि अहिले कृषिमा रोजगारी शून्यप्रायः देखिएको छ। बजेटमा यति धेरै जोड दिँदादिँदै पनि कृषिले थप जनशक्तिलाई सोस्न नसक्नु नै हाम्रो विश्लेषण त्रुटिपूर्ण थियो भन्ने हो। बजेटको अर्धवार्षिक समीक्षामा हाम्रा ती आर्थिक मुद्दाहरु पनि समेटिनुपर्थ्यो। ती मुद्दाहरु तत्काल समाधान गर्न नसकिने भएता पनि आगामी वर्षको बजेटमा समेट्न सकिन्थ्यो। त्यसैले बजेटले परिकल्पना गर्न नसकेका वा अन्य परिस्थितिका कारण देखा परेका आर्थिक समस्याहरुको विवेचना अर्धवार्षिक समीक्षामा समेटिनुपर्थ्यो। यो अभ्यास भारतमै पनि छ। भारतले'थिमेटिक' रुपमा आर्थिक मुद्दाहरुमा केन्द्रित भएर विज्ञहरुबाट आर्थिक सर्वेक्षण गर्दछ। जसबाट आर्थिक समस्याहरुको पहिचान र आर्थिक सूचनाहरुको आधारको विश्लेषण भारतले गर्छ। बजेट र आर्थिक सर्वेक्षणको भाषा मिल्दोजुल्दो हुन्छ। आर्थिक सर्वेक्षणलाई बजेटमा 'इन्टिग्रेटेड' गरिएको हुन्छ भारतमा। तर नेपालमा आर्थिक सर्वेक्षण एकातिर बजेट अर्कोतिर हुन्छ। यसरी अर्थतन्त्रका 'थिमेटिक' विषयवस्तुहरु अर्धवार्षिक समीक्षाले नसमेट्नु पनि यसको कमजोरी हो, जसले आगामी वर्षको बजेट निर्माणका लागि सहयोग पुर्‍याउन सक्थ्यो। बजेटको अर्धवार्षिक समीक्षा आगामी आर्थिक वर्षको बजेटको तयारीको प्रतिवेदन पनि भएकाले विषयवस्तुको उठान र बजेटले समेट्न नसकेका आर्थिक समस्याहरुको पहिचान गरेर तिनलाई आगामी वर्षको बजेटमा समावेश गर्ने किसिमले उल्लेख गरिएको हुनुपर्थ्यो। यो पक्षमा पनि यो चुकेको देखिन्छ।

यस्तै, बजेटका ठूलाठूला आँकडाहरु अर्थात् बजेटरी योगांकहरु, जसमा बजेटको आकार, चालु खर्च, पुंजीगत खर्च र ऋण परिचालन इत्यादि हुन्छन्। यी योगांकहरु लक्ष्यभन्दा कति पर गए अर्थात् लक्ष्य र वास्तविकताको जुन खाडल छ, त्यो सरकारले रिपोर्टिङ गर्दै आएको छ। अहिलेसम्ममा विनियोजित बजेटको कुल खर्च ९१ प्रतिशत खर्च भएको र अझ विकास खर्च ८० प्रतिशतमात्र खर्च हुने संशोधित अनुमान बजेट समीक्षामा भनिएको छ। बाँकी ६ महिनामा पनि यही ताल हो भने समग्रमा ७० प्रतिशतमा खर्च खुम्चिन सक्नेछ। विगत तीनवर्षयता लक्ष्य र वास्तविक खर्चबीच यस्तै हालत रहँदै आएको छ। स्रोत परिचालनमा समेत त्यही देखिएको छ। तीन वर्षअघि लक्ष्यभन्दा बढी (१०८-११०५) राजस्व परिचालन हुन्थ्यो भने २०७३ पछि लक्ष्यअनुसार राजस्व परिचालन नै भइरहेको छैन। यसकारण बजेट तर्जुमामाथि प्रश्न उठ्ने वा विश्वसनीयताको समस्या विगत तीन वर्षदेखि उब्जिएको छ । यस कारण यदि लक्ष्यअनुसार बजेटका योगांकहरु छैनन् भने त्यो खाडललाई परिपूर्ति गर्ने बजेटरी आँकडाहरुलाई लिकमा ल्याउने बाटोको विवेचना बजेटको अर्धवार्षिक समीक्षा हुनुपर्थ्यो। तर यसलाई उक्त कोर्स करेक्सनको योजनाको विश्लेषण र सरकारी अंगहरुबीच समन्वयको अवसरका रुपमा लिएको देखिएन। यो पनि बजेटको अर्थवार्षिक मूल्यांकनको कमजोरी हो।

बजेटको लक्ष्य हासिल गर्न तत्कालै र दीर्घाकालीन रूपमा गर्नुपर्ने उपायहरु बजेटको पछिल्लो मूल्यांकनमा उल्लेख गरिएको भने छ तर त्यो प्रतिवेदन सरकार आफैंले तयार पारेको भन्दा पनि कुनै तेस्रो पक्षले दिएको सुझावका रूपमा बनाइएको जस्तो देखिन्छ। कसैले भनेको कुरा लेखेको तर पूर्णरूपमा आत्मसात नगरेको व्यहोराको देखिन्छ। यसकारण आत्मविश्वासका साथ कमीकमजोरीहरु बोध गरेको भान यो अर्धवार्षिक समीक्षामा देखिँदैन। सरकार आफैंले स्वामित्व ग्रहण गरेर बजेटको अर्धवार्षिक प्रगति मूल्यांकन प्रतिवेदन तयार पारेको हुन्थ्यो भने कोर्स करेक्सनका कुराहरु त्यसमा हुन्थ्यो। यसकारण यदि सरकारले तेस्रो पक्षले भनेका कुराहरु बजेट समीक्षामा प्रस्तुत गरेको हो भने ती सुझावहरु अलपत्र पर्ने वा कार्यान्वयन नहुने सम्भावना छ। बजेट तयार गर्दा यसका आकारहरु महत्वाकांक्षी रहँदै आएको विगत केही वर्षयता देखिँदै आएको छ। अर्थात्, बजेट महत्वाकांक्षी हुने तर कार्यान्वयन फितलो हुने। विगत तीन वर्षदेखि बजेट ल्याउँदा र अर्धवार्षिक समीक्षा गर्दा ठूलो स्केलमा बजेटको आकार घटाउने प्रचलन एउटा गलत अभ्यासका रुपमा स्थापित हुँदै गएको देखिन्छ।

कोभिडको सन्दर्भमा कतिपय मुलुकहरुले लक्षित बजेटको आकारभन्दा बढी खर्च गरेका पनि उदाहरणहरु पनि छन्। उदाहरणका लागि भारत। चालु वर्ष २०२०२१ का लागि भारत सरकारले ३० लाख करोड भारुको बजेट ल्याएको थियो। तर उसको खर्च ३४.५ लाख करोड अर्थात् साढे चार लाख करोड भारु बढी भएको छ। यसको अर्थ, कोभिडका कारण देखापरेको विशिष्ट किसिमको स्थितिसँग जुध्नका लागि स्थितिले माग गरेअनुसार 'फिस्कल स्टिमुलस' उसले ल्यायो र त्यसको कार्यान्वयन पनि गर्‍यो। उसको आँकडाले पनि यो देखाएको छ। कोभिडले थलिएको अर्थतन्त्र उकास्न आर्थिक पुनरुत्थानका थुप्रै कार्यक्रमहरु ल्याएर लक्षित बजेटभन्दा बढी खर्च गरेका देशहरुमा बेलायत, अमेरिका लगायतका अरु पनि छन्। तर हाम्रोमा भने कोभिड महामारीको सन्दर्भमा समेत बजेटको आकार घट्नु भनेको हामीले स्वास्थ्य संकटले आर्थिक संकट उत्पन्न गरेको कोभिडलक्षित कुनै कार्यक्रम नै नल्याएको जस्तो देखिन्छ। अगाडिका वर्षजसरी अहिले पनि बजेटको आकार घट्नु भनेको हामीकहाँ अवस्था पहिलेजस्तै समान्य छ, कोभिडले स्वास्थ्य, जनजीवन, रोजगारी, उद्योग-व्यवसाय कुनै पनि क्षेत्रमा असर परेन भन्नु हो। वा, हामीले यी पक्षमा देखिएका चुनौतीलाई नदेखेकोरनस्विकारेको हो।

निजी क्षेत्र कोभिडका कारण शिथिल भएकाले यस्तो बेलामा सरकार नै क्रियाशील हुने हो। यसका बाबजुद सरकारको बजेटको आकार नै घट्ने क्रम यथावत रहने हो भने आर्थिक वृद्धिलाई हाँक्ने र हाम्रा लक्ष्य (माइलस्टोन) हरु पूरा गर्ने प्रक्रिया (ग्रोथ ड्राइभिङ प्रोसेस) के हुने भन्ने पनि हेर्नुपर्छ।

# सर्वोच्च अदालतको संक्षिप्त फैसलाको पूर्ण पाठ

यस इजलासमा विचाराधीन रहेको प्रस्तुत विवादमा निवेदन व्यहोरा, लिखित जवाफ, निवेदकहरु तथा प्रत्यर्थीहरुका तर्फबाट उपस्थित भई बहस गर्नुहुने एवं अदालतको सहयोगीको रुपमा उपस्थित हुनु भएका विद्वान कानून व्यवसायीहरुले प्रस्तुत गर्नु भएको बहसजिकीर, बहसनोट समेतलाई दृष्टिगत् गर्दा प्रस्तुत विवादको निरुपणमा मुख्यतः निम्नलिखित प्रश्नमा निर्णय दिनुपर्ने देखिन आएको छ-

१. प्रतिनिधिसभा विघटनको लागि सम्माननीय प्रधानमन्त्रीले पेश गर्नुभएको सिफारिसका आधारमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७।९।५ मा प्रतिनिधि सभा विघटन भएको प्रश्नमा राजनीतिक विषयवस्तु समावेश भएको भन्ने कारणले प्रस्तुत विवाद यस अदालतले न्यायनिरोपण गर्न मिल्ने प्रकृतिको हो वा होइन ?

२. संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्यमान्यता तथा आफ्नै र संसदीय प्रणाली र भएका विभिन्न मुलुकहरुको अभ्यास बमोजिम प्रतिनिधिसभा विघटन गर्नु नेपालको संविधानसम्मत हुन्छ वा हुँदैन ?

३. नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ प्रयोग गरी प्रतिनिधिसभा विघटन गर्नु संविधानसम्मत हुने हो वा होइन ?

४. सम्माननीय प्रधानमन्त्रीको प्रतिनिधि सभा विघटनको सिफारिस दुराशययुक्त छ वा छैन ?

५. रिट निवेदनको माँग अनुसार आदेश जारी गर्नु पर्ने वा नपर्ने के हो ?

निवेदकहरूको निवेदन व्यहोरा हेर्दा सम्माननीय प्रधानमन्त्री नेपालको संविधान (यस उप्रान्त "संविधान" भनी सम्बोधन गरिएको) को धारा ७६ को उपधारा (१) अन्तर्गतको प्रधानमन्त्री भएको, उक्त धारा अनुसार नियुक्त भएका प्रधानमन्त्रीले संविधानको धारा ७६(७) को अधिकार प्रयोग गर्न नसक्ने, धारा ८५ को व्यवस्थाले विघटन गर्ने अधिकार श्रृजना नगर्ने, प्रधानमन्त्रीको सुविधा वा असुविधाको आधारमा प्रतिनिधि सभा विघटन गर्न पाउने स्वविवेकिय अधिकार यो संविधान वमोजिम प्राप्त गर्न नसक्ने, हाम्रो विशिष्ट प्रकृतिको संसदीय व्यवस्था भएको मुलुकका लागि परम्परागत् संसदीय व्यवस्था भएको मुलुकको दृष्टान्त अनुकरणीय हुन नसक्ने भएकोले संविधानमा नै नभएको अधिकार प्रयोग गरी प्रतिनिधि सभा विघटन गर्ने सिफारिस गैर संवैधानिक भएको हुँदा सम्माननीय प्रधानमन्त्रीले मिति २०७७।९।५ मा प्रतिनिधि सभा विघटन गर्नुभएको सिफारिस र सो सिफारिसको आधारमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७।९।५ गते प्रतिनिधि सभा विघटन गर्ने गरी भएका सम्पूर्ण कार्यहरू नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) वमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी प्रतिनिधि सभाले गर्नु पर्ने कामहरू सम्पादन गर्न आवश्यक र उपयुक्त आदेश गरी पाउँ भन्ने निवेदकको माग दावी रहेको देखिन्छ ।

प्रत्यर्थीहरु मध्यका सम्माननीय प्रधानमन्त्रीले प्रस्तुत गर्नु भएको लिखितजवाफ हेर्दा मुलुकको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको, संविधानको धारा ७४ मा संसदीय शासन प्रणाली अवलम्बन गरी सो प्रणालीका विशेषतालाई स्वीकार गरीएको, प्रधानमन्त्रीले संसद विघटन गर्न पाउने अधिकार संसदीय प्रणालीको अन्तर्निहित मूल्य र आधारभूत मान्यता भित्र पर्ने, धारा ८५ ले प्रतिनिधि सभाको कार्यकाल समाप्त हुनु अगावै विघटन हुनसक्ने अवस्था स्वीकार गरेको, प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनका लागि सिफारिस गर्न नपाउने भनी संविधानले कतै व्यक्त वा अव्यक्तरुपमा रोकेको अवस्था नभएको, धारा ७५ ले प्रदान गरेको कार्यकारिणी अधिकारमा यस विषयमा कुनै सीमा निर्धारण नगरिएको, धारा ७६ को उपधारा (१) बमोजिम मेरो नेतृत्वमा सरकार सञ्चालन भई रहेकोमा धारा ७६ को उपधारा (७) ले बैकल्पिक सरकार गठन हुन नसक्ने अवस्थामा प्रतिनिधि सभा विघटन हुन सक्ने परिकल्पना गरेको र प्रस्तुत विषयवस्तु राजनीतिक भएकोले अदालत प्रवेश गर्न नमिल्ने हुँदा उक्त संवैधानिक व्यवस्था संसदीय शासन प्रणालीको आधारभूत मान्यता र संसदीय प्रणाली अवलम्बन गर्ने मुलुकहरूका अभ्यास समेतका आधारमा प्रतिनिधि सभा विघटनको सिफारिस संविधान सम्मत भएको हुदा रिट निवेदन खारेज गरी पाँउ भन्ने समेत व्यहोरा उल्लेख भएको पाइन्छ ।

उपर्युक्त निवेदनहरुको माँग र लिखित जवाफहरुको जिकीरहरु लगायत नेपालको संवैधानिक व्यवस्था, प्रतिपादित नजीर तथा वाहिरका संवैधानिक अभ्यासहरू समेतका आधारमा बिचार गर्दा निम्नानुसारका अवस्थाहरु देखियो-

(१) प्रत्यर्थीहरुले प्रारम्भिक रुपमै यो राजनीतिक विषयवस्तु समावेश भएको विवाद हुँदा यस अदालतबाट न्याय निरोपण योग्य होइन भन्ने प्रश्न उठाउनु भएको छ। सो तर्फ विचार गर्दा संविधानमा न्यायिक निरुपणको विषय हुदैन भनी प्रष्ट शब्दमा अन्यथा व्यवस्था गरेको विषयका कुरामा वाहेक संविधानमा रहेका कुनै प्रावधानको प्रयोग र व्याख्या सम्बन्धी प्रश्न उठाई अदालतमा प्रवेश गरिएको अवस्थामा त्यस प्रकारका प्रश्नहरूको निरुपण गर्नु यस अदालतको कर्तव्य नै वन्दछ। केवल राजनीतिक महत्व वा राजनीतिक क्रियाकलाप भन्ने जस्ता कुराको आवरणमा संविधानद्वारा निर्धारत सीमा वा परिधि नाधेको भनी उठाएको प्रश्नहरूको निरुपण गर्न पन्छिने हो भने यस इजलासले संविधान प्रदत्त जिम्मेवारी पुरा नगरेको अवस्था सृजना हुन जान्छ। संविधानको धारा ७६ को उपधारा (१) र (७) र धारा ८५ प्रयोग गरी गरिएको प्रतिनिधि सभा विघटनको निर्णय संविधान सम्मत हुन्छ वा हुँदैन भन्ने जस्ता विशद्ध संवैधानिक प्रत्रहरू प्रस्तत विवादमा देखिएको र गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको ती विषयहरूको निरुपण नेपालको संविधानको धारा १३७ को उपधारा (३) बमोजिम यस अदालतको संवैधानिक इजलासले नै हेर्नुपर्ने संवैधानिक दायित्व रहेको कारण प्रस्तुत विवादका प्रत्रहरू न्यायिक निरुपण योग्य रहेको देखिदा राजनीतिक विषयवस्तु वा प्रश्न मात्र सन्निहित रहेको भन्ने तर्क स्वीकार गर्न सकिएन। नेपाल अधिराज्यको संविधान, २०४७ लागू भएपछि पटक पटक प्रतिनिधि सभा विघटन भएकोमा यस अदालतबाट तत्कालिन संवैधानिक व्यवस्थाहरुको आधारमा निवेदक हरिप्रसाद नेपाल समेत वि. सम्माननीय प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला समेत (२०५१ सालको रिट नं. २३०४), अधिवक्ता रबिराज भण्डारी समेत वि. सम्माननीय प्रधानमन्त्री मनमोहन अधिकारी समेत (२०५२ सालको रिट नं. ३१०५), अधिवक्ता श्यामकुमार खत्री समेत वि. सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवा समेत (२०५९ सालको रिट नं. ३५४२) भएका निवेदनहरुमा विघटन सम्बन्धी विवाद अदालतबाट न्यायनिरुपण योग्य संवैधानिक एवं कानूनी प्रश्नको रुपमा स्विकार गरी सकिएको समेत कारणबाट प्रस्तुत विवादको प्रश्न यस इजलासको अधिकारक्षेत्र भित्र नै रहेको देखियो ।

(२) संसदीय प्रणालीका आधारभूत मर्म एवं मुल्य मान्यता र सो प्रणाली अवलम्बन गर्ने विभिन्न मुलुकको अभ्यासलाई आधार लिई प्रतिनिधि सभा विघटन गर्नु संविधान सम्मत हुने हो वा होइन भन्ने दोश्रो प्रश्नतर्फ बिचार गर्दा संविधानको धारा ७४ ले नेपालको शासकीय स्वरुप संसदीय शासन प्रणालीमा आधारित भएकोबाटै प्रधानमन्त्रीलाई विघटनको अन्तर्निहित अधिकार रहेको भन्ने प्रत्यर्थी सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको लिखितजवाफ रहेको छ। उक्त धारा ७४ ले नेपालको शासकीय स्वरुप परम्परागत् संसदीय शासन प्रणालीमा मात्र सिमित नराखी बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने भन्ने उल्लेख गरेवाट ती शब्दावलीहरुलाई सम्पूर्णतामा हेर्नु पर्ने हुन्छ। फेरी यो धारा आफैमा कार्यात्मक धारा भन्ने देखिदैन। संविधानको प्रस्तावनाको प्रारम्भ मै 'हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता' भन्ने वाक्यांशबाट शुरु भई धारा २ मा नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहीत रहेको र यस्को प्रयोग यस संविधानमा व्यवस्था भए बमोजिम हुनेछ" भन्ने उल्लेखन, धारा ८४ मा प्रतिनिधि सभा र धारा ८६ मा राष्ट्रिय सभाको गठनका सन्दर्भमा गरिएका निर्वाचन र मनोनयन प्रणाली. मतदान, उम्मेदवारी र सहभागीता समेतलाई समष्टिमा हेर्दा यो संविधान परम्परागत संसदीय प्रणालीको प्रतिबिम्ब नभई संविधानसभाहरुको लामो प्रयत्न पश्चात आएको दस्तावेज हो। त्यसै गरी धारा ७६ मा मन्त्रिपरिषदको संख्या वा कायम गरिनु पर्ने समावेसिताको सिद्धान्त, धारा ७६ को उपधारा (५) मा प्रतिनिधि सभाको कुनै सदस्य पनि प्रधानमन्त्री नियुक्त हुन सक्ने व्यवस्था, धारा १०० को उपधारा (४) को प्रतिवन्धात्मक वाकमाँशमा उल्लिखित अविश्वासको प्रस्ताव पेश गर्न नपाउने अवधि तथा धारा २९२ को संसदीय सुनुवाईको व्यवस्थाहरूलाई समग्रतामा हेर्दा हाम्रो शासकीय स्वरुप संसदीय प्रणाली हुँदा हुदै पनि आफ्नै अनुभवले खारिएको र आवश्यकताद्वारा अनुप्राणित विशिष्ट किसिमको छ। संसदीय प्रणालीका अन्तभूत विशेषताहरू भन्दा फरक ढङ्गको आफ्नै मौलिकताबाट श्रृजना गरिएका संवैधानिक व्यवस्थाहरूको संरचनाबाट अनुप्राणित रहेको हुँदा यस संविधानमा परम्परागत संसदीय शासन प्रणालीका सबै गुणहरू स्वतः समाहित छैनन्। यिनै कुराहरूको सन्दर्भ र सापेक्षतामा यो संविधानले अङ्गिकार गरेको दर्शनलाई मनन् गर्दै संसदीय शासन प्रणालीका परम्परागत मुल्य मान्यता तथा अभ्यासको कुरालाई हेरिनु वाञ्छनिय हुन्छ। परम्परागत संसदीय प्रणाली अपनाएका मुलुकहरूमा पनि संसद विघटन गर्ने कार्यलाई निरुत्साहित गर्ने तर्फ तथा उत्तरदायी सिमित सरकारको अवधारणा तर्फ उन्मुख हुँदै गएको पाइन्छ।

साविक नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३(४) को प्रावधान अनुसार विगतमा भएका प्रतिनिधि सभा विघटन गर्ने सम्बन्धी अभ्यासहरुबाट सिकिएका पाठहरु समेत मनन् गर्दै वर्तमान संविधानका निर्माताहरूले प्रतिनिधि सभा विघटन सम्बन्धी व्यवस्थालाई संविधानमा निशर्त रूपमा खुला छोडेको पाइदैन। संविधानमा रहेका सीमा बन्देज अनुसारको कारण आइपरेको अवस्थामा वाहेक संसदीय प्रणालीको आधारभूत मुल्य, मान्यता तथा अभ्यासको आधार ग्रहण गरी अन्य विकल्प हुँदा हुँदै कसैको इच्छा वा आत्मनिष्ठरुपमा देखेको आवश्यक्ताका आधारमा आवधिक चुनाव बाहेकको अवस्थामा जनतालाई समेत आर्थिक दायित्व पर्ने गरी प्रतिनिधि सभा विघटन गरिनु संविधानको मर्म र उद्देश्य नहुँदा त्यस्तो कार्य संविधान सम्मत हुँदैन ।

(३) नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ वमोजिम प्रतिनिधि सभा विघटन गर्नु संविधान अनुकुल छ वा छैन भन्ने तेश्रो प्रश्नका सम्बन्धमा विचार गर्दा सर्वप्रथम संविधानमा रहेका प्रावधानहरुको व्याख्या कसरी हुन्छ भन्ने संवैधानिक व्यवस्था तर्फ विचार गर्नु आवश्यक छ। संवैधानिक व्याख्याको सम्बन्धमा फरक फरक प्रकृतिका अवधारणा, सिद्धान्त तथा विज्ञहरुको राय रहेको अवस्थामा सर्वप्रथम आफ्नै संवैधानिक र कानूनी व्यवस्थाको विवेचना गर्नु आवस्यक हुन्छ। संविधानले व्याख्याको आवस्यकता पर्न सक्ने परिकल्पना गरेकै कारण धारा ३०६ को उपधारा (२) मा "विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरुको अधीनमा रही कानूनको व्याख्या सम्बन्धी कानूनी व्यवस्था नेपाल कानूनको व्याख्यामा लागू भए सरह यस संविधानको व्याख्यामा पनि लागू हुनेछ" भन्ने उल्लेखनवाट कानून व्याख्या सम्बन्धी प्रचलित कानून तथा यस अदालतबाट विभिन्न समयमा कानूनको व्याख्या सम्बन्धमा कायम भएका नजीरहरुको आधारमा संवैधानिक व्यवस्थाको पनि व्याख्या हुनपर्ने प्रष्ट छ। यस परिप्रेक्षबाट संविधानको धारा ७६ को उपधारा (१),(२),(३) र १५) लाई दृष्टिगत गर्दा प्रतिनिधि सभा निर्वाचनको परिणाम घोषणा पछि प्रधानमन्त्री नियुक्ती सम्बन्धमा पहिलो चरणमा बहुमत प्राप्त संसदीय दलको नेता स्वतः नै सम्माननीय राष्ट्रपतिबाट प्रधानमन्त्री नियुक्त हुने सम्बन्धमा दुविधा देखिदैन। सार्वभौमसत्तासम्पन्न जनता समक्ष आफू जनताको प्रतिनिधित्व गर्दै सरकार बनाउने प्रतिवद्धता साथ चुनावमा भाग लिई जनप्रतिनिधीको रुपमा चुनिएर जाँदा त्यस्ता जनप्रतिनिधिहरुको दलले संसदमा बहुमत प्राप्त गरेको अवस्थामा त्यस्तो बहुमत प्राप्त संसदीय दलको नेतासंग सरकार बनाउने र राज्य संचालन गर्ने बाहेक अन्य कुनै संवैधानिक विकल्प नै रहदैन। चुनावमा जनताबाट बहुमत प्राप्त गरेपछि संसदीय दलको नेता चयन गरी प्रधानमन्त्री दिनु, त्यस्तो संसदीय दल र दलका प्रत्येक निर्वाचित जनप्रतिनिधिको सवैधानिक कर्तव्य नै हुन जान्छ भने संसदीय दलको नेताको हैसियतले नियुक्त भएका प्रधानमन्त्री तथा मन्त्रिपरिषद संसदप्रति उत्तरदायी भई तथा राज्य संचालन गर्नु सवैधानिक नैतिकताको विषय पनि हो। त्यस प्रकारको अवस्था नभई प्रतिनिधि सभामा कुनै दलको स्पष्ट बहुमत नरहेको अवस्थामा अर्थात दोस्रो चरणमा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई सम्माननीय राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नु पर्ने हुन्छ। यसरी पनि प्रधानमन्त्री नियुक्त हुने अवस्था नभएमा वा नियुक्त भएका प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा तेस्रो चरणमा राष्ट्रपतिले प्रतिनिधि सभामा सवै भन्दा वढी सदस्यहरू भएका दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ। यसरी नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा चौथो चरणमा प्रतिनिधि सभाका कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्रीमा नियुक्त गर्नुपर्ने हुन्छ। यसरी क्रमवद्ध रुपमा धारा ७६ को उपधारा (२),(३र (५) का विकल्पहरु हेर्दै जाँदा दुई वा सो भन्दा बढी दलहरु बीच एकिकरण भई धारा ७६ को उपधारा (१) को प्रयोजनार्थ संसदभित्र बहुमतप्राप्त भएको देखिने दल सिर्जना भएमा वा पछिल्लो चरणमा दुई वा सो भन्दा बढी दलहरुबाट सरकार गठन हुन सक्ने नयाँ समिकरण सिर्जना भएमा पनि त्यस्तो सरकार बनाउने विकल्प प्रतिनिधीसभा भित्रै खोज्नु पर्ने उक्त धारा ७६ को समष्टिगत उद्देश्य र मनशाय रहेको देखिन्छ ।

उक्त धारा ७६ को उपधारा (१),(२),(३) र (५) को समग्र बनोटलाई हेर्दा प्रधानमन्त्री नियुक्तिमा एक पछि अर्को प्रक्रिया अभ्यासगत रुपमा प्रतिनिधि सभा भित्र क्रियान्वयन हुदै गई प्रधानमन्त्री नियुक्त हुन नसकेको वा विश्वासको मत प्राप्त गर्न नसकेको अवस्था सिर्जना भएमा त्यस्तो वाध्यात्मक अवस्थामा मात्र धारा ७६ को उपधारा (७) बमोजिम तत्काल वहाल रहेका प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभा विघटन हुने संवैधानिक व्यवस्था रहेको देखिन्छ। यस बाहेक प्रतिनिधि सभामा कुनै दलको बहुमत रहेको र धारा ७६ को उपधारा (१) बमोजिमको सरकार बन्न सक्ने टडकारो अवस्थामा धारा ७६ को उपधारा (७) वमोजिम प्रतिनिधि सभा विघटन हुन सक्छ वा सक्दैन भन्ने पनि प्रश्न पनि सृजना हुन सक्छ। प्रतिनिधि सभामा बहुमत प्राप्त दलले आफ्नो नेताको चुनाव गर्छ र स्वतः नै नीजलाई राष्ट्रपतिवाट प्रधानमन्त्री नियुक्त गरिन्छ भन्ने विश्वास गर्नु सामान्य समझको कुरा हो ।

प्रस्तुत विवादमा प्रकट भएका वस्तुतथ्य सन्दर्भमा हेर्दा चुनाव पश्चात शुरुमा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिको कार्यालयको मिति २०७४।३।३ को नेपाल राजपत्रमा प्रकाशित सूचना वमोजिम नेपालको संविधानको धारा ७६ को उपधारा (२) अनुसारको सरकार गठन गर्न प्रधानमन्त्री नियुक्त गरिएको देखिए तापनि मिति २०७५।२।३ मा दुई पार्टी एकिकरण भई मिति २०७५।२।५ मा सम्माननीय प्रधानमन्त्री संयुक्त संसदीय दलको नेता चुनिनु भएपछि उहाँको हैसियत धारा ७६ को उपधारा (१) बमोजिमको बहुमत प्राप्त प्रधानमन्त्रीको रुपमा परिवर्तन भएको तथ्यगत् रूपमा देखिएको छ। निवेदकहरुले उहाँको हैसियत धारा ७६ को उपधारा (१) बमोजिमको प्रधानमन्त्रीको रूपमा परिवर्तन भएको बारे नेपाल राजपत्रमा सूचना प्रकाशित नभएको भन्ने प्रश्न उठाएपनि प्रस्तुत विवादमा सम्माननीय प्रधानमन्त्रीलाई आफ्नै सत्तारुढ दलका केही सदस्यहरुले असहयोग गरेको कारण प्रतिनिधि सभा विघटन गर्नु परेको भन्ने उहांको लिखितजवाफमा रहेको र विघटनको सिफारिस गर्दा प्रतिनिधि सभामा बहमत प्राप्त संसदीय दलको नेताको हैसियत कायमै रहेको अवस्था हुँदा त्यसतर्फ प्रवेश गर्नु भन्दा धारा ७६ को उपधारा (१) बमोजिम हैसियत राख्ने प्रधानमन्त्रीलाई धारा ७६ को उपधारा (७) वमोजिम प्रतिनिधि सभा विघटन गर्ने अधिकार रहे नरहेको तर्फ नै केन्द्रित हुनु आवस्यक देखियो। जनताले चुनाव मार्फत संसद दिन्छ, संसदले ने सरकार दिन्छ भन्ने मान्यतामा संसदीय व्यवस्था चलेको हुन्छ। संविधान निर्माताले आफ्नै देशका विगतका संबैधानिक अभ्यासहरु समेतलाई मध्यनजर राखि संसदले सरकार दिन सक्ने अवस्था र विकल्प कायम रहेसम्म प्रतिनिधि सभामा बहुमत कायम रहेको संसदीय दलको नेतालाई नेपालको संविधानले धारा ७६ को उपधारा (७) मा उल्लिखित प्रावधानहरूको अभ्यास गर्नु पर्ने अवस्थाको परिकल्पना गरेको देखिदैन ।

अर्कोतर्फ, प्रतिनिधि सभाको कार्यकाल सम्बन्धमा संविधानको धारा ८५ को उपधारा (१) मा "यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुने छ भन्ने व्यवस्था रहेको र उक्त धारा ८५ को उपधारा (१) को सन्दर्भ धारा ७६ को उपधारा (७) मा मात्र सिमित नगरी "यस संविधान बमोजिम" भन्ने शब्दावली परेको कारण धारा ७४ मा उल्लिखित संसदीय शासन प्रणालीको आधारभूत मूल्य र मान्यता बमोजिम सम्माननीय प्रधानमन्त्रीलाई संसद विघटनको असिमित अधिकार रहेकोले प्रतिनिधि सभा विघटनको लागि धारा ८५ र ७४ आफैमा क्रियाशील धारा भएको भन्ने जिकीरहरु तर्फ समेत विवेचना गर्नु पर्ने देखिन्छ। माथी उल्लेख भए बमोजिम यो संविधान परम्परागत संसदीय प्रणालीको प्रतिविम्ब नभई विगतका अनुभवहरुलाई समेत मध्यनजर गर्दै संविधानसभाहरुको लामो प्रयत्न पश्चात सहमतिय आधारवाट अन्तिमता प्रदान भएको दस्तावेज रहेको र संवैधानिक सर्वोच्चतालाई अंगिकार गरेको सम्बन्धमा विवाद नहुँदा प्रतिनिधि सभा विघटनका सम्बन्धमा संविधानमा शाब्दिकरुपमा ब्यक्त अवस्था परिस्थिति र अधिकार वाहेक अब्यक्त अधिकार पनि रहेको भन्ने दावी स्विकारयोग्य देखिदैन। संसदले प्रधानमन्त्री दिने र संसदले दिएको प्रधानमन्त्री सोही संसदप्रति उत्तरदायी हुने व्यवस्था धारा ७६ मा रहेवाट सिमित सरकारको अवधारणा अंगिकार गरेको यस संविधानले प्रतिनिधि सभा विघटनको केही पूर्वावस्थालाई लिखित रुपमा राखेको र अन्य अवधारणागत् अधिकारलाई मौन वा सुषुप्त रुपमा क्रियाशील राखेको अनुमान गर्न सकिदैन। त्यसैले धारा ८५(१) मा "यस संविधान वमोजिम अगावै विघटन भएकोमा बाहेक' भन्ने वाक्याँशले प्रतिनिधि सभा निर्वाचन पश्चात धारा ७६ को उपधारा (१), (२) (३) र (५) बमोजिम प्रधानमन्त्री नियुक्त हुन नसकेपछि वा नियुक्त भएका प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेपछि प्रतिनिधि सभाका अरु कुनै सदस्य प्रधानमन्त्री नियुक्त हुने विकल्प समाप्त भएपश्चात धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन हुने संवैधानिक प्रावधान रहेको भन्ने अर्थमा नै वुझाउछ। प्रतिनिधि सभाको कार्यकाल निर्धारण गर्ने प्रयोजनार्थ रहेको धारा ८५ को उपधारा (१) प्रतिनिधि सभा विघटन गर्न अधिकार सजना गर्ने स्वतन्त्र धाराको रुपमा रहेको भन्ने तर्क स्विकार गर्न सकिदैन। संविधानको धारा ७५ को उपधारा (१) मा नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानून वमोजिम मन्त्रिपरिषदमा निहित रहने र अधारा (२) मा यो संविधान र कानूनको अधीनमा रही नेपालको शासन सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषदमा हुने व्यवस्था रहेको छ। धारा ७५ को उपधारा (२) मा प्रयुक्त यो संविधान र कानून को अधीनमा रही भन्ने उल्लेखनले कार्यकारिणी अधिकारको प्रयोग यहि संविधान र कानूनको अधीनमा रहेर गर्नुपर्ने सम्बन्धमा विवाद हुन सक्दैन। प्रतिनिधि सभा विघटन सम्बन्धमा पनि संविधानले प्रदान गरेको अधिकार र निर्धारण गरेका सीमा बन्देजलाई अनिवार्य रूपमा पालना गरीनु पर्दछ। लिखित संविधानको लक्ष्य सीमित सरकार हुन्छ र हरेक अङ्गको अधिकारको सीमा रेखा संविधानले कोरेको हुन्छ। संविधानवाद सम्बन्धी अवधारणाले सरकारको शक्तिमा सीमितता, राज्यशक्तिको बिभिन्न अंगमा शक्ति र अधिकार समेतको पृथकीकरण र जनताप्रति उत्तरदायी सरकार सञ्चालन सम्बन्धि मान्यतालाई आत्मसात गरेको हुन्छ। राज्यको सबै अङ्गको अधिकारको सिमारेखा संविधानवाट नै निर्धारित गरी शक्ति सन्तुलनको पालनमा प्रभावकारी बनाउनु नै लिखित संविधानको गुण हो।

त्यस्तै धारा ५८ को अवशिष्ट अधिकार संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको वाँडफाँड सम्बन्धी प्रावधानसंग सम्बन्धित रहेको पाइन्छ। संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुने व्यवस्था हुँदा प्रतिनिधि सभा विघटन धारा ५८ को अवशिष्ट अधिकारको सन्दर्भमा प्रयोग हुने व्यवस्था होइन। धारा ३०६ को उपधारा (१) को खण्ड (ज) मा "राज्यशक्ती को परिभाषामा उल्लेख भएको अवशिष्ट अधिकारले धारा ५८ लाई समेत संकेत गरेको छ। संघ प्रदेश र स्थानिय तह बीचको अधिकारको विभाजनमा शुन्यताको अवस्था भएमा मात्र यो धारा ५८ क्रियाशील हुने देखिन्छ। उक्त धाराहरुमा प्रतिनिधि सभा विघटन गर्न प्रधानमन्त्रीको अधिकार श्रृजना गर्ने प्रावधान नदेखिएबाट उक्त धाराहरुको आवरणमा प्रतिनिधि सभा विघटनको सिफारिसलाई संवैधानिक रहेको भनी पटी गर्ने संविधानसम्मत आधार नदेखिएको र माथी विवेचना गरिएको कारण र आधारहरूबाट धारा ७६ को उपधारा (१) बमोजिम प्रतिनिधि सभामा बहुमतप्राप्त नेताको हैसियतमा रहनु भएका सम्माननीय प्रधानमन्त्रीलाई धारा ७६ को उपधारा (७) को पूर्वशर्तहरू आकर्षित हुने अवस्था नै नरहने हुँदा उक्त धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटनको सिफारिस गर्न पाउने संवैधानिक अधिकार रहेको पाइएन ।

(४) अव, प्रतिनिधि सभा विघटनको सिफारिस दुराशययुक्त छ वा छैन भन्ने चौथो प्रश्नका सम्बन्धमा विचार गर्दा जनताले चुनाव मार्फत प्रतिनिधि सभाको लागि दलहरु मार्फत वा स्वतन्त्र सांसद समेत दिईसकेको अवस्था रहेकोमा संसदले प्रधानमन्त्री समेत दिई मन्त्रिपरिषदको गठन भए पश्चात दलको आन्तरिक विवादको कारण सरकार संचालन असहज भएको एवं अपेक्षा अनुसार काम गर्न नसकेको भन्ने लिखित जवाफहरुबाट देखिन्छ। राजनीतिक दलको आन्तरिक विवाद प्रचलित ऐन र दलको विधान बमोजिम समाधान गर्नु सम्बन्धित दलका प्रत्येक सदस्यको कर्तव्यको बिषय भई संसदीय दलको नेता माथी बिश्वासको मत यथावत रहेको वा अविश्वास रहेको कारण संसदीय दलको नेता परिवर्तन हुने भन्ने सम्बन्धमा विधान बमोजिम प्राप्त उपचारको मार्ग अवलम्बन गरि निकास प्रदान गरिने नै हुँदा र संविधानले किटान गरेको पूर्वावस्थाको अभावमा प्रतिनिधि सभा विघटनको सिफारिस संविधान प्रतिकूल भएको माथि विवेचना भईसकेकोले यस पृष्टभूमीमा प्रतिनिधि सभा विघटन दुराशययुक्त हो वा होइन भन्ने तर्फ तत्काल प्रवेश गर्नु उपयुक्त देखिएन ।

(५) अव, रिट निवेदनको माग अनुसार आदेश जारी गर्नु पर्ने वा नपर्ने के हो भन्ने पाँचौ प्रश्नका सम्बन्धमा विचार गर्दा संघीय संसदको प्रतिनिधि सभाको विघटनको लागि नेपालको संविधानले निर्दिष्ट गरेका निश्चित पूर्वावस्थाहरुको अभावमा तथा संविधानको आधारभूत मर्म, मूल्य र मान्यता प्रतिकूल सम्माननीय प्रधानमन्त्रीले संविधानको धारा ७६ को उपधारा (१) र (७, धारा ८५ तथा संसदीय प्रणालीको आधारभूत मर्म एवं मुल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरुको अभ्यास वमोजिम भनी संघिय संसदको वर्तमान प्रतिनिधि सभा विघटनका लागि सम्माननीय राष्ट्रपति समक्ष गर्नु भएको मिति २०७४।९।५ को सिफारिस तथा सो बमोजिम सम्माननीय राष्ट्रपतिबाट सोही मितिमा भएको प्रतिनिधि सभा विघटनको निर्णय, विज्ञप्ती समेतका तत्सम्बन्धी सम्पूर्ण कामकारवाहीहरु असंबैधानिक भएकोले प्रारम्भ देखि नै कानूनी प्रभाव शून्य रहने गरी उत्प्रेपणको आदेशले बदर हुने ठहर्छ। उपर्युक्त वमोजिम जारी गरीएको आदेशको परिणामस्वरुप संघीय संसदको प्रतिनिधि सभा उक्त असंवैधानिक विघटन भन्दा पहिलेकै स्थितिमा पुनर्स्थापित भई यथास्थितिमै काम गर्न सक्षम र समर्थ रहेको छ। प्रतिनिधि सभाको छैठौं अधिवेशन मिति २०७७।३।१८ मा अन्त्य भएको र संविधानको धारा ९३ को उपधारा (१) बमोजिम अनिवार्य रुपमा छ। महिनाभित्र अर्को अधिवेशन आह्वान हुनुपर्नेमा उपर्युक्त बमोजिम प्रतिनिधि सभा असंवैधानिक विघटन भएको कारणबाट समयावधि व्यतित भएतापनि त्यस्तो विघटनको परिणामस्वरुप बैठक वस्ने मिति समेत स्वतः परिवर्तन भएको मानि यो आदेश जारी भएको मितिले १३ (तेह्र) दिन भित्र प्रतिनिधि सभाको अधिवेशन बोलाई बैठकको लागि आवस्यक व्यवस्था गर्नु गराउनु भनि प्रत्यर्थीहरु मध्यका श्री राष्ट्रपतिको कार्यालय, शीतलनिवास. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, सम्माननीय प्रधानमन्त्री के.पी. ओली, सम्माननीय सभामुख अग्निप्रसाद सापकोटा, प्रतिनिधि सभाका नाममा परमादेश समेत जारी गरिएको छ ।

यो आदेशको पालना तत्काल कार्यान्वयन गरिनुपर्ने प्रकृतिको रहेको र आदेशको पूर्णपाठ तैयार हुन समय लाग्ने भएकोले यो संक्षिप्त आदेश जारी गरिएको छ। आदेशको जानकारी सम्बन्धित पक्षहरुलाई तत्काल गराइदिनु ।

# चीनले गरेको कृत्रिम वर्षाले विश्वलाई कस्तो असर गर्ला ?

बेइजिङ संसारकै सबैभन्दा प्रदूषितमध्येको एउटा सहर हो। तर त्यहाँ बादल हटेर घाम लागेको देखियो भने त्यो दिन कुनै महत्वपूर्ण राजनीतिक भेटवार्ता वा अन्तर्राष्ट्रिय महत्वको कार्यक्रम आयोजना भइरहेको हुन्छ। त्यो कुनै संयोग होइन। चिनियाँ अधिकारीहरूले मौसमलाई कृत्रिम रूपमा परिवर्तन गर्ने कार्यक्रम वर्षौंदेखि सञ्चालन गरिरहेका छन्। यो वर्षको डिसेम्बरमा सरकारले उक्त कार्यक्रमलाई देशभरि विस्तार गर्ने निर्णय गरेको छ। अधिकारीहरूले कृत्रिम वर्षा वा हिमपात गर्ने कार्यक्रमले सन् २०२५ भित्र ५५ लाख वर्ग किलोमिटर क्षेत्रफल ओगट्ने लक्ष्य लिएका छन् जुन चीनको भूगोलको झन्डै ६० प्रतिशत हो। तर पहिलेदेखिकै क्षेत्रीय तनावका माझ छिमेकी भारतसहितका देशहरूले उक्त प्रविधिको प्रभावको अनिश्चिततताबारे चिन्ता प्रकट गरेका छन्।



**चीनले कसरी मौसमलाई नियन्त्रणमा गर्न खोजेको छ ?**

चीनले'क्लाउड सीडिङ' भनिने विधिलाई प्रयोग गरिरहेको छ। यसमा सिल्भर आयोडाइड नामक यौगिकलाई बादलमा छर्केर वर्षा गराउने प्रयास गरिन्छ। यो नै मौसम परिवर्तन गराउने विधि हो। 'धेरै देशहरूले यो विधि प्रयोग गरिरहेका छन्। चीनले यसलाई लामो समयदेखि प्रयोगमा ल्याएको छ। भारतले पनि यसको प्रयोग गरेको छ,' कर्णाटकस्थित मणिपाल अक्याडमी अफ हाइअर एजुकेशनकी जलवायुविज्ञ धनश्री जयराम भन्छिन्। 'यो विधि खडेरीको ठूलो समस्या भएको अफ्रिकाको सब-सहारा वा उत्तर पूर्वी क्षेत्रमा प्रयोग गरिएको छ। अस्ट्रेलियामा पनि यो विधि अपनाइएको छ।' तर, जयरामको विचारमा अन्यत्र बेइजिङले योजना बनाएकोभन्दा सानो स्तरमा यो विधि अवलम्बन गरिएको छ। क्लाउड सीडिङ विधिको इतिहास सन् १९४० को दशकमा अमेरिकाबाट सुरु भए पनि यसको परिणामलाई लिएर अझै पनि आशङ्काहरू गर्ने गरिएको छ।

'यसको प्रभावकारिताबारे एकदमै न्यून संख्यामा वैज्ञानिक शोधपत्रहरू लेखिएका छन्,' बेइजिङ नर्मल यूनिभर्सिटीका जोन सी मोर भन्छन्। 'क्लाउड सीडिङ विधि कुनै पनि किसिमले वैज्ञानिक रूपमा पुष्टि नगरी अघि बढाइएको थियो।' बेइजिङले ठूला कार्यक्रमजस्तै संसद्को वार्षिक सत्र आयोजना गर्दा प्रदूषण नियन्त्रण गर्न उद्योगहरू पनि बन्द गरिन्छ। मोरका अनुसार खेतीमा क्षति नपुगोस् भनेर चीनमा ५०,००० वटा सहरले यो विधि नियमित रूपमा प्रयोग गर्दै आएका छन्। उनले भने, 'खासगरी असिनाले बालीमा क्षति नपुर्‍याओस् भनेर त्यसले खतरनाक स्वरूप ग्रहण गर्नुअघि नै वर्षालाई बादलबाट अलग गर्न यो विधि अपनाइन्छ।' तर, वैज्ञानिकहरू यो विधि चीनमा वर्षको एक वा दुई महिना मात्रै प्रभावकारी हुने बताउँछन्। सन् २०२० को फेब्रुअरीमा न्यू साईन्टिस्ट म्यागजीनले पर्वतीय क्षेत्रको बादलबारे एउटा अमेरिकी अनुसन्धानबारे लेख प्रकाशित गरेको थियो। त्यसमा क्लाउड सीडिङ विधिले वर्षा बढाउने तर त्यो वृद्धि १० प्रतिशतभन्दा कम हुने उल्लेख छ।

**पानीको स्वामित्व कसको ?**

चीनको राज्य परिषद्ले डिसेम्बरमा मौसममा कृत्रिम परिवर्तन ल्याउने घोषणा सार्वजनिक गरेको थियो। त्यस बेला निकालिएको विज्ञप्तिमा उक्त प्रयासले विपद् व्यवस्थापन, कृषि उत्पादन, वन तथा घाँसे मैदानमा हुने आगलागी र अस्वाभाविक उच्च तापक्रम वा खडेरीको व्यवस्थापनजस्ता समस्या समाधान गर्न सहयोग पुग्ने भनिएको थियो। त्यसबाहेक अरू कुरा विस्तृत रूपमा उल्लेख गरिएको थिएन। बेइजिङमा रहेकी एक बीबीसी संवाददाताका अनुसार दस्तावेजको नाम 'विकाससम्बन्धी एक अवधारणा' राखिएको थियो जसको साधारण अर्थ सरकारले सामान्य रूपरेखा तय गर्छ र विभिन्न मन्त्रालय र उल्लेख्य स्रोत प्राप्त गर्ने स्थानीय सरकारले ठोस कदमहरू चाल्छन् भन्ने बुझिन्छ। उदाहरणका लागि उत्तरमा अवस्थित गाङ्सु प्रान्तले तत्कालै ठूला ड्रोनहरूको प्रयोगमा केन्द्रित भएर 'महत्वाकांक्षी लक्ष्य' निर्धारण गरेको थियो। विज्ञप्ति आएको एक महिनाभन्दा कम अवधिमा चीनले गान्लिन-१ ड्रोनको पहिलो उडान गर्दै मौसममा कृत्रिम परिवर्तन ल्याउने आफ्नो कार्यक्रम अघि बढाएको खबर समाचारसंस्था सिन्ह्वाले प्रकाशित गरेको छ। यो विधिबारे व्यक्त गरिएको शङ्काले चीनलाई ठूलो लगानी गर्नबाट रोक्न सकेको देखिँदैन। अनि चीनसँग रणनैतिक विवाद रहेका छिमेकी देशहरूलाई यसले चिन्तित बनाएको छ। 'यो प्रविधिले वर्षा याममा पर्ने पानीलाई कस्तो प्रभाव पार्छ भन्ने एउटा मुख्य चिन्ता हो। तर यसबारेमा त्यति धेरै अध्ययन भइसकेको छैन,' धनश्री जयराम भन्छिन्। उनका अनुसार चीन र भारतबीच राम्रो सम्बन्ध भएको भए यस्तो खालको गतिविधिबारे भारतमा खासै चासो रहँदैन थियो। तर सीमा क्षेत्रमा दुवै देशका सैनिकहरूबीच बढेको तनावसँगै भारतमा चीनविरोधी धारणा बढेको छ।

**वर्षाको चोरी**

न्याशनल ताइवान यूनिभर्सिटीले सन् २०१७ मा प्रकाशित एउटा प्रतिवेदनमा मौसमको कृत्रिम परिवर्तनमा समन्वय नहुँदा त्यसले छिमेकी देशबीच आकाशे झरीलाई चोरी गरिएको आरोप निम्त्याउन सक्ने उल्लेख गरेको थियो। मोरका अनुसार यस्ता खालका आरोपलाई प्रमाणित गर्ने वैज्ञानिक आधार छैनन् तर एशियाको मनसुन बढी नै संवेदनशील छ।

'मनसुनलाई प्रभाव पार्ने एउटा मुख्य चिज तिब्बती पठार र हिन्द महासागरको तापक्रमको अन्तर हो,' उनले भने। 'त्यही भएर कतिपयले योजना गरे जस्तै तपाईंले तिब्बतको पठारमा महत्वपूर्ण परिवर्तन गर्नुभयो भने मलाई लाग्छ त्यसको ठूलो प्रभाव पर्नेछ।' क्लाउड सीडिङभन्दा परसम्म चीन पुग्छ भन्ने चिन्ता पनि यो क्षेत्रमा रहेको जयराम बताउँछिन्। उनका अनुसार चीनले अरू देशलाई नसोधी अझ महत्वकांक्षी जिओ-इन्जिनीयरिङ विधि अवलम्बन गर्न सक्छ। उनले भनिन्, 'प्रविधिमा नै जोखिम छ जस्तो मलाई लाग्दैन। तर प्रत्येक देशको आफ्नो भूगोलमा सार्वभौम अधिकार हुन्छ। उदाहरणका लागि यस्तो प्रविधिले केही नराम्रो भयो भने के हुन्छ ? कसले क्षतिपूर्ति तिर्छ ?' सम्भावित तनावलाई ध्यान दिँदै यस्ता अभ्यासलाई नियन्त्रण गर्न विश्वव्यापी मापदण्ड बनाइनुपर्ने जयरामको विचारसँग चीनमा जिओ-इन्जिनियरिङ कार्यक्रमको नेतृत्व गरिरहेका मोर पनि सहमत छन्।

## किन....

८. **पैशाच विवाह :** कन्याको बलात्कार गर्ने र त्यसै कन्यासँग गरिने विवाह।

पहिलो चार विवाहलाई सम्मान र स्वीकृति थियो तर गन्धर्व विवाहसहित बाँकी चार विवाह निन्दनीय मानिन्थे। पुरुषले बहुविवाह गर्ने कुरा सामान्य थियो खासगरी अभिजात्य परिवारमा। यस्ता विविध विवाह प्रथा 'पितृसत्तात्मक सामाजिक प्रणाली' का आधार हुन्। पितृसत्ता टिकाइ राख्न पुरुषलाई 'पुत्र-वंश' आवश्यक हुन्छ। सन्तान उत्पादनका लागि महिला अपरिहार्य हुने भएकाले पितृसत्ताले वैवाहिक संस्था खडा गर्‍यो। यसमा महिलालाई केही स्थान त दियो तर वंशको हक पुरुषमा मात्र सीमित राख्यो। सन्तान आमाको नामबाट परिचित हुने प्रथा खोस्यो। जसरी पनि, जति पटक लगाएर भए पनि, पुत्र नै जन्माउनु पर्ने अनिवार्यता स्थापित गर्‍यो। यदि पुरुष-पुरुषबाट सन्तान, त्यो पनि पुत्र उत्पन्न सम्भव हुँदो हो त, पुरुषले महिलासँग गर्ने यस्ता विवाह-प्रथा सायदै हुन्थे। पितृसत्ताको गहिराई बुझ्न विवाह कार्यविधिका केही महत्वपूर्ण पाटा छन् जसलाई सुक्ष्म ढंगले हेर्नैपर्छ।

कन्यादान, महिला 'वस्तु वा सम्पत्ति' भइसकेका हुन्छन्। पुरुष-पिताले दान दिन्छ र पुरुष-पतिले स्वीकार गर्छर। लडाइँ जीतमा शंख फुक्ने, लालध्वजा फहराउने, सिन्दुरे जात्रा गर्ने प्रचलन हुन्छ। जंगली पशुलाई पाल्तु बनाउन नाकमा नत्थी लगाइन्छ, घाँटीमा दाम्लो र खुट्टामा सिक्री बाँधिन्छ। विवाह-कर्म पनि शंख फुकेर सुरू हुन्छ। महिलाले कपालमा धागो (ध्वजा स्वरूप), नाकमा नत्थी, घाँटीमा पोते, हातमा चुरा-वाला (दासताको चिह्न), गोडामा पाउजु ( वांधाको चिह्न) बाँधेर विवाह-मण्डपमा जान्छन्। कन्यादान हुन्छ। दुलाहाले सिन्दुर लगाइदिन्छन् (आफ्नो विजयको निसानी)। महिला पूर्ण पाल्तु बनाइन्छन्, रुनु सिवाय कुनै उपाय छैन। विवाह दुलहीहरू खुब रुन्छन्। परिचय बदलिन्छ, देश-ठेगाना बदलिन्छ र खोसिन्छ आफ्नो मन र शरीरमाथिको स्वामित्व। दुलाहा पक्ष खुब खुसी हुन्छन्। हर्षबढाइँ हुन्छ। बाजागाजा, नाचगान हुन्छ र विजय यात्रासहित दुलही लैजान्छन्। सुहाग रातमा नत्थी लगाएर पाल्तु बनाइसकिएकी दुलहीलाई 'म ( दुलाहा) सँग तिमी हमेशा पूर्ण पाल्तु हुनु आवश्यक छैन। खासगरी विछौनामा, थोरै 'जंगली' हुन सक्छ्यौ' भनेझैं दुलाहाले नत्थी उतारिदिन्छन्। यो सबै कार्मकाण्ड निकै भद्दा र अपमानजनक छ। आजको सामाजिक चेतनाले त यो सहन नसक्नुपर्ने हो।

**मातृसत्ताको 'ब्रेन वास'**

पौराणिककालमा धेरै पुराण लेखिएका छन्। पुराना मिथकलाई त्यस युगको पितृसत्ता सुहाउँदो हुनेगरी लेखिएका छन्। जस्तै लिंगपुराणमा कालीलाई शिवकी पत्नी भनिएको छ। नारीको राजनैतिक अधिकार र स्वतन्त्रतामा पुरुषको पूर्ण नियन्त्रणको संकेत ! विष्णु पुराणमा लक्षमीलाई विष्णुकी पत्नीका रूपमा स्थापित गरिएको छ। नारीको आर्थिक अधिकारमा पुरुषको पूर्ण नियन्त्रणको संकेत ! सरस्वतीलाई ब्रह्माकी छोरीका रूपमा चित्रण गरिनुले पुरुष भनेको ज्ञानको क्षेत्रमा महिलाको 'बाउ' हो भन्ने सन्देश दिइएको छ। त्यसो त महिलाको शिक्षामाथिको अधिकार हननको सुरूआत उनीहरूलाई वेद पढ्न नदिएदेखि नै सुरू भएको थियो। (सायद हरिहरको समयको कुरा हो यो) काली भद्रकाली हुँदै, सती, पार्वती र गौरी भइसकिन्। मातृसत्ताको शक्ति र नेतृत्वको विम्ब खतम भइसकेको अवस्थामा पितृसत्ताको अन्तिम चाल अब'आम महिलाको भावना-चेतना'मा केन्द्रित हुन्छ। आम महिलाले बिद्रोह त गर्दैनन् भन्ने डरले 'ब्रेन वास' गर्न सुरू हुन्छ।

पितृसत्ता स्थापित भइसकेपछि त्यसलाई निरन्तरता दिन र स्थायीत्व प्रदान गर्न आम महिलाको भावना-चेतनालाई'ब्रेन वास' गर्न चरिएका र प्रचलनमा ल्याइएका कथा तथा संस्कारमध्येका अघिल्ला कडी हुन् तीज, श्री स्वस्थानी र श्री सन्तोषीमाता व्रत कथा लगायत। महिलामा पतिप्रति भक्तिभाव उमार्ने, सहनशीलता, पतिव्रता, त्याग, पतिलाई परमेश्वर मान्नुपर्ने जस्ता ग्रन्थ धडाधड लेखिएका छन् पुराणकालमा। आदिकालमा रक्तबिज राक्षसलाई युद्धमा जित्न नसकेर ब्रह्मा, विष्णु, शिव लगायत सबै देवगणले प्रार्थना गरेर प्रकट भएकी काली कालान्तरमा भद्रकाली, सती हुँदै, पार्वतीका रूपमा रपान्तरण भइसक्दा पति प्राप्तिका लागि प्रार्थना, तपस्या र श्री स्वस्थानी माताको व्रत-पूजा गर्छिन्। सूवर्ण वर्णकी, त्रिनेत्रधारी, प्रशन्न मुद्रा भएकी, कमल र सिंहासनमा बसेकी, चार हात भएकी देवीलाई स्वस्थानी देवी भनी स्कन्द पुराणमा उल्लेख गरिएको छ। चार हातमध्ये पहिलोमा नीलकमल, दोस्रोमा खड्ग, तेस्रोमा ढाल र चौथोमा वरदमुद्रा लिएकी देवी स्वस्थानी हुन् भनी पुराणमा उल्लेख छ। यस्ती देवीको विधिपूर्वक व्रत गरेमा विछोड भएका जोडीको पुनः मिलन हुन्छ भन्ने विश्वास छ। पति रूपमा कसैलाई इच्छाएको भए प्राप्त हुने कथासमेत प्रचलित छ।

सत्ययुगमा हिमालय पर्वतकी छोरी पार्वतीले 'महादेव पति पाऊँ' भनी विष्णुको निर्देशनअनुसार स्वस्थानीको व्रत गरेको कथा स्वस्थानी कथामा वर्णन छ। व्रतप्रतिष्ठापछि 'हे स्वस्थानी माता, हजुरको कृपाले मेरो व्रत पूरा भयो भनी अर्घ्य दिई १०८ प्रसाद मध्येबाट ८र८ वटा प्रसाद आफ्ना श्रीमानलाई दिनू, श्रीमान नभए छोरालाई, छोरा नभए मीतछोरा, मीतछोरा पनि नभए मेरो अमूक कार्य पूरा होस् भनि नदीमा बगाइदिनू' भनिएको छ। उता सन्तोषीमाताको कथामा व्रत गरे दुःख दिने सासूससुरा ठीक हुन्छन्, विदेश गएको पति घर फर्किन्छ र पुत्रलाभ पनि हुन्छ भन्ने भावनात्मक कथा रचिएको छ। यहाँ महिलाको उच्च आदर्श भनेको, सबैको पीडा-अन्याय सहनु, पतिको मिलनका लागि व्रत वस्नु, पति र पुत्र प्राप्ति नै जीवनका लक्ष्य हुन भन्न खोजिएको छ। यी कथामा कालीबाट गौरी हुँदै समग्रमा पितृसत्ता तथा परिवारमा पतिका दास भइसकेका 'देवी'लाई आदर्शका रूपमा देखाएर, उनीहरूकै अनुशरण गर्न सिकाइएको छ। नारीले जस्तो सुकै अन्याय सहनू, पति वा पुत्रका लागि ज्यान पनि दिन तयार हुनू लगायत कुरालाई निकै भक्तिभाव झल्काउने गरी देखाइएको छ।

**मध्य युग**

भारतका थानेश्वर राज्यका राजा हर्षवर्द्धनको समयमा लगभग सबै नारीको शिक्षा अवरुद्ध हुन्छ। काव्य, संगीत, नृत्य, वाद्य, चित्रकला, पाक शास्त्र, शृंगार, केस तथा फूल सजावटजस्ता क्षेत्रमा भने खुब लगाइन्छ। मध्ययुगताका (ई १२००) विज्ञानेश्वरले टिप्पणी गरेका छन्- घरका कसैलाई नभनी र पछौरा नओढी स्त्री घरबाहिर नजाऊन्। छिट्टो-छिट्टो नहिँडून्। पसले, संन्यासी र वृद्ध वैद्यबाहेक अन्य कुनै पुरुषसँग कुरा नगरून्। आफ्नो नाइटो खुला नराखून्। खुट्टाको गोलीगाँठोसम्म छोप्ने वस्त्र धारण गरून्। मुख नढाकी नहाँसून्। पति र सम्बन्धीको घृणा नगरून्। अन्य धूर्त नारी, वेश्या, अभिशारिणी, संन्यासिनी, भाग्य बताउनेवाली, जादुटुना गर्नेवाली र गुप्तविधि गर्नेवाली दूःशिल स्त्रीको संगत नगरून्। यिनको संगतले नारीको चरित्र भ्रष्ट हुन्छ। मध्य युगमा जब भारतमा मुस्लिम आक्रमण हुन थाल्यो तब नारीलाई अपहरणबाट'बचाउन' र'रक्त शुद्धी'का लागि महिलामाथि थप पावन्दी लगाइयो। मुस्लिम महिलाले बुर्का लगाए, हिन्दुले शीर ढाकेर मात्र घरबाहिर जाने गर्न थाले।

अकबर बादशाहले स्त्रीका बारेमा कठोर शब्द भनेका छन्, 'यदि कुनै नौजवान स्त्री बाटोमा घुंघटबिना देखिई भने उसलाई वेश्यालयमा लगिदिनू र उसलाई त्यही पेसा गर्न लगाउनू।' मुसलमान महिला आफ्ना पतिको उपस्थितिमा मात्र अन्य पुरुष-सम्बन्धीसँग कुरा गर्न सक्थिन्। रानी पद्मावती मुस्लिम आक्रमणकारी खिलजीसँग जानुभन्दा 'पवित्र' रहन आत्मदाह गर्छिन्। सती प्रथाले व्यापकता पाउँछ। सती प्रथा अब करिब-करिब अनिवार्यजस्तै बनिसकेको हुन्छ। सती देवीको नाममा चलेको सती प्रथा करिब सय वर्षअगाडि सम्म खुबै फैलिएको थियो। 'सती' शब्द आजसम्म पनि एउटा 'पवित्र' स्त्रीको व्याख्या गर्न प्रयोग हुन्छ। यसरी महिलाहरूलाई शक्तिका प्रतीक कालीबाट'दासी' बनाउन पितृसत्ताले धेरै ब्रेन वास गरिसकेको छ। उसले बनाएका नियम र चलन जोगाउन उसले खास केही गर्नै पर्दैन, यस्ता परम्परा रक्षा गर्ने'सेना' बनाइसकेको छ। पितृसत्ताका पक्षपोषण गर्ने यस्ता धर्म-ग्रन्थ वा चाडपर्व वा परम्पराको विरोधमा कसैले बोल्यो भने'हाम्रो धर्मले महिलालाई देवी मानेको छ' भन्नेहरू निस्किन्छन्। त्यसैले कुनै बेला कालीको प्रार्थना गर्ने त्रिदेवले अहिले केही गर्नै पर्दैन, कालीबाट गौरी भएकालाई आशीर्वाद दिए पुग्छ, त्यसैले त पितृसत्ता ढुक्क छ!


# निर्माण कार्यका लागि तयार छौं

काठमाडौं उपत्यका तथा काभ्रेपलाञ्चोक जिल्लामा कुनै पनि किसिमका निर्माण कार्य गर्नुपरेमा हामी सेवाका लागि हाजिर छौं।

सानातिना निर्माण, मर्मतदेखि हाउजिंग, पुल, बाटो, निजी घरहरुको निर्माणका लागि हामी तपाईको सही छनौटमा पर्ने विश्वासमा छौं।

**जलपरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**

काठमाडौं-१०, गौशाला



# होटलका लागि हामीलाई सम्झनु होस्

काठमाडौंको पवित्र पशुपतिनाथको मन्दिर नजिकै सुविधासम्पन्न होटलमा उचित खर्चमा उच्चस्तरको बसाइका लागि होटलको खोजीमा हुनुहुन्छ भने हामी तपाईका लागि सहयोगी बन्न सक्छौं।

**हाम्रा सुविधा तथा विशेषताहरु :**

- आवश्यकता अनुसार तातोपानी, चिसोपानीको सुविधा
- व्यक्तिको आवश्यकता अनुसारका ठूला तथा साना कोठाहरु
- पारिवारिक तथा व्यक्तिगत कोठा तथा बेडहरु
- सफा तथा स्वच्छ वातावरण
- गौशालाबाट नजिकै रहेकाले सार्वजनिक तथा जुनसुकै किसिमका सवारी साधनहरु जतिबेला पनि उपलब्ध हुने।
- विभिन्न अन्य स्थान घुम्न जान चाहनेका लागि ती स्थानका लागि सवारी साधनको व्यवस्था, टिकट तथा
- अन्य सहयोगीहरुको सुविधा
- सवारी साधनको आवाज तथा धुँवा धुलोबाट मुक्त
- विभिन्न किसिमका खाजा, खाना ग्राहकको चाहनाअनुसार उपलब्ध गराइने।

# न्यु होटल पशुपति दर्शन

रातोपुल, गौशाला, काठमाडौं, सम्पर्क नं. ९७७ ०१ ४४९५४०४

इमेल lamasanu732@gmail.com, hotelpashupatidarshan@gmail.com

# काँग्रेसलाई बोझ बन्दै महाधिवेशन

नेपाली काँग्रेसलाई महाधिवेशन गराउनै सकस परेको देखिन्छ । कारण के होला ? चार वर्षको पदावधि सकेर पनि विधान र संविधानको छिद्रमा छिरेर डेढ वर्ष अवधि थप्ने प्रयत्नमा छ काँग्रेसको केन्द्रीय समिति । यसमा पनि छिद्रको एक वर्ष बिताइसकेको छ र अब संविधानको छ महिने सुविधा लिएर काँग्रेस केन्द्रीय समिति सगौरव पदासीन हुनेछ । यसरी पदासीन नेतृत्व वा पदाधिकारीले दिने विधि, लोकतन्त्र र कानुनी राजको भाषणमा कार्यकर्ताले ताली पिट्नु पर्छ । बिचरा गरुन् के ? भातृ संस्थादेखि पार्टीका तल्ला तहका पदाधिकारी सबैको पद यही तदर्थ नेतृत्वको कृपामा थपिएको जो छ ! नेपाली काँग्रेसको सत्तरी वर्षभन्दा लामो इतिहासमा अहिलेजस्तो दुर्गति कहिल्यै भएको थियो ? काँग्रेसका नेता, कार्यकर्ता र अध्येताले चासो राख्ने विषय भयो । विश्लेषकहरु चाहिँ काँग्रेसको अहिलेको अकर्मण्य दुर्गति यही शैलीमा केही समय जारी रहने हो भने यसको औचित्यप्रति नै जनविश्वास भत्किने चिन्ता व्यक्त गर्दैछन् ।

सामाजिक तहबाट आएको चिन्ताप्रति काँग्रेस नेतृत्व कति गम्भीर छ भन्ने कुनै छनक पाइँदैन । किनभने, जनस्तरको जिज्ञासा र भनाइप्रति विमर्श गर्न काँग्रेस नेतृत्वमा कुनै रुचि देखिँदैन । प्राज्ञिक विमर्शको ज्ञान वा बोध त नेपाली राजनीतिमै हराएको लामै समय भयो । कम्युनिस्टहरुको बोलबाला बढ्दै जाँदा प्राज्ञिक विमर्श बाधित हुने नै हो । प्रगतिशीलताको सुन्दर शब्दखोलमा सबै पक्षलाई कम्युनिस्टीकरण गर्ने एकाधिकार वा अधिनायकी पाठ्यक्रमले दिने दीक्षा नै त कम्युनिस्ट हो । शब्द प्रगति, काम अगति ! प्रगतिशीलताले व्यवहारमा प्रतिस्पर्धा खोज्छ तर कम्युनिस्ट दीक्षाले एकाधिकार सिकाउँछ ।

यस्तो 'अगति'बाट जोगिनुपर्ने हो नेपाली काँग्रेस । अर्थात् काँग्रेसले प्राज्ञिक विमर्श र जनसंवादलाई जीवन्त राख्नुपर्ने हो । कम्युनिस्टले जस्तो आफ्नो भनाइमात्र जनतालाई कोचाउने तरिका लोकतन्त्रवादी भन्ने काँग्रेसलाई सुहाउँदैन । काँग्रेसले आफैँ पनि बाटो बिराएको छ । लोकतन्त्रको विरुद्ध नदेखिनुबाहेक यही लोकतन्त्रलाई आन्तरिक जीवन र सार्वजनिक प्रयोग गर्दा पनि काँग्रेस चुकेको छ । तर, व्यावहारिक प्रयोगमा चुक्दा पनि लोकतन्त्रसँग काँग्रेसको सैद्धान्तिक आबद्धता निर्विवाद चाहिँ छ । उसको खासियत यतिमात्रै हो अहिलेमा । यहाँ लेख्न खोजिएको पनि काँग्रेस नेतृत्वले काँग्रेसकै हुर्मत लिएको विषय वा अवस्था हो । तेह्रौं महाधिवेशनबाट सभापति बनेका शेरबहादुर देउवा नेतृत्वको कार्यसमितिको पाँच वर्षे उपलब्धिलाई फर्किएर समीक्षा गर्दा उत्साहित हुने उद्धरण कतै भेटिँदैन । म्यादमाथि म्याद थपेर पदमा टाँसिनुको औचित्य के हो ? पुष्टि हुँदैन । सभापति देउवाले आफ्नो नेतृत्वको कार्यसमितिलाई यतिबिघ्न निकम्मा बनाउन किन खोजे ?

त्यसो त बखान्नलाई, संविधान सभाबाट बनाइएको संघीय, लोकतान्त्रिक, गणतन्त्रात्मक संविधानअनुसार अहिलेको नेतृत्वले पहिलो चुनाव गरायो भन्ने भक्तोक्ति हुनसक्छ । ठीक पनि हो, चुनाव गराएकै हो तर चुनावको परिणाममा आफ्नो प्रतिच्छाया काँग्रेस नेतृत्वले नियाल्ने हिम्मत कहिल्यै स्वीकार्यो ? जस



कुलचन्द्र वाग्ले

पाउने काम गर्दासमेत किन परिणाम यस्तो ? नेतृत्वले आत्मसमीक्षा गरेको थाहा भए काँग्रेसका पदाधिकारीहरुलाई होला ! आफैँ नेतृत्वले निकालेको परिणामप्रति गैरजिम्मेवार र अरु बिग्रिए आफू माथि पर्ने सोच भएको नेतृत्वले संगठनको बलमा विश्वास गर्ने रहेनछ । उसको लागि संगठन सिँढी हो सुविधाको बार्दलीमा पुग्ने, हालिमुहाली आर्जन गर्ने । यसका लागि गुट भए पुग्यो, बस् । नेपाली काँग्रेस नेतृत्वको सोच यसभन्दा उपल्लो दर्जाको देखिएन यतिबेला । सुध्रिएला ? खै, सोभिmने छाँटै छैन तर पनि आशा मार्न त भएन । भन्छन् नि 'सास रहुञ्जेल आश ।' तैपनि, घुम्दै, फिर्दै जनताले नेपाली काँग्रेससँग आशा, अपेक्षा राखेका छन् अहिले । यो कमाइ अहिलेको काँग्रेस नेतृत्व र कार्यसमितिको प्रत्यक्ष आर्जन भने होइन । बरु बिरासतले आर्जित विश्वासको इतिहासको अंश यसमा छ । कम्युनिस्टहरु देश, लोकतन्त्र र जनहितको काम गर्न इमानदार नभएको वा पूर्णतः असफल भएको कारण काँग्रेससँग अपेक्षा बढ्नु स्वाभाविक हो । अहिले यही हो र बढेको अपेक्षालाई ओइलाउन नदिन काँग्रेस नेतृत्व आफैँ पनि ओइलाउनु हुँदैनथ्यो ।

स्थिरता, विकास र समृद्धिको नारा दिएर संसद्मा झन्डै दुईतिहाइ बहुमत पाएको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) सभ्य सरकार चलाउन, सुशासन दिन वा संविधानको मर्यादा बचाउन अक्षम, असमर्थ र अनिच्छुक प्रमाणित भएको छ । कम्युनिस्टका लागि सरकारी सत्ताबाहेक राजनीतिमा अरु केही छैन भन्ने मान्यता यहाँ पनि नेकपा ओली समूहको अध्यक्ष तथा कम्युनिस्ट प्रधानमन्त्री केपी शर्मा ओलीले स्थापित गरिदिए । प्रधानमन्त्रीको कुर्चीमा अवैध तरिकाले पदासीन (सांसद् पदको शपथ नै नलिई ) भएका कम्युनिस्ट नेता ओलीले प्रथम प्रहरदेखि नै संविधानविपरीत राज्यशक्ति केद्रित गर्ने अथवा विधि, विधेयक र कानुन ल्याउने सिलसिला सुरु गरेका हुन् । यसरी उनले सुरुमै अवैध बाटामा हिँड्ने सन्देश दिएका हुन् । पूर्वएमाले नेता ओलीलाई जस्तै विनाशपथ राष्ट्रपतिबाट 'प्राप्त प्रधानमन्त्री' सहुलियत अरु कसैलाई मिल्थ्यो होला र ? यहींबाट कम्युनिस्ट नेता ओलीले आफ्नो 'मकसद'मा राष्ट्रपतिको सहीछाप लाग्ने सन्देश त्यति बेलैबाट दिएका हुन् । यस्ता अवैध कदमलगायत सरकार संरक्षित भ्रष्ट्राचार (नीतिगत, आर्थिक वा अख्तियार प्रयोग) र स्वेच्छाचारी सरकारी कदमको सशक्त प्रतिवाद नेपाली जनताले सुरुबाटै नेपाली काँग्रेसबाट अपेक्षा गरेका थिए । तर, काँग्रेस नेतृत्वले केही थान विज्ञप्ति, वक्तव्य र पत्रकारसँग भलाकुसारी गरी जनअपेक्षालाई उपेक्षा गर्यो र भन्यो काँग्रेस इमानदार प्रतिपक्ष हो, शालीन प्रस्तुति दिन्छ, कम्युनिस्टले जस्तो तोडफोड, ढुंगामुढा गर्दैन । सुन्दा लाग्यो, काँग्रेसले बुझेको प्रतिवाद के ढुंगामुढामात्र हो ? प्रतिवादका अरु कैयौं तौरतरिका होलान्, खोज्न पनि सकिन्छ होला । सशक्त प्रतिवादी शक्ति नदेखाएकै कारण असंवैधानिक, अलोकतान्त्रिक र स्वेछाचारी निर्णय गर्ने कम्युनिस्ट प्रधानमन्त्री ओलीसँग काँग्रेस नेतृत्वले चोचोमोचो मिलाएको आरोप लागेको हो । अहिले त नेकपा 'ओली' का अध्यक्ष तथा प्रधानमन्त्री केपीले देश, संविधान, लोकतन्त्र र समग्रमा जनतालाई नै संकटमा धकेली सक्दा पनि काँग्रेसको 'सशक्त आवाज' किन मधुरो हो ? सबैले आश्चर्यमा छन् । राज्य सञ्चालन प्रक्रियालाई विधिसम्मत हिँडाउन हस्तक्षेप गर्ने हैसियत नदेखाएको काँग्रेसले आफ्नै विधिलाई पनि मूर्च्छित बनाएको छ । काँग्रेसमा पनि विधि एकातिर स्वेच्छाचारी प्रवृत्ति कार्यान्वयन अर्कातिर न छ ।

काँग्रेस नेतृत्वलाई १४ औं महाधिवेशन गर्नै नपरे हुन्थ्यो भन्ने लागेको हो कि, महाधिवेशनलाई भूत ठानेर तर्सिएको हो ? जेहोस्, अझै छ महिना थप्ने सुविधा उपयोगले तदर्थ नै सही भएका सबैको पद बाँच्ने मजा भने छ । कम्युनिस्ट नेता ओलीले सुरु गरेको राष्ट्रिय हार्रहुर्रमा पुनः पदासीन हुने जमर्को मिले थप अरु साँढे पाँच वर्ष हात लाग्ने नै छ । सबैभन्दा ठूलो समाधान काँग्रेस नेतृत्वलाई यही हो कि क्या ! नभए महाधिवेशन गर्न यति सकस त हुनु नपर्ने हो । कोरोना महामारी सुरु हुनु अगावै काँग्रेस समितिको पदावधि सकिएको हो । त्यतिबेला कुनै तयारी गरिएको थिएन, सार्नकै लागि । 'भाग्य'ले कोरोना भित्रियो, महाधिवेशन गर्नै परेन । थप एक वर्ष धकेल्ने बाहाना बनाइयो । अहिले 'ओली रचित' राजनीतिक उछित्तो उपाय भएको छ । कानुन वा संविधानको व्याख्या गर्ने अदालतलाई राजनीतिक विचारको बिसौनी बताएर महाधिवेशनको सकस थप महिना घिसार्दा नेतृत्वलाई सपना बुन्ने अवसर भने प्राप्त हुन्छ नै । 'सीमान्त उपयोग' अर्थशास्त्रको शब्द हो । काँग्रेसले पनि विधि, विधान, संविधान सबैले दिएको गारोको सारोलाई सीमान्त उपयोग गर्ने इच्छा देखाएको छ । आगामी भदौको (७-१०) मा गर्न प्रस्तावित १४ औं महाधिवेशन दुर्भेद्य अप्ठेरोमा फसेर नेपाली काँग्रेस साँच्चै बाघको मुखमा नपरोस् ।

# मानव बेचबिखन तथा तस्करीको आधुनिक रुप

**राकेश प्रसाद चौधरी**

अन्तर्राष्ट्रियस्तरमा फैलिएको सांगठनिक अपराधमध्ये अहिले बढी चर्चा, बहस र अभियान मानव बेचबिखन तथा तस्करी बिरूद्ध लक्षित छ । यस अन्तराष्ट्रिय जालोबाट नेपाल दुईतर्फी मारमा परेको छ । नेपालबाट हुने नेपालीको बेचबिखन तथा तस्करी, यस क्षेत्रलाई 'ट्रान्जिट' बनाएर गरिने गतिविधि एवं अरू देशबाट तस्करी गरि ल्याएकाहरुको आश्रयस्थल नेपाललाई बनाइनुले यो समस्या निकै जटिल छ । यस गंभिर प्रकृतिको अपराधलाई निरूत्साहन गर्न र यस अपराधबाट पीडित हुन नदिन चारैतर्फबाट अग्रसरता देखिएको छ ।

मानव बेचबिखन तथा तस्करीसँग लागूऔषध र हतियारको व्यापार पनि जोडिएरै आएको देखिन्छ । यी अपराधबाट हुने आम्दानीको लगानी आतंकवादी गतिविधि तथा मानव अधिकारका बिरूद्धमा पनि लक्षित रहेका हुन्छन् । नेपाल प्रहरीले मुख्य कार्यालयमार्फत हेर्ने गरेको यस्ता अपराधहरुको अनुसन्धान र निरूत्साहनका लागि राजधानी (काठमाडौं) केन्द्रित छुट्टै ब्यूरोहरू मार्फत काम कारबाही हुनेगर्छ ।

नेपाल सरकार (मन्त्री परिषद) ले २०७५ साल जेष्ठ २७ गतेको निर्णयानुसार मानव बेचबिखन अनुसन्धान ब्यूरोको स्थापना गरिएको हो । ब्यरोले २०७६ साल बैशाख २९ गतेबाट कानुन किताब व्यवस्था समितिको भवनमा कार्यालय स्थापना गरि कार्यारम्भ गरेको छ । ब्यूरोको कामलाई विशिष्टिकृत गर्दै २०७६ भदौ ४ गतेको नेपाल सरकार (मन्त्री परिषद्) निर्णय भई प्रहरी नियमावली २०७१ मा सातौ संशोधन गरेर यस ब्योरोको लागि कार्यादेश प्राप्त भएको हो भने २०७६ असोज १३ गतेको प्रहरी नियमावली २०७१ मा सातौ संशोधन नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएको छ ।

मानव अंग व्यापार, बिवाह, मनोरंजन, यौनजन्य क्रियाकलाप, निकृष्ट श्रम, रोजगार, बधुवा मजदूरी, गुलामी, बच्चाको जन्म, लालनपालन, लागूऔषध एवं हतियार ओसारपसारसहितको काममा प्रयोग हुनेहरू बेचबिखन र तस्करीको माध्यमबाट यस अपराधको जंजालमा जकडि्एको अध्ययनले देखाउँछ । नेपालको सुरक्षा निकाय, बिभिन्न गैरसरकारी संघसंस्थाबाहेक मानवअधिकार आयोगले समेत मानव बेचबिखन तथा तस्करीको घटनासँग सम्बन्धित प्रतिबेदनहरू बर्षेनि प्रस्तुत गरिरहेका छन् । आधुनिक दास बनाउन समेत अहिले मानव बेचबिखन तथा तस्करी हुन थालेको पाइन्छ । आधुनिक दासलाई आफू बेचिएको महसुस गर्न बर्षौ लाग्ने गर्दछ अथवा स्वेच्छाले स्विकार गरेको श्रमको प्रकृति बधुवा मजदूरजस्तो रहेको महसुस भएपनि उन्मुक्ति पाउन सकिरहेको हुँदैन ।

नेपालबाट बर्षेनि वैध एवं अवैध मार्गबाट मानव तस्करी भइरहेको घटना बाहिर आउने गरेका छन् । बेचबिखनका लागि मानव तस्करीको आधुनिक रूप हालका दिनमा हेर्न सकिन्छ । विभिन्न पत्रपत्रिकामा सँगै क्यानाडा, अमेरिका, युरोप, जापान लग्ने, बिदेशमा बस्ने युवकसँग बिवाह गर्ने केटी चाहियो भन्ने किसिमका बिज्ञापन दिनहुँ हेर्न सकिन्छ । केही बिज्ञापन सत्य भएको हुनसक्ने आधार भएपनि अधिकांश शंकाको घेरामा रहने गर्दछ तर यस बिज्ञापनमाथि विश्वास गरेर बेचिएका घटना बाहिर नआएका भने होइनन । तथापि पत्रपत्रिका र सामाजिक संजालहरूमार्फत समेत मानव बेचबिखनको अपराध हुने गरेको छ ।

बैदेसिक रोजगारको लागि वैधमार्गबाट सम्बन्धित देशमा नै मानवको बेचबिखन गर्ने गरिएको उजुरी नेपाल प्रहरीमा पर्ने गरेको छ । अर्कोतर्फ अवैध मार्ग भएर भारत एवं भारतबाट अन्य देशमा मानव तस्करी भई बेचबिखन भइरहेको विषयमा पटक पटक आमसंचारमाध्यम बहस हुनुका साथै राष्ट्रियस्तरमै अभियानहरु चलाउने गरिएको छ । असाक्षरता, विपन्नता र रोजगारीको लोभले कत्तिखेर तस्करको जालमा नेपाली फस्छन्, पत्तो नै पाउँदैनन् ।

प्रत्येक बर्ष झण्डै ३५ हजारभन्दा बढी महिला, पुरुष एवं बालबालिका बेचबिखन भइरहेको बिभिन्न अध्ययनहरुबाट देखिएको नेपाल मानवअधिकार आयोगले २०७६ सालको प्रतिवेदनमा समेत औंल्याएको छ । जसमध्ये बेचबिखन भई पुग्नेहरू भारत, खाडी देश, युरोप,अफ्रिका,अमेरिकालगायत क्षेत्र तथा देशबाट थोरै संख्या मात्र उद्धार हुने गरेका छन् । सुरक्षाकर्मीबाट उद्धार हुने संख्या बढीमा तीनहजार रहेपनि विभिन्न संघसंस्थाहरुले यो संख्या १० हजार पुग्ने गरेको दाबी गर्दै आएका छन् । त्यस्तै भारतीय सुरक्षाकर्मीले समेत बर्षेनि त्यहाँबाट बेचिएका र तस्करी भई पुगेकाहरूको उद्धार गर्दै आएको छ भने भारतस्थित राष्ट्रिय महिला आयोग लगायतका संस्थाहरू यस कार्यको नेतृत्व गर्दै आएका छन् ।

मानवअधिकार आयोगले गतबर्ष प्रकाशन गरेको प्रतिवेदनले झण्डै १५ लाख नेपाली मानव बेचबिखन तथा तस्करीको जोखिममा रहेको उल्लेख गरेको छ । नेपालको सीमानासँग जोडिएको भारत विहार नाकाहरूमा भारतीय सशस्त्र सीमा बलले मानव तस्करी र बेचबिखनबिरूद्ध छुट्टै टोली समेत परिचालन गरेको छ । नेपालको हिमाली र पहाडी क्षेत्रबाट अत्याधिक महिला तथा बालबालिका एवं तराईको क्षेत्रबाट अत्याधिक बालक तथा पुरुष तस्करी भई भारतीय निकृष्ट श्रम बजारमा पुग्ने गरेका छन् ।

नेपालमा हराएका बालबालिका तथा महिला, पुरुषमध्ये बढीमा ५० प्रतिशत मात्र फेला पर्ने गरेको विभिन्न अध्ययनहरुले देखाएको छ । हराएकामध्ये थोरै ब्यक्तिको उद्धार भारतबाट हुने गरेको पाइन्छ । त्यही नेपालमा तस्करी एवं बेचबिखन भई आएका भारतीय, बाङ्गलादेशी, बर्मेलीलगायतका बिदेशी नागरिकबारे अध्ययन हुन सकेको देखिँदैन भने नेपालमै नेपालीको बेचबिखन एवं अन्तरजिल्ला मानव तस्करीबारे धेरै अध्ययन हुन बाँकि छ ।

बैदेसिक रोजगारका लागि २०५० सालबाट हालसम्म झण्डै ५० लाख मानिसले श्रमस्वीकृति लिइसकेको बुझिन्छ । अहिले झण्डै बार्षिक ७ लाख ५० हजार मानिसले श्रमस्वीकृति लिन थालेको राष्ट्रिय मानवअधिकार आयोगको अध्ययन प्रतिवेदनमा उल्लेख छ । भारतबाहेकको देशमा काम गर्न श्रमस्वीकृति लिने गरिन्छ । कोभिड१९ को महाप्रकोप शुरु भएपछि भारतबाट नेपाल फर्किनेमा बेचिएका र तस्करी भएकाहरू समेत थिए । तर तथ्यांक राख्न स्थानीय, प्रदेश एवं संघीय सरकारले खासै बास्ता नै गरेनन धेरै श्रमिक निकृष्ट श्रमबजारबाट मुक्ति भएको अनुभव गरिरहेका थिए । देशमै रोजगारी श्रृजना नभएपछि तस्करी भई पुगेका निकृष्ट श्रमबजारमा पुनः ती मानिसहरु राजीखुशी नै भारत प्रवेश गरिसकेका छन् । यसरी श्रम, रोजगारका लागि बाध्यतावश बेचिन बाध्य हुनेहरूको तथ्यांकसम्म कसैले संकलन गर्न सकेको देखिएन ।

सीमानाकामा ब्यबस्थित गर्नुभन्दा अवैध ओहरदोहरलाई दुबै देशका सुरक्षाकर्मीले मौन स्वीकृति दिएका छन् । अर्को दुबैदेशका सरकार यो अवैध आवागमनमार्फत हुने तस्करी र मानव बेचबिखनको घटनालाई कम प्राथमिकतामा राखेको देखिएको छ । बाध्यतावश तस्करको चुंगलमा परेर अमेरिका, युरोपसहितका देशमा आधुनिक दास बन्न चाहनेहरूको कथा नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोको आधिकारिक समाजिक संजालको पृष्ठमार्फत पढ्न सकिन्छ । त्यस्तै ब्यूरोले दैनिक जसो मानव बेचबिखन र तस्करीबिरुद्धको घटना र अनुसन्धानबारे सूचना प्रकाशित गर्दै आएको छ । अधिकांश घटनामा पीडकको सही बिवरण आउन सकेको हुँदैन ।

सुरक्षाकर्मी एवं गैरसरकारी संस्थाहरूमार्फत हुने उद्धारपछि न्यायका लागि पीडितपक्षले उजूरी दिनेको संख्या समेत न्यून छ । देशभरबाट बर्षेनि तीन/चारसय उजूरीमात्र प्रहरीमा आउने गरेको देखिन्छ । पीडित महिला, पुरुष अथवा बालबालिकाले मुख्य पीडकको यकिन गर्न नसक्नु एवं अनुसन्धान र न्यायिक निकायबाट कुनै किसिमको सहायता प्राप्त गर्न नसक्नुले दोषी खुल्ला रुपमा बेचबिखन र तस्करीको संजाल चलाइरहेको पाइन्छ ।

देशभित्रै लागूऔषध, यौनजन्य, नक्कली नोट, हतियारसहितका अपराधभित्र मानव बेचबिखन एवं तस्करीको खोजिनुका साथै मनोरंजन, निकृष्ट श्रम, मानव अंगतस्करीसहितको क्षेत्रमा हुने गरेका मानव बेचबिखनको घटनालाई गंभिरताका साथ हेर्नु आवश्यक छ । त्यस्तै पीडितको न्यायमुखि बनाउन मानव बेचबिखन नियन्त्रण ऐन, बैदेसिक रोजगार ऐन, बाल अधिकार ऐनको बीचमा तालमेल हुनु आवश्यक छ । त्यस्तै वडास्तरमा मानवअधिकार प्रवर्द्धन समिति र स्वदेश एवं विदेशमा रोजगारी गर्न जाने एवं हराएका मानिसको तथ्यांक राख्न जरूरी छ ।

मानव बेचबिखन रोक्ने, दबाउने तथा सजाय गर्ने सम्बन्धि संयुक्त राष्ट्रसंघीय अन्तरदेशीय संगठित अपराध सम्बन्धि आलेख २००० पालेमो प्रोटोकल तथा आप्रवासी कामदार एवं तिनीहरूको परिवारको अधिकार संरक्षण सम्बन्धि महासन्धि १९९० को अनुमोदन भए पीडितपक्षले न्याय पाउने आशा गर्न सकिन्छ । ***(मधेश दर्पण फिचर सेवा)***

# सफलता चुम्ने ११ तरिका

१८ दिनको युद्धमा १० दिनसम्म एक्लै घमासन युद्ध गरेर भीष्मले पाण्डव पक्षलाई व्याकुल गरिदिए र अन्तमा शिखण्डीको माध्यमले आफ्नो मृत्युको उपाय स्वयं बताएर महाभारको यो अद्भूत योद्धाले बाणमाथि शयन गरे । उनी बाणको शैय्यामा शयन गरेपछि युद्ध ८ दिनसम्म चल्यो । तर भीष्म पितामहले शरीर त्याग गरेका थिएनन् किनभने जब सूर्य उत्तरायण हुन्छ तबमात्रै आफूले शरीर त्याग गर्ने बताए । भीष्म पितामह बाणको शय्यामा ५८ दिनसम्म रहे । त्यसपछि उनले शरीर त्याग गरेका थिए, उनले देह त्याग गर्दा माघ महिनाको शुक्ल पक्ष थियो । उनले यतिबेला जुन शिक्षा दिए त्यसबारे हामीले सिक्नुपर्ने ११ कुराबारे जानकारी लिऔं ।

१. यस्तो वचन बोल्नुहोस् जुन अरुलाई प्यारो लागोस् । अरुलाई तथानाम भन्नु, निन्दा गर्नु, रुखो बचन बोल्नु, यो सबै त्याग्नुको योग हो । अरुको अपमान गर्नु अहंकार र दम्भ हो । यो अवगुण हो ।
२. त्याग बिना केही पनि प्राप्त हुँदैन । त्याग बिना परम आदर्श सिद्धि हुँदैन । त्याग बिना मनुष्य भयबाट मुक्त हुन सक्दैन । त्यागको सहायताले मनुष्यले हरेक प्रकारको सुख प्राप्त गर्न सक्छ ।
३. सुख दुई प्रकारका मनुष्यले पाउँछन् । ती जो सबैभन्दा बढी मूर्ख छन्, दोस्रो उनीहरु जसले बुद्धिको प्रकाशमा तत्व देखेका छन् । जो मानिसहरु बीचमा लटि्करहेका छन्, उनीहरु दुःखी हुन्छन् । ती पुरुष सुखी हुन्छन् जसले मनलाई सामान्यवस्थामा राख्छन्, जसले व्यर्थको चिन्ता गर्दैनन् । जसले सत्य बोल्छन् । जो सांसारिक पदार्थको मोहमा फस्दैनन्, जसलाई कुनै काम गर्नका लागि विशेष चेष्टा हुँदैन ।
४. जो पुरुष आफ्नो भविष्यमाथि अधिकार राख्छन् (आफ्नो पथ आफै निश्चित गर्छन्, अरुको कठपुतली बन्दैनन) जसले समयानुसार तुरुन्त विचार गर्न सक्छन् र त्यसमाथि आचरण गर्छन्, त्यस्ता पुरुषले सुख प्राप्त गर्छन् । आलस्यले मानिसलाई नष्ट गरिदिन्छ ।
५. सनातन कालदेखि जब कसैले स्त्रीको अपमान गरेको छ, उसको विनास निश्चित भएको छ । भीष्म पितामहले युधिष्ठिरलाई बताए कि, स्त्रीको पहिलो सुख उसको सम्मान हो । जहाँ स्त्री प्रसन्न हुन्छन्, त्यहाँ मात्रै लक्ष्मीको वास हुनछ । जुन घरमा स्त्रीको सम्मान हुँदैन, उसलाई विभिन्न प्रकारको दुःख दिइन्छ भने उक्त घरबाट लक्ष्मीसहित अन्य देवीदेवता पनि बाहिर निस्कने गर्छन् ।
६. भीष्म पितामहले युधिष्ठिरलाई बताए कि जब नदी पूरा बेगका साथ समुद्रसम्म पुग्छ तब ठूलोभन्दा ठूलो वृक्षलाई आफूसँगै ल्याउँछ । एकपटक समुद्रले नदीलाई सोध्यो कि तिम्रो जल प्रवाह यति तेज र शक्तिशाली छ कि त्यसमा ठूल्ठूला रुख बग्छन् तर साना घाँस, नरम बोटबिरुवालाई बगाउन नसक्नुको कारण के हो ? नदीले भन्यो, 'जब मेरो जलको प्रवाह आउँछ तब नरम बोटविरुवा आफसेआफ झुक्छनन् । तर रुख आफ्नो कठोरताका कारण यस्तो गर्न सक्दैन त्यसलै मेरो प्रवाहले उनीहरुलाई जरैदेखि उखेलिदिन्छ । अतः यदि विपरित परिस्थिती छ भने प्राणी झुक्नुपर्छ ।
७. संसारलाई बुढेसकालले चारैतिरबाट घेरेको छ । मृत्युको प्रहार उनीहरुमाथि भइरहेको छ । दिन जान्छ, रात बित्छ । तिमी किन उठ्दैनौं ? अहिले नै उठ्नुहोस् । समयलाई व्यर्थ नफाल्नुहोस् । आफ्नो कल्याणका लागि केही गर्नुहोस् । तिमीलाई मृत्युले नघिसारेसम्म तिम्रो काम समाप्त भएको हुँदैन ।
८. खाना एक्लै नखानुहोस् । धन कमाउने विचार छ भने कसैलाई साथमा लिनुहोस् । यात्रा पनि एक्लै नगर्नुहोस् । जहाँ सबैजना सुतेका छन्, त्यहाँ एक्लै उठेर नबस्नुहोस् ।
९. श्रेष्ठ र सज्जन ती व्यक्ति हुन्छन् जो अरुलाई धनी देखेर जल्दैनन् । उनीहरुले विद्वानलाई सत्कार गर्छन् र धर्मको सम्बन्धमा प्रत्येक स्थानबाट उपदेश सुन्छ ।
१०. जो मनुष्यले आफूलाई व्यर्थ चिन्तामा राख्छ उसले आफ्नो रङ्ग, आफ्नो सम्पत्ति, आफ्नो जीवन र आफ्नो धर्म पनि नष्छ गरिदिन्छ । जो व्यक्ति शोकबाट बच्छ, उसले सुख र आरोग्यता दुबै प्राप्त गर्छ ।
११. सत्य ब्रह्म हो, सत्य तप हो, सत्यबाट मनुष्य स्वर्ग जान्छ । झुटो अन्धकार जस्तै हुन्छ । अन्धकारमा रहँदा मनुष्य ऊँधो गतीमा जान्छ । स्वर्गलाई प्रकाश र नर्कलाई अन्धकार भनिन्छ । सत्य धर्म सबै धर्मबाट उत्तम धर्म हो । सत्य नै सनातन धर्म हो । तप र योग सत्यबाट नै उत्पन्न हुन्छ ।

## प्रतिगमनको....

कौतुहल र आशंकासमेत थियो । तर, चोलेन्द्र शमशेर राणाले सुशीला कार्की प्रधान न्यायाधीश हुँदा उनीमाथि लगाइएको महाभियोगमा निर्णय गर्दै उनलाई चार दिनभित्रै पुनः प्रधान न्यायाधीशको पदमा पुनर्स्थापित गराएर विधिको शासन र संविधानप्रतिको आफ्नो दृढता प्रमाणित गरेका थिए । यसपल्ट भने उनको र प्रधानमन्त्री ओलीको सम्बन्धका विषयमा धेरै टीकाटिप्पणी भएका कारण फैसला नआउन्जेल एक प्रकारको शंकाको वातावरण थियो । मंगलवार बेलुकी ६ बजे उनको नेतृत्वको सर्वोच्च अदालतको संवैधानिक इजलासले प्रतिगमनकारी निर्णयलाई उल्टाएर जनताको प्रशंसा बटुल्न सफल भएको छ । प्रधान न्यायाधीश राणासहित सर्वोच्चका अन्य न्यायाधीशहरू विश्वम्भरलाल श्रेष्ठ, अनिलकुमार सिन्हा, सपना मल्ल प्रधान तथा तेजबहादुर केसीप्रति पनि लोकतन्त्रवादी शक्ति र विधिको शासनका पक्षधर सम्पूर्ण जनता कृतज्ञ भएका छन् ।

प्रतिनिधि सभाको विघटनसँगै प्रधानमन्त्री ओलीले असंवैधानिक ढंगले ल्याएको अध्यादेशका आधारमा विभिन्न संवैधानिक अंगमा नियुक्त भएका पदाधिकारीहरूको पनि पदमुक्त हुने अवस्था देखिएको छ । यसरी पछाडिको ढोकाबाट अवैधानिक नियुक्ति लिन तयार भएका व्यक्तिबाट संवैधानिक अंगहरूमा खटनपटन हुनु पनि आफैँमा अत्यन्त खेदजनक अवस्था हो । सर्वोच्च अदालतले सो विषयमा पनि अब निर्णय दिन्छ भन्नेमा विश्वस्त हुनसक्ने आधार तयार भएको छ । प्रतिनिधि सभा विघटन गर्दा पनि राजीनामासमेत नगरी बसेका प्रधानमन्त्री केपी शर्मा ओलीको भाग्य निर्धारण त अब सर्वोच्चले दिएको आदेश अनुरुप १३ दिनभित्र बस्ने प्रतिनिधि सभाको बैठकले अवश्यनै गर्ला । तर, प्रधानमन्त्रीमा यति धेरै अहङ्कार आउनुमा राष्ट्रपति विद्यादेवी भण्डारीको पूर्ण साथ समर्थन पनि कारक देखिन्छ । कुनै पनि कार्यकारी प्रमुखको राजनीतिक कार्यकर्ता देशको सर्वोच्च स्थानमा पुगेको अवस्थामा सो कार्यकारी प्रमुख अधिनायकवादी हुनसक्ने संभावनालाई पनि यो २०७७ सालको राजनीतिक संकटले स्पष्ट संकेत गरेको छ । नेपालका जनता यसपल्ट तुलनात्मक रुपमा ठूलो संख्यामा सडकमा आएका थिएनन् । यसको प्रमुख कारण प्रतिनिधि सभा विघटनको मुद्दा सर्वोच्चमा विचाराधीन हुनु पनि एउटा थियो । तर, प्रधानमन्त्री ओलीले जनताको भावनालाई गलत ढंगले परिभाषित गर्दै आफूले गरेको कार्यलाई अधिकांश जनताको समर्थन रहेको देखाउन भरमग्दुर कोसिस गरेका थिए । प्रधानमन्त्री ओलीको भाषण सुन्न आउने जनताको भिडको तस्बिर ड्रोनबाट समेत खिच्न नसकिने र त्यसका लागि अन्तरिक्षमा क्यामेरा लग्नुपर्ने जस्ता हास्यास्पद र भ्रामक भाषण गर्नसमेत पछि नहटेका ओलीको अत्यन्त लज्जास्पद हार भएको छ । प्रधानमन्त्री ओली आफ्ना आसेपासेलाई जे सुकै गर्न पनि छुट दिएर भ्रष्टाचारबाट कमाएको अकुत सम्पत्ति र सरकारी पदको दुरुपयोग गरी बलपूर्वक सत्तामा बसिरहन सक्छु भन्ने भ्रममा थिए । उनको भ्रमलाई सर्वोच्च अदालतले चकनाचुर बनाइदिएको छ । सर्वोच्च अदालतले अहिले राखेको साखका कारण नेपालमा विधिको शासनले मजबुत जग बनाएको छ । अब कुनै पनि शासक अधिनायकवादी हुन खोज्यो वा कसैले पनि विधिको शासनको विपरीत जान खोज्यो भने जनता सडकमा आएर विरोध जनाउनै नपर्ने बरु त्यसको कानुनी उपचार पाइने जुन आत्मविश्वासको अवस्था सिर्जना भएको छ त्यसले देशको अग्रगामी कदम थप अघि बढाएको छ । सर्वोच्च अदालतका पूर्वप्रधान न्यायाधीशहरू अनुपराज शर्मा, मिनबहादुर रायमाझी, कल्याण श्रेष्ठ तथा सुशीला कार्कीले संयुक्तरुपमा प्रधानमन्त्री ओलीको कदम गैरसंवैधानिक भएको अभिव्यक्ति दिएर पनि सर्वोच्चले अब कस्तो बाटो लिनुपर्छ भन्ने अनुमान गर्न सशज बनाएका थिए । यसरी पूर्वप्रधान न्यायाधीशहरूसमेत पूर्वक्रियाशील हुनुपर्ने निर्णय लिने प्रधानमन्त्री ओलीको घमण्ड फागुन ११ गतेको सर्वोच्चको निर्णयले चकनाचुर पारिदिएको छ । अबको अवस्थामा प्रधानमन्त्रीले तुरुन्त राजीनामा दिनुको कुनै विकल्प देखिँदैन । नैतिकताको कुनै मानकलाई मान्ने हो भने राष्ट्रपतिले पनि आफैँले पदबाट राजीनामा दिए बेइज्जतीपूर्ण बर्हिगमनको बाटो हिंडनु पर्ने थिएन । बाह्रखरीबाट

## अब....

अविश्वासको मतमार्फत हटाउने प्रयास हुने अवस्था छ । ओली नेकपाको संसदीय दलका नेता भै प्रधानमन्त्री रहेको अवस्थामा नेकपाले संसदीय दलको नेताबाट ओलीलाई हटाउन सक्ने अवस्था पनि विद्यमान रहेको बताइन्छ । ओलीले राजीनामा नगर्ने संकेत उनका निकटवर्तीहरुले गर्न थालेका छन् । यस्तो अवस्थामा राजनीति जता पनि जान सक्ने भनी विश्लेषण हुन थालेको छ ।

राजनीतिक दलसम्बन्धी ऐनको दफा ३३ को उपदफा ३ मा निर्वाचन आयोगबाट मान्यता प्राप्त गरेको मितिले पाँच वर्षसम्म त्यस्तो दलबाट छुट्टिएर अर्को दल गठन हुन सक्ने छैन भन्ने उल्लेख भएकाले नेकपामा कानूनी रूपमा विभाजन अहिले अलि जटिल देखिएको छ । यस्तो अवस्थामा २०७५ साल जेठ ३ गते तात्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) काबीच भएको एकताबाट बनेको नेकपा २०८० साल नभई कानूनतः फुट्न मिल्दैन । यसको विकल्पमा दल विभाजनका लागि दलको केन्द्रीय कमिटी र संसदीय दलमा ४० प्रतिशत सांसद हुनैपर्ने प्रावधान छ । यी प्रावधानले ओलीलाई दल विभाजन गर्नका लागि आवश्यक संख्या पुऱ्याउन कठिन अवस्था रहेको छ । अहिले ओली समूहसँग संसदीय दलमा करिब ४७ प्रतिशत सांसद रहे पनि केन्द्रीय कमिटीमा ओलीको पक्षमा ४० प्रतिशत संख्या पुग्ने देखिएको छैन ।

प्रतिनिधिसभा विघटनको निर्णय भएको दिन नेकपाका सांसदहरुको एक सय ७४ सांसदमध्ये दाहाल नेपाल पक्षमा ९१ जना तथा ओली समूहमा ८१ देखिएका थिए । यसैगरी वामदेव गौतमको पक्षमा दुईजना रहेको अवस्थामा ओलीले फेरि संसदीय दलको नेता बन्ने अवस्था देखिन्न । यस्तो अवस्थामा ओलीले अध्यादेशमार्फत त्यसलाई संशोधन गरी आफू अनुकुलको व्यवस्था मिलाई छुट्टै दलको मान्यता लिएर प्रधानमन्त्रीका लागि अन्य दलसँग सहकार्यको प्रस्ताव गर्न सक्ने ठाउँ भने देखिन्छ ।

नेकपामा विधिवत विभाजन आएको अवस्थामा भने नेकपा (दाहाल-नेपाल) समूह र कांग्रेस मिलेर सरकार बनाउन सक्ने अवस्था एउटा विकल्पको रुपमा रहेको छ । यो समीकरणमा जनता समाजवादी पार्टी पनि मिसिएर दुई तिहाईको बलियो सरकार बनाउन सक्ने अवस्था पनि देखिन्छ । यो संभावना प्रवल रहेको छ किनकि अहिलेको अवस्थामा सबै दल ओलीको कदमको विरोधमा उत्रिएकामात्र थिएनन् कि यो विकल्पसहितको तयारीमा मानसिक रुपमा रहँदै आएका थिए । दाहाल-नेपाल समूहमा ९१ सांसद तथा कांग्रेसका ६३ र जसपाका ३४ सांसद गरी एक सय ८८ जना पुग्ने अवस्था छ ।

अर्को विकल्प पनि देखिएको छ । नेकपा विधिवत रुपमा विभाजित भएको अवस्थामा ओली समूह र कांग्रेस मिलेर पनि सरकार बनाउन सक्ने संख्या पुग्ने देखिन्छ । ओली खेमाको ८१ सांसद र कांग्रेसको ६३ गरेर एक सय ४४ जना हुँदा पनि सरकार बनाउन सक्ने अवस्था रहन्छ । सरकार बनाउन एक सय ३८ सांसदको समर्थन आवश्यक पर्ने अवस्था तथा नेकपाका आएको विभाजनको स्थितिमा कांग्रेसबिनाको सरकार बन्न असंभवप्रायः देखिन्छ ।

प्रधानमन्त्री ओलीसँग हालको स्थितिमा नैतिकताको आधारमा राजीनामा नदिएको अवस्थामा पनि एक महिना बढी समय प्रधानमन्त्रीका रुपमा रहने अवस्था भने प्राविधिक रुपमा रहेको देखिन्छ । अदालतको फैसला अनुसार १३ दिनभित्र अर्थात अर्थात यही २४ गतेभित्र प्रतिनिधिसभाको बैठक बोलाउने तथा उक्त बैठकमा अविश्वासको प्रस्ताव आएमा ३० दिन भित्र त्यसको छिनोफानो गर्नुपर्ने हुन्छ । यक्तिका समय रहँदा विभिन्न किसिमका दाऊपेज भने हुने तथा रात रहे अग्राख पलाउने स्थिति भने कायमै रहने देखिन्छ । यसबीचमा राष्ट्रपति शासनदेखि संकटकाल लगाउने सम्मका विषय विकल्पका रुपमा रहने स्थिति छ । इखालु स्वभावका ओलीले जुनसुकै विकल्पलाई प्रयोग गर्न बाँकी नराख्ने अवस्था भने छ ।

## दाङमा....

कांग्रेसमा विताउने निर्णय गरेका हुन् । त्यसरी प्रवेश गर्नेहरुलाई कांग्रेसका केन्द्रीय सदस्य एवम् पूर्वसांसद योगेन्द्र चौधरीले स्वागत गरेका थिए ।

रमेश फुङ्जा मगरको नेतृत्वमा प्रवेश गरेका हुन् । नवप्रवेशीहरूले कम्युनिष्टहरूको हैसियत र अवस्था विगतका तीन वर्षमा देखिएको भन्दै झुठो कुरा गर्नेहरूको पछाडि नलाग्ने बताएका छन् । सोही अवसरमा कांग्रेस राप्ती गाउँपालिकाका सभापति दुर्योधन पाण्डेले कम्युनिष्टहरूप्रति वितृष्ण भएर नेकपाका गाउँका कार्यकर्ताहरू विकासका लागि कांग्रेसमा समाहित हुनु मुलुककै लागि हितकर भएको बताएका थिए ।

उता केन्द्रीय सदस्य चौधरीले कांग्रेसले कुनै पनि कुरा झुठ नबोल्ने भन्दै गाउँको विकासका लागि इमान्दार भएर लाग्ने प्रतिबद्धता जाहेर गरेका थिए । उनले आश्वासन भन्दा पनि यथार्थ कुरालाई नेपाली जनताले बुझ्दै गएको बताउँदै नवप्रवेशीहरुलाई उनीहरुको योग्यता, क्षमता, क्रियाशीलता आदिलाई आधार मानी कांग्रेसले जिम्मेदारी दिने पनि बताएका थिए ।

उक्त वडा नं. ९ मा पाँच सय ७५ मतदाता रहेको अवस्थामा गत स्थानीय तहको निर्वाचनमा कांग्रेसका वडाध्यक्षका उम्मेदवारले एक सय ६० मत पाएका थिए । यसैगरी तात्कालीन नेकपा (माओवादी केन्द्र) का वडाध्यक्षका उम्मेदवारले करिव दुई सय मत पाएका थिए । यसरी दुई सय १० जना कांग्रेसमा प्रवेश गरेपछि वडाका आधाभन्दा धेरै मतदाताहरू कांग्रेसको पक्षमा रहने अवस्था आएको भनी आंकलन गरिएको छ ।

## राजीनामाको....

पक्षमा सर्वोच्च अदालतमा बहस गरेका थिए । प्रधानमन्त्री ओलीको उक्त कदमलाई अदालतले उल्ट्याइदिँदा महान्यायाधीवक्तामाथि पनि नैतिक प्रश्न उठेको स्थितिमा उनको राजीनामाको कुरा विभिन्न संचारमाध्यममा आएको थियो ।

## जसपामा....

उपेन्द्रलाई साथ दिएपछि ठाकुर पनि आफ्नो अनुकुलको वातावरण बनाउन लागि परेको समाचार स्रोतको दाबी छ । कब्जा गर्ने होडमा महन्थभन्दा उपेन्द्र अघि देखिएका छन् । उनले तात्कालीन राजपाका अध्यक्ष मण्डलभित्रै विवाद उत्पन्न गराई उनीहरुका बीचमा 'फुटाऊ र राज गर' भन्ने मान्यतालाई स्थापित गर्ने प्रयास गरिरहेको बताइन्छ । राजकिशोर यादवलाई पाखा लगाउने गरी महेन्द्र प्रसाद .यादवलाई उपेन्द्रले प्रयोग गरेको जानकारी पाएका राजकिशोर अहिले आएर निस्क्रिय जस्तो देखिएका छन् । उनी सार्वजनिक कार्यक्रममा मात्र नभई दलको कार्यालयमा समेत जान छाडेको बताइएको छ ।

समायोजनको लागि निर्देशिका तथा कार्यदल तोकिए पनि कार्यदलले जिल्ला तथा प्रदेश समिति समायोजन गर्न सकेको छैन । तराईका २१ जिल्ला तथा सातवटा प्रदेश समिति समायोजन गर्न कार्यदल गठन गरिएको हो । मङ्सिर मसान्तसम्म समायोजन गर्न समय तोकिएको थियो । उक्त समयमा समायोजन हुन नसकेपछि माघ मसान्तभित्र समायोजन गर्न अर्को समय तोकिंदा पनि समायोजन हुनुको साटो निर्देशिकाको विषयमा विवाद उत्पन्न हुन पुगेको छ । निर्देशिकामा २०७४ को प्रतिनिधि सभाको निर्वाचनमा तत्कालीन राजपा र समाजवादीले प्रत्यक्ष तथा समानुपातिक निर्वाचनमा ल्याएको मतको परिणामको आधारमा समायोजन टुङ्गो लगाउनु पर्ने छ भनी मापदण्ड बनाइएपछि त्यसै कुरालाई लिएर विवाद उत्पन्न हुन पुगेको हो । तात्कालीन राजपाका नेताहरू समानुपातिक मतलाई मात्र आधार बनाउनु पर्ने पक्षमा तथा तत्कालीन समाजवादीका नेताहरू प्रत्यक्ष निर्वाचनलाई पनि आधार बनाउनु पर्ने पक्षमा रहेका कारण समस्या झनै बढेर गएको अवस्था छ ।

## वामदेवलाई....

सकिने र त्यसबारे छलफल चलाउन दाहालसँग आग्रह गरे पनि अहिलेको अवस्थामा ओलीसँग सहकार्य गर्न नसकिने भनी दाहालले भनेको पनि समाचार स्रोतले दाबी गरेको छ ।

नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीसँग गोप्य भेटवार्ता गर्दै आएका भन्ने आरोप लाग्दै आएका गौतमले चीनको दबाबमा काम गर्ने गरेको आरोप लाग्ने गरे पनि गौतमले भने त्यसमा कुनै सत्यता नरहेको भन्ने गरेको पनि समाचार स्रोतले बताएको छ । चीनले नेकपाका नेताहरूलाई मिल्न दबाब दिँदै आएको मात्र नभई विभाजित अवस्थामा रहँदा पनि चीनले विभिन्न प्रयासहरु गर्दै आएको थियो ।

नेपालको राजनीतिमा भारतीय हस्तक्षेप बढ्ने गरेको भन्ने कुरा चर्चामा चलिरहँदा चीन पनि पछिल्लो अवस्थामा यस मामिलामा झनै सक्रिय बनेको छ । खासगरी कम्युनिष्ट नाम भएको दलको सरकार नेपालमा बनोस् र उसैको आडमा नेपालमा चलखेल गर्न पाइयोस् भन्ने आसयका साथ चीनले कार्य गर्दै आएको छ । चीनले भारतीय दबाबलाई रोक्न पनि नेपालमा कम्युनिष्ट नामधारी सरकार रहिरहनु आफ्ना लागि हितकर हुने ठान्दै आएको छ । यस्तो स्वार्थमा लागेको चीनले पछिल्लो समय गौतमलाई प्रयोग गर्न थालेको पनि चर्चा चलेको हो ।

## पूर्वसांसदको....

सुकुम्वासी समस्या समाधान आयोग रुपन्देहीको अध्यक्ष, राष्ट्रिय सहकारी बोर्डको उपाध्यक्षलगायत विभिन्न पदमा कार्य गरेका थिए । उनका श्रीमती, एक छोरा र एक छोरी छन् ।

## जलहरी....

परापूर्वकालमा त्यो जलहरी तामाको रहेको बताउँदै धार्मिक हिसाबले तामाकै राखिनु उचित हुने तर चाँदीको ठाउँमा सुनको भने राखिनै नहुने भनी भन्दै आएका छन् । यस्तो अवस्थामा कानूनी उपचार पनि खोजिएको अवस्था छ ।

एक सय आठ किलोको सुनको जलहरी अर्पण गर्दा करिब ८० करोड रुपियाँ खर्च भएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।

## दैला....

मुलुकको पक्षमा सही निर्णय गर्नका लागि आफ्नो दलको बैठक डाक्ने तथा निर्णय गर्ने भनी भनेको पनि बताइएको थिए । उनीहरुले पनि छलफललाई सकारात्मक रुपमा लिँदै मुलुकको पक्षमा सही निर्णय गर्नका लागि आफ्नो दलको बैठक डाक्ने तथा निर्णय गर्ने भनी भनेको पनि बताइएको छ । प्रतिनिधिसभामा जसपाका ३४ जना सांसद रहेका छन् भने हरिनारायण रौनियार र रेशम चौधरी निलम्बनमा परी मतदान गर्नबाट बंचित हुने अवस्थामा छन् ।

## काँग्रेस....

कांग्रेसको अबको प्राथमिकता हिन्दूराष्ट्र नै हुने दाबी पनि गरे ।

सो कार्यक्रममा सहभागीहरुले हिन्दूराष्ट्रका लागि अबको एकमात्र विकल्प भनेको जनमत संग्रह नै रहेको कुरामा सहमति पनि जनाएका थिए । आयोजक संस्था विश्व हिन्दू महासंघ कास्कीका अध्यक्ष पार्वता पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस नेता लालगोपाल अर्याल, महासंघका केन्द्रीय उपाध्यक्ष शंकर खराल र महासंघ कास्कीका सचिव कमल पौडेलले पनि आ-आफ्नो धारणा राखेका थिए ।


जथाभावी आगो बाल्दा हुनसक्ने आगलागीका दुर्घटनाहरुबारे सचेत गराउने र यस्ता कुराहरुबाट सजग रहन केटाकेटीमा जनचेतना जगाउने कार्यमा सहयोग गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
संचारग्राम, काठमाडौं

फर्निचर चाहिएमा हामीलाई सम्झनुहोस्

- काठमाडौं उपत्यकाका कुनै पनि ठाउँमा काठका फर्निचर चाहिएमा हामीलाई सम्झिनुहोस् । हामी ग्यारेन्टीका साथ तपाईलाई सेवा दिन तयार छौं ।
- कार्यालय होस् वा घर जहाँ पनि फर्निचर चाहिएमा हामीलाई सम्झिनु भएमा हुन्छ ।
- सोफा सेट, टेबल, कुर्सी, पलङ आदि जुनसुकै खालका काठका फर्निचरहरु हामीसँग छन् । उचित मूल्यमा हामी सेवाका लागि हाजिर छौं ।

त्रिपुरा ट्रेड लिंक
अनामनगर, काठमाडौं, सम्पर्क : गणेशजी (९८५११३७१८७)


Chief-Editor/Publisher : Koushal K. Bhattarai, Editor : Krishna Lamsal, Executive Editor : Piamani Bhattarai, Legal Advisor : Advocate Hari Sharan Jamakatel
Main Office : Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu, Phone :- 977-1-4267064, Email : nayabimarsha@gmail.com, Press :- Dhimle Offset Press, Kathmandu .